सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

७ माघ २०८०, आइतबार (21 Jan 2024, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २७२ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

मिटरब्याजविरुद्धको उजुरी छानबिन गर्न प्रशासनको ढिलासुस्ती

न्याय नपाएको भन्दै पीडित खोसिएको घर प्रवेश



जिल्ला प्रशासन कार्यालयले दशौँपल्ट छलफल हुँदासमेत निर्णय दिन नसकेको भन्दै मिटरब्याजविरुद्धको संघर्ष समितिको अगुवाइमा शनिबार साहुकारले जालझेल गरेर आफ्नो नाममा लिएको घर खाली गराएर पीडितलाई प्रवेश गराइएको छ। लहान नगरपालिका- ७ का रामबाबु महतोले जालझेल गरेर १० धुर जग्गा र दुईकोठे पक्की घर हत्याएको आरोप लगाउँदै समितिले मिटरब्याजपीडित श्याम विश्वकर्मा र उनका परिवारलाई घर प्रवेश गराएको हो।

(विस्तृत पृष्ठ ३)

नयाँ पत्रिका Lifestyle



चिसोमा आवाज बिग्रन नदिन के गर्ने ?

डाक्टरको सल्लाह

डा. सुवास खड्का
नाक, कान, घाँटी रोग विशेषज्ञ
एभरेस्ट अस्पताल

दुर्घटना न्युनीकरण गर्न सात वर्षअघि नै सडक सुरक्षा परिषद् गठन, तर कानुन अझै बनेन

सडक सुरक्षा परिषद्सम्बन्धी विधेयक अर्थबाट फिर्ता



● उमेशविन्दु श्रेष्ठ
प्रवक्ता, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

टेकराज थामी/नयाँ पत्रिका

देशभर प्रत्येक वर्ष हुने २४ हजार चार सय सवारी दुर्घटनामा दुई हजार पाँच सय ५५ ले ज्यान गुमाउँछन्। साथै, मुलुकले प्रत्येक वर्ष कम्तीमा १६ अर्ब आर्थिक क्षति व्यहोर्छ। क्षतिको भयावह विवरण विश्लेषणपछि सरकारले सात वर्षअघि सडक सुरक्षा परिषद् गठन गऱ्यो। तर, हालसम्म पनि कानुन बन्न नसक्दा र बजेट अभावमा परिषद् अलपत्र छ।

> सवारी दुर्घटना हुँदा प्रत्येक वर्ष कुल राष्ट्रिय उत्पादनमा ४ प्रतिशत नोक्सानी


सडक सुरक्षासम्बन्धी राष्ट्रिय लक्ष्य, उद्देश्य, नीति तथा रणनीति बनाई दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले तत्कालीन मन्त्रिपरिषद्ले ०७३ पुसमा सडक सुरक्षा परिषद् गठन गरेको थियो। तर, त्यसपछिका कुनै पनि सरकारले परिषद्

» पृष्ठ ११ मा क्रमशः

हरेक वर्ष २४ हजारभन्दा बढी दुर्घटना, करिब २५ सयले गुमाउँछन् ज्यान

आर्थिक वर्ष ०७८/७९ मा २४ हजार ५३७, ०७९/८० मा २३ हजार ५९७ र ०८०/८१ को मंसिरसम्म १० हजार ७४५ सवारी दुर्घटना भए

■ पछिल्लो दुई वर्ष पाँच महिनाको तथ्यांक



■ प्रस्तावित विधेयकमा सडक सुरक्षा परिषद्बारे के छ ?

भौतिक मन्त्रालयले तयार पारेको विधेयकमा परिषद्को नेतृत्व भौतिक तथा यातायात मन्त्रालयका मन्त्रीले गर्ने भनिएको छ। जसमा सदस्य सोही मन्त्रालयका सचिवसहित अर्थ, स्वास्थ्य, गृह, सहरी विकास र शिक्षा मन्त्रालयका सचिव रहने भनिएको छ। त्यसबाहेक सडक सुरक्षाको क्षेत्रमा विज्ञता हासिल गरिएको एक विज्ञ पनि सदस्य रहने भनिएको छ। परिषद्ले गर्ने मुख्य काम सडक सुरक्षासम्बन्धी राष्ट्रिय लक्ष्य, उद्देश्य, नीति तथा रणनीति निर्धारण गर्ने, सडक सुरक्षासँग सम्बन्धित प्रचलित कानुनको प्रभावकारी कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहसँग समन्वय गर्ने, सडकको प्रकृति र प्रकारबमोजिम सडक दुर्घटना रोकथाम र न्यूनीकरणका उपाय सम्बन्धित तहलाई लागू गर्न सिफारिस गर्ने, सडक सुरक्षासँग सम्बन्धित प्रचलित कानुनमा गर्नुपर्ने सुधारबारे नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई सिफारिस गर्ने भनिएको छ।

■ संसद्को विकास समितिले दिएको सुझाव

०७४ मा तत्कालीन विकास समितिमातहत भएको उपसमितिले सडक दुर्घटना न्यूनीकरणका लागि सुझाव दिएको थियो। समितिले नेपालमा सडक सुरक्षा परिषद्को गठन अनिवार्य गरिनुपर्ने, हरेक प्रदेशमा कम्तीमा एउटा ट्रमा सेन्टर हुनुपर्ने, तराईका राजमार्गमा हरेक सय किमि र पहाडका राजमार्गमा हरेक ५० किमिमा आकस्मिक उद्धार सेवा स्थापना गरिनुपर्ने, दुर्घटनापछि आकस्मिक उपचारका लागि हवाई तथा एम्बुलेन्सको पनि व्यवस्था हुनुपर्ने, सडक सुरक्षा नियमको उल्लंघन गर्नेलाई कडा सजाय हुनुपर्ने र समयसापेक्ष दण्ड-सजायमा पुनरावलोकन हुनुपर्ने सुझाव दिएको थियो। यसबाहेक समितिले सवारीसाधनको नियमित परीक्षण, मर्मतसम्भार हुनुपर्ने, अनुभवी चालक अनिवार्य राखिनुपर्ने, गाडीमा सिटभन्दा बढी यात्रु राख्न नदिने, पुराना सवारीसाधन चलाउन प्रतिबन्ध गरिनुपर्ने, लाइसेन्स वितरण प्रणाली समयसापेक्ष र विश्वसनीय बनाउनुपर्ने र २० वर्षभन्दा पुराना सवारीसाधन विर्सजन गरिनुपर्ने सुझाव दिएको थियो।

दुर्घटनापिच्छे समिति

कार्यान्वयन शून्य

१ २० असोज ०७९ मा बारा अमलेखगन्जस्थित ३ नं. पुल पुग्नुभन्दा करिब पाँच सय मिटरअघिको बगरमा ०६-००१ ख ०१० नम्बरको यात्रुबाहक बस दुर्घटना भयो। १८ यात्रुको ज्यान गयो। २९ गम्भीर घाइते बने। प्रहरीले मधेश प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैयाका एसपी नान्दीराज गुरुङको संयोजकत्वमा छानबिन समिति बनायो। समितिले बस दुर्घटना हुनुमा सडकको साँघुरो मोडमा आउने ठूलो ढिस्कोलाई मुख्य कारण देखायो। र, ढिस्को तत्काल काट्न प्रतिवेदनमा उल्लेख गऱ्यो। सँगै सडकको दायाँबायाँ पर्खाल लगाउनुपर्ने, ओरोलो भएको हुँदा सडकमा स्पिड ब्रेकर राखिनुपर्ने सुझाव पनि प्रतिवेदनमा समेटिए। तर, हालसम्म कुनै पनि सुझाव कार्यान्वयन भएका छैनन्।

२ २६ असोज ०७८ मा जुम्ला-मुगु सडकखण्डमा पर्ने पिनातपने खोलामा भे.१ख ३१६७ नं.को बस दुर्घटनामा पऱ्यो। ३२ यात्रुले अनाहकमा ज्यान गुमाए। १३ गम्भीर घाइते भए। दुर्घटनालगत्तै सरकारले प्रदेश ट्राफिक प्रहरी कार्यालयका एसपी वीरेन्द्रवीर विश्वकर्माको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गऱ्यो। समितिले जीर्ण र साँघुरो सडक दुर्घटनाको खास कारण रहेको ठहर गऱ्यो। समितिले प्रतिवेदन सरकारलाई पेस गऱ्यो। त्यो पनि कार्यान्वयन भएन।

३ पूर्वगृहमन्त्री तथा पूर्वमुख्यसचिव माधव घिमिरे पृथ्वी राजमार्गअन्तर्गत चितवनको दाह्रेचोकस्थित घोप्टेभिरमा ९ असोज ०७३ मा दुर्घटनामा परे। उनी चढेको जिप त्रिशूली नदीमा खस्यो। दुर्घटनामा घिमिरेसहित उनका भाइ पनि बेपत्ता बने। घिमिरेकी ८० वर्षीया आमा चैतन्यकुमारी घिमिरे, सुरक्षा गार्ड सशस्त्र प्रहरी नायब निरीक्षक रामचन्द्र कार्की र आफन्त नारायण काफ्लेको दुर्घटनामा मृत्यु भयो। छानबिन गर्न सरकारले नेपाल प्रहरीका पूर्वआइजिपी कुवेरसिंह रानाको संयोजकत्वमा छानबिन समिति बनायो। अध्ययन समितिले सडकछेउमा दुर्घटनामा परेका सवारीसाधान नदीमा खस्न नदिन सडकको किनारमा बलियो संरचना निर्माण गर्न सुझाव दियो, तर अझैसम्म कार्यान्वयनमा आउन सकेन।

४ २० असोज ०७१ मा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका तत्कालीन सचिव सरोज सिटौलाको अध्यक्षतामा अर्को शक्तिशाली समिति गठन भयो। दुर्घटनाको कारण पत्ता लगाउन र न्यूनीकरणका उपाय खोज्न गठित

» पृष्ठ ११ मा क्रमशः

न्यायका लागि बलात्कारपीडितको दुई दशक लामो संघर्ष



मोदी सरकारले दुई वर्षअघि ११ जना बलात्कारका अभियुक्तलाई रिहा गर्न मद्दत गरेको थियो। तर, उनीहरूलाई रिहा गर्दा नियम उल्लंघन भएको सर्वोच्च अदालतले फैसला सुनायो।

(विस्तृत पृष्ठ ७)

ऊर्जामा सहकार्य गर्न नेपाल, भारत र बंगलादेशको संयुक्त कमिटी बनाइँदै

अहिले ऊर्जामा सहकार्य गर्न नेपाल-भारत, नेपाल-बंगलादेश र बंगलादेश-भारतबीच छुट्टाछुट्टै ऊर्जासचिव र सहसचिवस्तरीय संयुक्त कमिटी छ। अब भने नेपाल-भारत-बंगलादेशबीच ऊर्जामा सहकार्य गर्न सचिव र सहसचिवस्तरीय संयुक्त कमिटी बनाउने प्रक्रिया अघि बढाइएको हो।

(विस्तृत पृष्ठ ९)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ मधेशमा शीतलहरको कहर



लहानमा **मणिलाल विश्वकर्मा**

शनिबार बिहान १० बजेको तस्बिर। पुसको तेस्रो सातादेखि बढेको शीतलहर र चिसोले तराई मधेशको जनजीवन प्रभावित बनेको छ। चिसोले वृद्धवृद्धा, बालबालिका, गर्भवती र सुत्केरी महिला बढी प्रभावित छन्। राजमार्गमा यातायातका साधन कम देखिएका छन्, दिउँसै बत्ती बालेर सवारीसाधन चलाउनुपर्ने अवस्था छ। चिसोले बजार क्षेत्रमा चहलपहल घटेको छ। ७ माघसम्मका लागि विद्यालय बन्द गरिएको छ। सिराहाको लहान नगरपालिका, कर्जन्हा र गोलबजार नगरपालिकाले बढी चहलपहल हुने ठाउँमा दाउरा बाल्ने व्यवस्था गरेका छन्। लहान क्षेत्रका जाडो प्रभावितलाई न्यानो कम्बल बाँडिएको छ। जिल्ला विपत् व्यवस्थापन समितिले जाडोबाट प्रभावित गरिब, दलित, असहायको संख्या यकिन गर्ने, स्थानीय तहमा दाउरा तथा न्यानो कम्बलको स्टक जाँच गर्ने गर्ने निर्णय गरेको छ।

वीरका बिरामीको खाना र अक्सिजनको बजेट कटौती नगर्न सर्वोच्चको आदेश



हरि फुँयाल

बालकृष्ण ढकाल

अधिवक्ता विमल पोखरेलले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, अर्थ मन्त्रालय, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान र वीर अस्पतालविरुद्ध हालेको रिटमा शुक्रबार न्यायाधीशद्वय हरि फुँयाल र बालकृष्ण ढकालको संयुक्त इजलासले बिरामीको खाना र अक्सिजनको बजेट कटौती नगर्न अन्तरिम आदेश जारी गरेको छ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

सर्वोच्च अदालतले स्वास्थ्य मन्त्रालयबाट वीर अस्पताललाई प्रदान गर्दै आइरहेको बिरामीको खाना र अक्सिजनको बजेट कटौती नगर्न अन्तरिम आदेश जारी गरेको छ। शुक्रबार न्यायाधीशद्वय हरि फुँयाल र बालकृष्ण ढकालको संयुक्त इजलासले अर्थ मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नाममा आदेश जारी गरेको हो।

अस्पताललाई अत्यावश्यक हुने शीर्षकको बजेट कटौती गरेपछि २६ पुसमा सोविरुद्ध सर्वोच्चमा रिट निवेदन दर्ता भएको थियो। सर्वोच्चले शुक्रबार रिटको सुनुवाइ गर्दै स्वास्थ्य जनताको संवेदनशील विषय भएको हुनाले बजेट नरोक्न आदेश जारी गरेको छ। अधिवक्ता विमल पोखरेलले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, अर्थ मन्त्रालय, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान र वीर अस्पतालविरुद्ध रिट हालेका थिए।

रिट दर्ता भएलगत्तै २८ पुसमा न्यायाधीश बालकृष्ण ढकालको इजलासले दुवै पक्षलाई शुक्रबार बोलाएको थियो। रिटमा स्वास्थ्य मन्त्रालय, अर्थ मन्त्रालय र वीर अस्पतालले विपक्षी बनाइएको थियो। ९ पुसको नयाँ पत्रिका दैनिकमा 'स्वास्थ्य मन्त्रालयले खोस्यो वीरका बिरामीले १३३ वर्षदेखि पाइरहेको खाना-खाजा' शीर्षकको समाचार प्रकाशन भएको थियो । चालू आर्थिक वर्ष ०८०/८१ मा सरकारले वीर अस्पतालमा भर्ना भएका बिरामीले पाउँदै आएको खाजा-खाना सुविधा मात्रै होइन, अत्यावश्यक अक्सिजनसमेत खोस्ने गरी बजेट कटौती गरेको छ ।

माथिल्लो निकायले बजेट नदिएपछि वीर अस्पतालले बिरामीलाई वर्षौंदेखि दिँदै आइरहेको खाना कटौती गर्ने तयारीसमेत गरेको छ। तर, अत्यावश्यक शीर्षकको बजेट कटौती भएपछि विरोध भइरहेको छ। संसद्को सुशासन समितिमा पनि यसको विरोध भएको थियो।

अस्पताल प्रशासनका अनुसार दैनिक औसत पाँच सय बिरामीलाई खाजा-खाना खुवाउँदा मासिक १४ लाख रुपैयाँहाराहारी खर्च हुन्छ। वार्षिक करिब एक करोड ६८ लाख त्यसमा खर्च हुन्छ। वीरमा भर्ना भएका बिरामीलाई ब्रेकफास्ट (बिस्कुट र दूध), बिहानको खाना (दाल, भात, तरकारी र कुखुराको मासु), दिउँसो खाजा (चना, अन्डा र दूध) र बेलुकीको खाना (दाल, भात, तरकारी र रोटी) खुवाउने गरिएको छ।



स्वास्थ्य मन्त्रालयले खोसेको थियो सुविधा

वीर अस्पतालले स्थापनाकाल अर्थात् विक्रम संवत् १९४७ देखि नै बिरामीलाई खाना-खाजाको सुविधा दिँदै आएको छ। नौ सय बेडको वीरमा औसत दैनिक पाँच सय बिरामीलाई खुवाइन्छ। अस्पताल प्रशासनका अनुसार खाजा-खानामा मासिक १४ लाख रुपैयाँ हाराहारी र वार्षिक करिब एक करोड ६८ लाख खर्च हुन्छ। तर, चालू आर्थिक वर्षदेखि बजेटको अभाव देखाउँदै स्वास्थ्य मन्त्रालयले यो शीर्षक नै कटौती गरेको छ।

सरकारले आव ०८०/८१ मा वीरलाई ७३ करोड एक लाख रुपैयाँ मात्रै विनियोजन गरेको छ। यो आवमा रासन तथा

» पृष्ठ ११ मा क्रमशः

सशस्त्र प्रहरीले गऱ्यो १८ सय सीमास्तम्भ मर्मत

आठ हजार ८५३ सीमास्तम्भमध्ये २२ सय नेपालले मर्मत गर्दै

नयाँ पत्रिका

सशस्त्र प्रहरी बलले नेपाल-भारतबीचमा रहेका एक हजार आठ सयभन्दा धेरै सीमास्तम्भको मर्मत तथा रङरोगन गरेको छ। सरकारको निर्णयअनुसार गत १६ कात्तिकदेखि सशस्त्र प्रहरीले मर्मत सुरु गरेको थियो।

साढे दुई महिना अवधिमा एक हजार आठ सयभन्दा धेरै मर्मत भइसकेको र अरू पनि मर्मतका क्रममा रहेको सशस्त्र प्रहरी प्रवक्ता एसएसपी राजेन्द्र खड्काले बताए। नापी विभागका अनुसार दुई देशको सीमामा आठ हजार आठ सय ५३ सीमास्तम्भ छन्।

नेपाल-भारतबीच भएको सहमतिअनुसार सशस्त्र प्रहरीले बिजोर नम्बरका सीमास्तम्भको मर्मत गर्दै आएको छ। जोर नम्बरका

» पृष्ठ ११ मा क्रमशः



सीमा सुरक्षाका 'डेडिकेटेड फोर्स' रहेको सशस्त्र प्रहरीलाई ०७७ साउनमा सरकारले सीमास्तम्भको मर्मतसम्भार तथा पुनर्स्थापनाको जिम्मेवारी दिएको थियो। तर, यससम्बन्धी कार्यविधि नहुँदा काम सुरु हुन सकेको थिएन। यही वर्ष कार्यविधि स्वीकृत भएसँगै मर्मत सुरु भएको हो।

दशगजा खाली गराउने अभियान

५५६ घरटहरा भत्काइयो



सशस्त्र प्रहरीले नेपाल-भारत सीमाको दशगजा क्षेत्र खाली गराउने अभियान चलाइएको छ। जसअन्तर्गत हालसम्म ३८ स्थानमा पाँच सय ५६ घरटहरा हटाएको छ। भारतीय सशस्त्र सीमा बलसँगको समन्वयमा दश गजा क्षेत्र खाली गराउन थालिएको एसएसपी राजेन्द्र खड्काले बताए। जसअन्तर्गत १६.७ किलोमिटर दशगजा खाली गराइएको र दशगजामा पर्ने १३.३२ बिघा जग्गामा खेती गर्न रोक लगाइएको छ। दशगजा क्षेत्रमा दुवै क्षेत्रबाट घर बनाउने तथा खेती गर्ने प्रवृत्ति रहेको गृह मन्त्रालयको रिपोर्ट छ। कतिपयको घर नेपालतर्फ त आँगन भारततर्फ छ। जसले गर्दा सीमामा समस्या भएपछि दशगजा क्षेत्रलाई सशस्त्र प्रहरीले खाली गराउने अभियान थालेको हो।

गणित, अंग्रेजी र विज्ञान विषयमा अतिरिक्त कक्षा सञ्चालन गर्दै काठमाडौं महानगर

काठमाडौं/ काठमाडौं महानगरपालिकाले सामुदायिक विद्यालयको नतिजा सुधारका लागि अतिरिक्त कक्षा सञ्चालन गर्ने भएको छ। सामुदायिक विद्यालयमा अध्ययन गराउने शिक्षकबाटै १० कक्षामा गणित, अंग्रेजी र विज्ञान विषयमा अतिरिक्त कक्षा सञ्चालन गर्न लागेको हो।

यसका लागि महानगरले विद्यालयहरूसँग विवरण माग गरेको छ। कक्षा १० को नतिजा सुधारलाई जोड दिँदै महानगरपालिकाले तीनवटा विषयमा नियमितसँगै थप कक्षा सञ्चालन गर्न थालेको हो। महानगरभित्र रहेका सबै विद्यालयसँग शिक्षक र कक्षा सञ्चालनको पिरियड तालिका माग गरिएको हो। सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको गणित, अंग्रेजी र विज्ञान विषयमा कमजोर नतिजा आउने गरेको छ। यी विषयमा सुधार ल्याउनका लागि महानगरले 'गरिखाने शिक्षा महानगरको इच्छा'अन्तर्गत यो कार्यक्रम सञ्चालन गर्न लागेको हो।

Nabil Bank Limited

Unaudited Financial Results

2nd Quarter of FY 2023-24 (2080-81)

CONDENSED CONSOLIDATED STATEMENT OF FINANCIAL POSITION

As On Quarter Ended 29th Poush 2080

NPR in '000

Particulars	Group		Bank	
	This Quarter Ending	Immediate Previous Year Ending	This Quarter Ending	Immediate Previous Year Ending
Assets				
Cash and Cash Equivalents	8,751,591	6,963,371	8,564,457	6,774,258
Due from Nepal Rastra Bank	17,353,244	25,652,421	17,353,244	25,652,421
Placement with Banks and FIs	13,973,496	13,424,390	13,973,496	13,424,390
Derivative Financial Instruments	7,804,051	3,833,462	7,804,051	3,833,462
Other Trading Assets	113,744	92,810	-	-
Loans and Advances to Banks and FIs	10,858,297	8,283,059	10,858,297	8,283,059
Loans and Advances to Customers	362,876,013	331,123,171	362,876,013	331,123,171
Investment Securities	82,425,357	77,109,537	81,549,087	76,452,985
Current Tax Assets	885,162	-	886,910	-
Investment in Subsidiaries	-	-	1,798,000	1,798,000
Investment in Associates	181,469	179,067	80,000	80,000
Investment Property	1,885,706	1,827,069	1,885,706	1,827,069
Property and Equipment	3,508,187	3,884,183	3,486,139	3,871,273
Goodwill and Intangible Assets	314,605	292,548	307,829	285,455
Deferred Tax Assets	-	-	-	-
Other Assets	8,895,929	7,930,584	7,959,649	7,798,004
Total Assets	**519,826,851**	**480,595,672**	**519,382,877**	**481,203,548**
Liabilities				
Due to Banks and FIs	4,977,440	6,277,712	4,977,440	6,277,712
Due to Nepal Rastra Bank	-	-	-	-
Derivative Financial Instruments	7,753,344	3,812,946	7,753,344	3,812,946
Deposits from Customers	427,189,336	395,199,006	428,830,536	396,843,499
Borrowings	-	-	-	-
Current Tax Liabilities	-	492,879	-	482,352
Provisions	-	-	-	-
Deferred Tax Liabilities	2,847,494	1,908,713	2,859,176	1,918,850
Other Liabilities	11,653,868	8,965,634	10,138,375	8,468,528
Debt Securities Issued	9,509,230	6,486,982	9,509,230	6,486,982
Subordinated Liabilities	-	-	-	-
Total Liabilities	**463,930,713**	**423,143,872**	**464,068,102**	**424,290,869**
Equity				
Share Capital	27,056,997	27,056,997	27,056,997	27,056,997
Share Premium	-	-	-	-
Retained Earnings	1,316,057	3,372,743	1,087,876	3,187,059
Reserves	27,270,576	26,758,784	27,169,902	26,668,622
Total Equity Attributable to Equity Holders	**55,643,630**	**57,188,524**	**55,314,775**	**56,912,678**
Non Controlling Interest	**252,507**	**263,275**	**-**	**-**
Total Equity	**55,896,137**	**57,451,799**	**55,314,775**	**56,912,678**
Total Liabilities and Equity	**519,826,851**	**480,595,672**	**519,382,877**	**481,203,548**

CONDENSED CONSOLIDATED STATEMENT OF PROFIT OR LOSS (For the Quarter Ended 29th Poush 2080)

NPR in '000

Particulars	Group				Bank			
	Current Year		Previous Year Corresponding		Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Interest Income	11,702,630	23,880,988	11,163,455	21,420,062	11,711,904	23,843,745	11,119,802	21,365,107
Interest Expense	7,644,976	15,601,830	6,968,445	13,530,865	7,642,505	15,600,400	6,964,026	13,532,152
Net Interest Income	**4,057,654**	**8,279,158**	**4,195,009**	**7,889,197**	**4,069,399**	**8,243,344**	**4,155,776**	**7,832,956**
Fees and Commission Income	1,025,019	2,001,032	716,344	1,410,202	913,758	1,824,777	928,139	1,587,619
Fees and Commission Expense	188,424	352,863	32,856	67,555	184,772	340,415	273,778	304,852
Net Fees and Commission Income	**836,595**	**1,648,170**	**683,487**	**1,342,647**	**728,986**	**1,484,362**	**654,361**	**1,282,767**
Net Interest, Fees and Commission Income	**4,894,249**	**9,927,328**	**4,878,496**	**9,231,844**	**4,798,384**	**9,727,706**	**4,810,137**	**9,115,722**
Net Trading Income	171,833	274,841	138,851	267,643	128,642	258,459	120,583	256,587
Other Operating Income	24,692	79,110	93,038	145,657	22,660	77,078	88,258	144,006
Total Operating Income	**5,090,774**	**10,281,279**	**5,110,386**	**9,645,145**	**4,949,687**	**10,063,243**	**5,018,977**	**9,516,316**
Impairment Charge/ (Reversal) for Loans and Other Losses	860,124	1,971,791	894,140	1,887,558	860,124	1,971,791	894,140	1,887,558
Net Operating Income	**4,230,651**	**8,309,488**	**4,216,246**	**7,757,587**	**4,089,563**	**8,091,452**	**4,124,838**	**7,628,758**
Operating Expenses								
Personnel Expenses	1,120,475	2,535,892	1,049,973	1,887,009	1,095,760	2,492,446	1,036,973	1,859,266
Other Operating Expenses	498,704	907,935	395,465	790,047	490,709	893,973	393,084	782,019
Depreciation & Amortization	71,402	149,845	65,517	130,451	68,136	143,934	63,431	125,677
Operating Profit	**2,540,070**	**4,715,817**	**2,705,291**	**4,950,079**	**2,434,958**	**4,561,100**	**2,631,350**	**4,861,796**
Non-Operating Income	4,982	27,922	(17,478)	29,982	2,580	24,631	6,154	20,719
Non-Operating Expense	63,951	63,981	-	-	63,951	63,981	-	-
Profit Before Income Tax	**2,481,102**	**4,679,759**	**2,687,813**	**4,980,062**	**2,373,587**	**4,521,750**	**2,637,504**	**4,882,515**
Income Tax Expense	**662,234**	**1,351,624**	**811,490**	**1,489,440**	**639,808**	**1,318,671**	**791,343**	**1,464,817**
Current Tax	663,780	1,352,777	803,048	1,480,336	639,808	1,318,671	791,343	1,464,817
Deferred Tax	(1,546)	(1,153)	8,443	9,104	-	-	-	-
Profit /(Loss) For the Period	**1,818,868**	**3,328,134**	**1,876,323**	**3,490,622**	**1,733,779**	**3,203,079**	**1,846,161**	**3,417,698**

CONDENSED CONSOLIDATED STATEMENT OF COMPREHENSIVE INCOME (For the Quarter Ended 29th Poush 2080)

NPR in '000

Particulars	Group				Bank			
	Current Year		Previous Year Corresponding		Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Profit /(Loss) For the Period	1,818,868	3,328,134	1,876,323	3,490,622	1,733,779	3,203,079	1,846,161	3,417,698
Other Comprehensive Income	294,482	(205,538)	381,198	102,606	293,021	(204,613)	380,184	102,606
Total Comprehensive Income	**2,113,349**	**3,122,596**	**2,257,521**	**3,593,228**	**2,026,800**	**2,998,466**	**2,226,345**	**3,520,304**
Basic Earnings Per Share		24.67		25.87		23.74		25.33
Diluted Earnings Per Share		24.67		25.87		23.74		25.33
Profit Attributable To:								
Equity holders of the Bank	2,100,366	3,100,964	2,245,712	3,575,381	2,026,800	2,998,466	2,226,345	3,520,304
Non - controlling interest	12,983	21,632	11,808	17,847	-	-	-	-
Total	**2,113,349**	**3,122,596**	**2,257,521**	**3,593,228**	**2,026,800**	**2,998,466**	**2,226,345**	**3,520,304**

RATIOS AS PER NRB DIRECTIVE (%)

Particulars	Group				Bank			
	Current Year		Previous Year Corresponding		Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Capital Fund to RWA		11.68		12.60		11.54		12.43
Gross Non-Performing Loan (NPL)		3.80		2.98		3.80		2.98
Net Non-Performing Loan (NPL)		1.20		1.46		1.20		1.46
Total Loan Loss Provision to Total NPL		106.66		100.21		106.66		100.21
Costs of Funds		7.25		8.42		7.25		8.42
Credit to Deposit Ratio		84.95		88.91		84.95		88.91
Base Rate		9.07		10.10		9.07		10.10
Interest Rate Spread		4.00		4.48		4.00		4.48

STATEMENT OF DISTRIBUTABLE PROFIT OR LOSS (For the Quarter End of Poush 2080)

NPR in '000

Particulars	Current Year	Previous Year
	Upto this Qtr YTD	Upto this Qtr YTD
Net profit or (loss) as per statement of profit or loss	**3,203,079**	**3,417,698**
Appropriations		
a. General Reserve	(641,000)	(684,000)
b. Foreign Exchange Fluctuation Fund	(11,900)	(20,000)
c. Capital Redemption Reserve	(461,703)	(461,703)
d. Corporate Social Responsibility Fund	(32,031)	(34,177)
e. Employees' Training Fund	-	-
f. Other	(1,000)	(692)
Profit or (loss) before regulatory adjustment	**2,055,445**	**2,217,125**
Regulatory Adjustment:		
a. Interest receivable (-)/previous accrued interest received (+)	(1,048,960)	(1,026,621)
b. Short loan loss provision in accounts (-)/reversal (+)	-	-
c. Short provision for possible losses on investment (-)/reversal (+)	-	-
d. Short loan loss provision on Non Banking Assets (-)/reversal (+)	(36,941)	(219,135)
e. Deferred tax assets recognised (-)/ reversal (+)	-	-
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	-	-
g. Bargain purchase gain recognised (-)/reversal (+)	-	-
h. Actuarial loss recognised (-)/reversal (+)	-	-
i. Other (+/-)	-	-
Net profit for the quarter end Poush 2080 quarter available for distribution	**969,544**	**971,369**
Opening Retained Earnings as on Shrawan 1, 2080	**3,187,059**	**2,899,545**
Adjustment (+/-)	(92,457)	-
Distribution:		
Bonus Share Issued	-	-
Cash Dividend paid	(2,976,270)	(2,625,784)
Total Distributable profit or (loss) as on quarter end date	**1,087,876**	**1,245,130**
Annualized Distributable profit/loss per share	**7.62**	**8.21**

Notes:

- Figures presented above may vary with the audited figures if instructed by the banking regulator and / or statutory auditors.
- Group Financial Statements include Nabil Bank Ltd. (Parent Co.), Nabil Investment Banking Ltd. (Subsidiary Co.) and Nabil Stock Dealer Ltd. (Subsidiary Co.)
- All inter-company transactions and outstanding balances among Group Companies are excluded in Group Financial Statements.
- The Bank has applied alternative treatment in the Carve-out issued by the Institute of Chartered Accountants of Nepal with respect to the following:
  a. The Bank has measured impairment loss on Loans and Advances at the higher of amount derived as per norms prescribed by Nepal Rastra Bank for loan loss provision and the amount determined as per Para 5 of the carve out to NFRS 9.
  b. The Bank has not factored fees and points paid or received on loans and advances in the application of effective interest rate. These have been recognized directly in the Statement of Profit and Loss.
- Loans and Investments are presented net of impairment charges and includes interest accruals and staff loans. Likewise, deposits include accrued interest payables.
- Personnel Expenses includes provision for staff bonus which has been calculated in line with the provisions in Bonus Act.
- Interim financial report has been published in the bank's website www.nabilbank.com.

1.

Major Financial Indicators	
Earnings per share (NPR)	23.74
Price Earnings Ratio	20.83
Net Worth Per Share (NPR)	204.44
Total Assets Per Share (NPR)	1,919.59
LD Ratio (%)	24.88

2. RELATED PARTY DISCLOSURE

- Group comprises of Nabil Bank Ltd. (the Bank), Nabil Investment Banking Ltd. (Subsidiary Co.) and Nabil Stock Dealer Ltd. (Subsidiary Co.)
- Nabil Investment Banking Ltd. is a Merchant Banker licensed under Securities Business person (Merchant Banker) Regulation, First Amendment 2074 from the Securities Board of Nepal (SEBON). Nabil Stock Dealer Ltd. is a stock dealer / brokerage company licensed under Securities Business Person (Securities Broker and Securities Dealer) Regulation, 2064 from SEBON.
- All transactions between the Bank and Subsidiaries are executed on arm's length principle. Effects of all inter-company transactions and outstanding balances are excluded in group statements.
- Bank and Nabil Investment Banking Ltd. (Subsidiary Co.) have entered into a Service Level Agreement (SLA) under which the Bank provides various operational supports to Subsidiary.
- Bank has appointed Nabil Investment Banking Ltd (Subsidiary) as its Registrar to Share and also the Fund Manager to Mutual Fund Schemes under the Bank's sponsorship.
- All transactions with the Directors and Key Management Personnel are conducted on the basis of Articles of Association and Employee Bylaws of the bank.

3. MANAGEMENT ANALYSIS

- Management is consistently working on building a strong balance sheet, diversifying its portfolio to cater to the growing demands of the economy, achieving sustainable growth and making investments in high quality assets, ensuring continuity of business, making effective use of its resources and further enhance management and workplace efficiency.
- The Bank has made significant investments in its products, people and technology with the introduction of DigiBank and nBank, has upgraded its IT infrastructure, automated work processes, further enhancing transaction and data security all the while maintaining and improving internal control systems and risk management practices.
- There are no such incidents during the period which might have negative impact on the reserve, profit or cash flow position of the Bank.

4. DETAILS RELATED TO LEGAL PROCEEDINGS

Except in the regular course of business, there are no law-suits of material nature filed by or filed against the Bank/ promoters/directors on account of violation of prevailing laws or commission of criminal offences or financial crime.

5. ANALYSIS OF BANK'S SHARES TRANSACTIONS

- The market price of the Bank's share is fully dependent on market movements and the Bank does not comment on its share transactions.
- The Bank has complied with the prevailing disclosure norms and regulatory directives issued by Securities Board of Nepal (SEBON) and Nepal Rastra Bank (NRB).
- Details of share transactions during the quarter:

Maximum Price (NPR)	596.50
Minimum Price (NPR)	488.00
Closing Price (NPR)	494.50
Total Units Traded	3,208,515
Total Days Traded	49

6. PROBLEMS AND CHALLENGES

Internal:

- Possibility of NPA growth owing to the impact of the pandemic and economic situation of the country.
- Challenge of assets growth in the back drop of low economic growth and declining assets quality.
- Challenge of improving non - interest revenue.
- Challenge of liquidity and interest risk management.

External:

- Fluctuating market liquidity position.
- Low capital expenditure of government has impacted various industries including construction sector.
- Rapid fluctuation in interest rate within a short span of time triggered by competition.
- Increasing information security risk
- Slowdown in the economy

Bank's strategy to mitigate problems and challenges:

- Prudent management of assets and liabilities.
- Effective management of cost through improved productivity and efficiency.
- Exploration of alternate business avenues and channels for maintaining the contribution from non-interest income.
- Embracing digitization for remarkable improvement in product offerings and service delivery.
- Enhancing skill sets of staff for upgrading our service standard.

7. Corporate Governance

The Bank has a separate Governance Unit in place for continuous monitoring of governance issues within the Bank. The Board of Directors, Audit Committee and Senior Management are committed to upholding good corporate governance practices in the Bank. The Bank's organization structure, internal control system and management practices are designed keeping best corporate governance practices in mind.

8. Declaration by Chairman/CEO about the truthfulness of financials/information

I, CEO of the Bank, take responsibility on the truthfulness of the information and particulars disclosed in this report to the best of my knowledge. Further, I declare that the particulars mentioned in this report, to the best of my knowledge, are true, fair and complete at the time of publication of this report and have not knowingly concealed any material particulars and information for investors to take informed decisions.

NABIL BANK®

HEAD OFFICE, NABIL CENTER, TEENDHARA, DURBARMARG, KATHMANDU PHONE NO. 4227181

■ मिटरब्याजविरुद्धको उजुरी छानबिन गर्न प्रशासनको ढिलासुस्ती

न्याय नपाएको भन्दै पीडित खोसिएको घर प्रवेश



■ **मनोज पासवान**, संयोजक
मिटरब्याजविरुद्धको संघर्ष समिति

स्थानीय प्रशासनले मिटरब्याजीले हडपेको घरजग्गा फिर्ताका लागि अनुचित लेनदेनसम्बन्धी कानुनअनुसार कारबाहीको प्रक्रिया अगाडि नबढाए पीडितहरू खोसिएको आफ्नो जग्गा कब्जासहित अन्य ठाउँमा पनि घर प्रवेश गर्न थालिनेछ ।



साहुकार रामबाबु महतोले हडपेको घरमा प्रवेश गर्दै मिटरब्याजीपीडित श्याम विश्वकर्माको परिवार र उनका आफन्त ।

पीडित श्याम विश्वकर्मा भन्छन्-

साहुकार महतोले १० लाखको साँवा-ब्याज भन्दै सात वर्षमै ६० लाख पुगेको भन्दै घरजग्गा हत्याए



०७१ मा दाजुले घरव्यवहार र पसल सञ्चालनका लागि भनेर १० लाख रुपैयाँ लिने बेलामै दृष्टिबन्धक भन्दै साहुकार रामबाबु महतोले लहान-१ (क)को ४४५ नम्बर कित्ताको १० धुर जग्गा आफ्नो नाममा रजिस्ट्रेसन गराइसकेका रहेछन् । त्यसको ६ वर्षपछि ०७७ मा ६० लाख रुपैयाँ पुग्यो, घरजग्गा खाली गर्नु भन्दै दबाब दिँदै ४ वैशाख ०७८ का दिन जबर्जस्ती घर निकाला गरे । दुवै मिर्गौला बिग्रिएर दाजुको निधन भएपछि म आफैंले चलाएको सुनचाँदी पसलबाट कमाएर साँवाब्याज गरी १३ लाख बुझाएको थिएँ ।

लहानमा **मणिलाल विश्वकर्मा**

अनुचित लेनदेन (मिटरब्याज) विरुद्धको उजुरीमा स्थानीय प्रशासनले छानबिन गर्न ढिलासुस्ती गर्ने र भएका सहमति कार्यान्वयनका लागि समेत आनाकानी गरेको आरोप लगाउँदै मिटरब्याजपीडितहरू आक्रामक बन्न थालेका छन् ।

सिराहाको लहान नगरपालिका- ७ का मिटरब्याजपीडित श्याम विश्वकर्माको उजुरीको विषयमा जिल्ला प्रशासन कार्यालयले दसौँपल्ट छलफल हुँदासमेत निर्णय दिन नसकेको भन्दै मिटरब्याजविरुद्धको संघर्ष समितिको अगुवाइमा शनिबार साहुकारले जालझेल गरेर आफ्नो नाममा लिएको घर खाली गराएर पीडितलाई प्रवेश गराइएको छ । लहान नगरपालिका-७ का रामबाबु महतोले जालझेल गरेर १० धुर जग्गा र दुई कोठे पक्की घर हत्याएको आरोप लगाउँदै समितिले पीडित विश्वकर्मा र उनका परिवारलाई घर प्रवेश गराएको हो ।

संघर्ष समितिका सयौंजनाको समूहले मिटरब्याजीको अत्याचार बन्द गर, जालझेल गरेर खोसिएको घरजग्गा फिर्ता गरलगायतका नारा लगाउँदै विश्वकर्माको परिवारलाई घर प्रवेश गराएको हो । मिटरब्याजविरुद्ध संघर्ष समिति लहानको आह्वानमा पीडितहरू आक्रामक भएर साहुकारविरुद्ध प्रस्तुत भएका थिए ।

पीडित विश्वकर्माले आफ्ना दिवंगत दाजु हीरालाल विश्वकर्माले १ वैशाख ०७१ मा घर व्यवहार र पसल सञ्चालनका लागि लहान- ७ का रामबाबु महतोसँग सय कडा तीन रुपैयाँ ब्याजदरले १० लाख रुपैयाँ ऋण लिएका थिए । 'उक्त रकम लिने वेलामै दृष्टिबन्धक भन्दै महतोले लहान-१ (क)को ४४५ नम्बर कित्ताको १० धुर जग्गा आफ्नो नाममा रजिस्ट्रेसन गराइसकेका रहेछन्,' उनले भने 'त्यसको ६ वर्षपछि ०७७ मा ६० लाख रुपैयाँ पुग्यो, घरजग्गा खाली गर्नु भन्दै दबाब दिँदै ४ वैशाख ०७८ का दिन जबर्जस्ती घर निकाला गरे ।'

दाजुले लिएको १० लाख रुपैयाँ नतिर्दै बिरामी भएपछि आफैंले कमाएर ब्याजबापत दुईपटक गरी ११ लाख रुपैयाँ बुझाएपछि बाँकी सात लाख रुपैयाँ रहेको सुनाएको उनले बताए । 'त्यसपछि दुवै मिर्गौला बिग्रिएर दाजुको निधन भएपछि म आफैंले चलाएको सुनचाँदी पसलबाट कमाएर साँवाब्याज गरी १३ लाख बुझाएको थिएँ,' उनले भने । दाजुको निधन भएपछि ०७८ वैशाखमा जग्गा आफ्नो भएकाले उक्त जग्गामा बनेको घर पनि मेरो हो भन्दै जबर्जस्ती खाली गराएर आफूहरूलाई सडकमा पुऱ्याएको उनको गुनासो छ ।

संघर्ष समितिका अगुवा तथा मिटरब्याजपीडितहरूले विश्वकर्मालाई खोसिएको घरमा प्रवेश गराएपछि लहान बजारमा नाराजुलुससहित परिक्रमा गर्दै स्थानीय पशुपति आदर्श माविमा कोणसभा गरेका थिए । कोणसभामा पीडितहरूले स्थानीय प्रशासनमा दिएको उजुरीको छानबिन गरी निर्क्योलसहित मौजुदा ऐन कानुनअनुसार लेनदेन टुंग्याएर खोसिएको घरजग्गा फिर्ता गर्न तदारुकता नदेखाए पीडितहरूले खोसिएको आफ्नो घरजग्गा आफैंले फिर्ता लिने चेतावनी दिए ।

मिटरब्याजविरुद्धको संघर्ष समितिका संयोजक मनोज पासवानका अनुसार जिल्ला प्रशासन कार्यालयमा रहेको सहायता कक्षले छानबिनको क्रममा मिटरब्याजीलाई बोलाए पनि मन लागे आउने मन नलागे नआउने, प्रशासनमा सहमति भए पनि कानुनी उल्झन खडा गरी पीडितलाई झुलाउने गरिरहेकाले पीडितहरूले आफूबाट बदनियतपूर्वक खोसिएको घरजग्गा फिर्ता गर्ने क्रममा श्याम विश्वकर्मा आफ्नो खोसिएको घरमा प्रवेश गरेको जानकारी दिए । 'स्थानीय प्रशासनले मिटरब्याजीले हडपिएको घरजग्गा फिर्ताका लागि अनुचित लेनदेनसम्बन्धी कानुनअनुसार कारबाहीको प्रक्रिया अगाडि नबढाए पीडितहरू खोसिएको आफ्नो जग्गा कब्जासहित घर प्रवेश अन्य ठाउँमा पनि थालिने छ,' उनले भने ।

तोकिएको कामै नगरी १८ लाख हिनामिना

राजविराज/ सप्तरीको राजविराज नगरपालिकामा कामै नगरी लाखौँ रकम हिनामिना गरेको पाइएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रमअन्तर्गतको धानवाली पकेट कार्यक्रममा तोकिएको कामै नगरी १८ लाख रुपैयाँ हिनामिना गरिएको तथ्य खुलेको हो ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रमअन्तर्गत राजविराज नगरपालिकाले बजरंगी कृषि सहकारी संस्थालाई आर्थिक वर्ष ०७७/७८ मा १२ लाख रुपैयाँ र आव ०७८/७९ मा ६ लाख गरी १८ लाख रुपैयाँ उपलब्ध गराएको थियो । कार्यक्रमअन्तर्गत सहकारी संस्था छनोट गरी उक्त संस्थाले कृषक समूह निर्माण गरी एकै स्थानमा जग्गा एकीकृत गर्दै बिउविजन, बोरिङ, मल, विषादीलगायतका सामग्री वितरण गर्नुपर्ने हो । तर, पकेट कार्यक्रममा तोकिएको कामै नगरी १८ लाख रुपैयाँ हिनामिना गरिएको पाइएको छ ।

राजविराज नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत भोगेन्द्रप्रसाद यादवले चार वर्षसम्म साधारणसभा नै नभएको संस्थालाई कानुनविपरीत छनोट गरी उक्त कार्यक्रमका लागि बजेट दिएका थिए । प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमका लागि बजेट उपलब्ध गराइएको बजरंगी सहकारीका अध्यक्ष देवकुमार यादव भोगेन्द्र यादवकी बहिनीज्वाईं हुन् भने कोषाध्यक्ष रेखाकुमारी यादव भोगेन्द्रका श्रीमती हुन् । भोगेन्द्रले आफ्नी श्रीमती सहकारीमा कोषाध्यक्ष भएको विषयमा आफू जानकार नरहेको दाबी गरे । 'नगरपालिकाको कृषि शाखाले नै संस्था छनोट गरी बजेट दिएकाले यसमा मेरो कुनै संलग्नता छैन,' उनले भने । सहकारीका अध्यक्ष देवकुमारले भने तोकिएअनुसार काम गरेको बताए । एकै परिवारका व्यक्ति भुक्तानी दिने र लिने संस्थाका अध्यक्ष र कोषाध्यक्ष भएको संस्थालाई कानुनविपरीत सरकारी बजेट दिइएको र कामै नगरी रकम भुक्तानी भएको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन थालेको छ । १ माघमा अख्तियारले १५ दिनको समय दिएर कागजातसहित जानकारी उपलब्ध गराउन नगरपालिकामा पत्राचार गरेको छ । राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु गुरुङले यसबारे अख्तियारबाट पत्र आएको तथा अघिल्लो आर्थिक वर्षका कार्यक्रम रहेकाले फाइल खोजी गरी बुझ्ने कार्य भइरहेको बताए ।

एकीकृत समाजवादीको आम्दानी करिब आठ करोड

काठमाडौं/ एकीकृत समाजवादीले एक वर्षको आम्दानी आठ करोड चार लाख ५६ हजार सात सय नौ रुपैयाँ भएको छ । पार्टीको सदस्यता, लेबी, प्रकाशन बिक्रीबाट प्राप्त रकम, सहयोग रकम पार्टीको मुख्य आम्दानीको स्रोतका रूपमा रहेको एकीकृत समाजवादीले सार्वजनिक गरेको लेखापरीक्षणमा जनाइएको छ । एक वर्षको अवधिमा पार्टीको दैनिक गतिविधि सञ्चालन गर्ने क्रममा सात करोड ८२ लाख ६८ हजार आठ सय ११ रुपैयाँ खर्च भएको प्रतिवेदनमा उल्लेख छ । पार्टी केन्द्रीय कार्यालयका लेखा प्रमुख खेमराज पौडेलका अनुसार २१ लाख ८७ हजार आठ सय ९८ रुपैयाँ बचत भएको छ । चालू आवको बचत र अघिल्लो वर्षको बचत मौज्दातसहित पार्टीमा हाल एक करोड ३२ लाख ४८ हजार सात सय ५६ रुपैयाँ बचत मौज्दात रहेको प्रतिवेदनमा जनाइएको छ । पार्टीको चालू आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा गत आमनिर्वाचनको खर्चसमेत समेटिएको लेखाप्रमुख पौडेलले जानकारी दिए ।

संक्षेप

तीन महिनासम्म पनि बनेनन् भूकम्पपीडितका अस्थायी टहरा



बाजुरा/ बझाङको तलकोट केन्द्र बनाएर १६ असोजमा गएको भूकम्पले बाजुराको त्रिवेणी नगरपालिकामा मात्रै एक सय १३ घर पूर्ण क्षति भएका थिए । भूकम्प गएको तीन महिना बितिसक्दासमेत यहाँका भूकम्पपीडितले अस्थायी टहरा पाएका छैनन् ।

भूकम्प गएलगत्तै रेडक्रस सोसाइटी बाजुराले २५ पीडित परिवारका लागि तत्काल अस्थायी टहरा निर्माण गर्ने बताएको थियो, तर अझै निर्माण भइसकेका छैनन् । साथै, रेडक्रसले उनीहरूलाई कपडा, खाद्यान्न खरिदका लागि तत्काल १५ हजार नगदसहित सहयोग गरेको जिल्ला रेडक्रस सोसाइटी बाजुरा सभापति मेखराज जैसीले बताए । उनका अनुसार बाजुराको त्रिवेणी, बुढीगंगा, बडीमालिका नगरपालिका र खप्तड छेडेदह गाउँपालिका भूकम्पपीडितले अस्थायी टहरा निर्माण गरिरहेका छन् । बाजुराका १२ सय ९० भूकम्पपीडित परिवारका लागि अस्थायी टहरा निर्माण गर्न राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तत्काल अस्थायी आवास निर्माणका लागि १४ करोड रुपैयाँ निकास गरेको प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले बताए । १४ करोडमध्ये आठ लाख रुपैयाँ सम्बन्धित निकायले फिर्ता लिएको उनले बताए ।

रेडक्रसको अन्तर्राष्ट्रिय महासंघका कार्यक्रम जिल्ला संयोजक खेमप्रसाद भट्टराईले भने बाजुरामा एक सय २५ भूकम्पपीडितका लागि तत्काल अस्थायी टहरा निर्माण गर्न एक परिवारबराबर ५० हजार र शौचालय निर्माण गर्न ६ हजार पाँच सयसहित सरसफाइका लागि पानीट्यांकी खरिद गर्न नगद सहयोग गरेको बताए । त्रिवेणी नगरपालिकाका नगर प्रमुख कर्णबहादुर थापाले भन्ने त्रिवेणी नगरपालिका एक सय १३ मध्ये जिल्ला रेडक्रस सोसाइटीले २५ घरको अस्थायी टहरा निर्माण गर्ने जिम्मा लिएको र अन्य एक सय १२ परिवारका अस्थायी घर पुनर्निर्माण प्राधिकरणले बनाइरहेको बताए । एक महिनाभित्र एक सय १३ अस्थायी टहरा निर्माण गरिसक्ने मेयर थापाले बताए ।

बहुविवाहको आरोपमा एकजना पक्राउ

दाङ/ बहुविवाह गरेको आरोपमा एकजना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायब उपरीक्षक जनक मल्लले बहुविवाहको आरोपमा घोराहीका सरोज पौडेललाई पक्राउ गरिएको जानकारी दिए । पौडेललाई मिसिल तयार गरेर आइतबार अदालत बुझाउने तयारी रहेको उनले बताए । पौडेलकी जेठी पत्नीले उजुरी दिएपछि उनलाई पक्राउ गरिएको हो । विदेश जाने लोभमा पौडेलले जेठी पत्नी हुँदाहुँदै पारिवारिक दबाबमा दोस्रो बिहे गरेको प्रहरी अनुसन्धानमा खुलेको छ । पौडेलकी जेठी पत्नीसँग राम्रो सम्बन्ध नभएपछि उनीहरू एकल रूपमा बस्दै आएको र पहिलो श्रीमतीसँग सम्बन्धविच्छेद नहुँदै दोस्रो बिहे गरेपछि जेठी पत्नीले प्रहरीमा जाहेरी दर्ता गरेकी थिइन् ।

पाउँदुरे नाचको संरक्षणमा जुटे कुमाल समुदाय



लमजुङ/ पूर्वी लमजुङका कुमाल समुदाय लोपोन्मुख पाउँदुरे नाचको संरक्षणमा जुटेका छन् । राइनास नगरपालिका- ४, अल्कटारका कुमाल समुदायका युवा पाउँदुरे नाचको संरक्षणमा जुटेका हुन् । अल्कटारमा आयोजित पाउँदुरे नाच प्रशिक्षणमा ३० जनाभन्दा बढी सहभागी भएका छन् । राइनासस्थित पोखरी कुमाल समाजको अगुवाइमा युवाहरूलाई ७५ देखि ८५ वर्ष उमेरका ६ जना वृद्धहरूले पाउँदुरे नाच सिकाएका हुन् । लोपोन्मुख संस्कृति बचाउन पाउँदुरे नाचको प्रशिक्षण थालिएको पोखरी कुमाल समाजका अध्यक्ष कमलविक्रम कुमालले बताए । पाउँदुरे नाच्ने संस्कृति कुमाल समुदायको भए पनि कतिपय ठाउँमा लोप भइसकेको हुनाले आफ्नो संस्कृति जोगाउन अल्कटार क्षेत्रका कुमाल युवाहरूलाई भेला गराई नाचको प्रशिक्षण थालिएको उनको भनाइ छ । पोखरी कुमाल समाजले गण्डकी प्रज्ञा-प्रतिष्ठानको सहयोगमा सुरु गरेको पाउँदुरे नाच प्रशिक्षण कार्यक्रममा डेढ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

हुन्डीमा पक्राउ परेका अग्रवाल क्रिप्टो र अवैध सुनमा समेत संलग्नताको आशंका

काठमाडौं/ दुई करोड ३१ लाख रुपैयाँ हुन्डी रकमसहित राजस्व अनुसन्धान विभागले चारजनालाई पक्राउ गरेको छ । विभागले बिहीबार राति काठमाडौंका विभिन्न चार स्थानबाट उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूको साथबाट एक हजार नौ सय ९४ अमेरिकी डलर पनि बरामद गरिएको छ । सुन र क्रिप्टोकरेन्सीसम्म उनीहरू जोडिएको आशंका विभागको छ ।

विशेष सुराकी सूचनाका आधारमा विभागबाट खटिएको टोलीले बिहीबार काठमाडौंको मखनगल्ली, ताहाचल, कलंकी र क्षेत्रपाटीबाट उनीहरूलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा नरेश अग्रवाल, दीपक ठकुरी, मनमोहन साह कलवार र दिवस कार्की छन् । विभागले शुक्रबार अदालतबाट एक साताको म्याद थप गरेर अनुसन्धान अघि बढाएको छ । विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ बमोजिम विस्तृत अनुसन्धान जारी रहेको विभागले जनाएको छ ।

चारजना पक्राउ परे पनि विभागले अग्रवाललाई मुख्य व्यक्ति पहिचान गरेको छ । रकम पनि विभागले उनकै घरबाट बरामद गरेको हो । स्रोतका अनुसार अग्रवाल यसअघि पनि दुईपटक सुनसहित पक्राउ परिसकेका व्यक्ति हुन् । ०७१ माघमा विभागले उनलाई पाँच किलो सुनसहित पक्राउ गरेको थियो । ०७५ मा पनि एक किलो सुन र २० लाख रुपैयाँ उनको पसलबाट प्रहरीले बरामद गरेको थियो । पसलबाट विभागको टोलीले ठूलो परिमाणमा भन्सार छलेर ल्याइएको चोरीपैठारीका कपडा बरामद गरेको थियो । सुन उनैको भए पनि जफत गरेर बोकनेलाई पक्राउ गरी मुद्दा चलाइएको थियो । यसपछि लगत्तै उनी लामो समय फरार भएका थिए । अग्रवाल अन्य व्यापारिक समूहमा पनि संलग्न रहेको स्रोत बताउँछ ।

विभागका महानिर्देशक नवराज ढुंगानाले घटनामाथि छानबिन भइरहेको बताए । 'अनुसन्धान चलिरहेको छ,' उनले भने, 'पक्राउ परेकाहरू हुन्डी, क्रिप्टो र अवैध सुनमा संलग्न भएको आशंका छ ।' अग्रवालको यसअघिका घटनालाई पनि हेरेर अनुसन्धान गरिने उनले बताए ।

दलगत स्वार्थ नहेरी विकास निर्माणमा सबैले पहल गर्नुपर्छ : लामिछाने



भरतपुर/ राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले विकास निर्माणमा सबै तहका सरकारको सहकार्य जरुरी रहेको बताएका छन् । शनिबार चितवन र तनहुँ जोड्ने ठिमुरा पुलको स्थलगत निरीक्षणपछि उनले सबैको सहकार्यबाट मात्र विकास निर्माण समयमै सम्पन्न हुनसक्ने बताए । कुनै दलगत स्वार्थ नहेरी विकास निर्माणमा सबैले पहल गरे सफल हुनेमा उनको जोड थियो ।

ठिमुरा पुल बन्न १० वर्ष लाग्नु लज्जाको विषय भएको बताउँदै लामिछानेले यसबारे आफूले खबरदारी गर्दै आएको जानकारी दिए । 'देशमा विकास आयोजना निकै सुस्तगतिमा निर्माण भइरहेका छन् । ठिमुरा पुल एउटा उदाहरण हो । यो पुल बन्न १० वर्ष कुर्नुपर्ने थिएन,' उनले भने । लामिछानेले ठिमुरा पुल निर्माणका लागि यसअघिका सांसद र स्थानीय जनप्रतिनिधिले खेलेको भूमिका महत्त्वपूर्ण रहेको बताए । उनले चितवनको सडक निर्माण, खानेपानी र विकासका आयोजनामा सहकार्य गरेर अगाडि बढ्नुपर्नेमा जोड दिए । 'पुल, बाटो बनाउन धर्ना र पैदल हिँडेर ध्यानाकर्षण गराउनुपर्ने अवस्था आउनु राम्रो होइन । विकसित देश अन्तरिक्षको विकासमा प्रतिस्पर्धा गर्दैछन् । हामी पानी चाहियो, सडक बन्नुपऱ्यो भनेर जुलुस, धर्ना र ध्यानाकर्षण गर्दैछौं', लामिछानेले भने । रास्वपा उपसभापति एवं तनहुँ-१ का सांसद स्वर्णिम वाग्लेले आफूहरू देश बनाउने खाका लिएर हिँडेको बताए । उनले आयोजना अलपत्र हुनु राम्रो प्रणाली बन्न नसक्नुको परिणाम भएको बताए । रास्वपाले लामो समयदेखि अलपत्र २७ आयोजना चाँडै निर्माणका लागि दबाब यात्रा गर्ने निर्णय गरेको छ ।

निर्माण पूरा भएको एक वर्षसम्म पनि सञ्चालनमा आउन सकेन दमक सभागृह

कुर्सी र साउन्ड सिस्टमका लागि चालू आर्थिक वर्षमा ७० लाख बजेट आएको छ, तर पाँच करोड चाहिन्छ । ७० लाखमा न कुर्सीको काम गर्न सकिन्छ, न त साउन्ड सिस्टमकै । त्यसैले बजेट संशोधनका लागि सहरी विकास मन्त्रालय पठाएका छौं ।

● **भूपेन्द्र यादव**, इन्जिनियर

झापामा **चिरञ्जीवी घिमिरे**

सरकारले झापाको दमक नगरपालिका- ९ मा ३० करोड लागतमा निर्माण गरेको दमक सभागृह सञ्चालनमा आउन सकेको छैन । बाहिरी संरचना निर्माणको काम सम्पन्न भएको एक वर्षसम्म पनि सभागृह सञ्चालनमा आउन नसकेको हो ।

सरकारले पर्याप्त बजेट उपलब्ध नगराउँदा सभागृहमा कुर्सी तथा साउन्ड सिस्टम जडानको काम अघि बढ्न सकेको थिएन । सघन सहरी तथा भवन निर्माण कार्यालय झापाका अनुसार सभागृहको पहिलो चरणको काम ०७९ मंसिरमै निर्माण सम्पन्न भएको थियो । तर, डाँफे एमए प्रतिष्ठा कन्स्ट्रक्सन जेभीलाई निर्माण कम्पनीले असारमा मात्र रकम भुक्तानी गरेकाले सरकारलाई सभागृह जिम्मा लगाएको सघन सहरी तथा भवन निर्माण कार्यालय झापाबाट सभागृह हेर्ने इन्जिनियर भूपेन्द्र यादवले जानकारी दिए ।

बाहिरी संरचनाको काम सकिए पनि भित्री संरचना निर्माणका लागि पर्याप्त बजेट नआउँदा काम सुरु हुन नसकेको उनको भनाइ छ । 'कुर्सी र साउन्ड सिस्टमका लागि चालू आर्थिक वर्षमा ७० लाख बजेट आएको छ । तर, कुर्सी र साउन्ड सिस्टमका लागि पाँच करोड चाहिन्छ,' उनले भने, 'त्यसैले बजेट संशोधनका लागि सहरी विकास मन्त्रालय हुँदै अर्थ मन्त्रालयले बजेट उपलब्ध गराएमा करिब ६ महिनामै काम सकिने उनले बताए ।



दमक नगरपालिका- ९ मा निर्माण सम्पन्न भएको सभागृह । तस्बिर : नयाँ पत्रिका

कोशी प्रदेशकै ठूलो दाबी गरिएको यो सभागृहमा दुईवटा हल छन् । एउटामा करिब एक हजार पाँच सय मानिस अट्छन् भने अर्कोमा करिब दुई सय ५० मानिस अट्ने इन्जिनियर यादवले बताए । ठूला हलमा ठूला कार्यक्रम गर्न सकिन्छ भने सानो हलमा साना कार्यक्रम गर्न सकिनेछ । 'बाहिरी काम सकिएपछि नै कुर्सी र साउन्ड सिस्टमको काम गर्ने गरी दमक नगरपालिकालाई हस्तान्तरण गर्ने तयारी थियो । तर, बजेट अभावले उनले भने, '७० लाखमा न कुर्सीको काम गर्न सकिन्छ, न त साउन्ड सिस्टमकै । त्यसैले बजेट संशोधनका लागि सहरी विकास मन्त्रालय पठाएका छौं ।' सहरी विकास मन्त्रालय हुँदै अर्थ मन्त्रालयले बजेट उपलब्ध गराएमा करिब ६ महिनामै काम सकिने उनले बताए ।

भित्रको काम गर्न नसक्ने भनेर स्थानीय तहले जिम्मा लिन मानेन,' यादवले भने, 'सबै निर्माण सम्पन्न भएपछि यसको सञ्चालन स्थानीय तह कार्यविधि बनाएर गर्छ । हालसम्म स्थानीय तहले नै सञ्चालन गर्ने भन्ने छ ।'

दमक नगरपालिकाका प्रमुख रामकुमार थापाले भित्री संरचनाको काम छिटो सक्न संघीय सरकारलाई ताकेता गरिरहेको बताए । 'काम नै नसकी जिम्मा लगाउन खोज्दै थिए । भित्री संरचनाको काम गर्न झन्डै आठ-नौ करोड लाग्ने रहेछ । हामीले लिन मानेनौं,' उनले भने, 'कुर्सी र साउन्ड सिस्टमको काम गर्न संघीय सरकारले बजेट त छुट्याएछ, तर ७० लाख मात्र । यसले केही पनि हुँदैन । काम थालेपछि सक्नुपर्छ भनेर संघीय सरकारलाई भनिरहेका छौं ।'

■ सभागृहको नाममा विवाद

२८ जेठ ०७३ मा तत्कालीन प्रधानमन्त्री केपी ओलीले सभागृहको शिलान्यास गरेका थिए । तत्कालीन समयमा फाल्गुनन्द सभागृहको नाममा शिलान्यास भएको थियो । फाल्गुनन्द किराँत धर्मगुरु हुन् भने राष्ट्रिय विभूति पनि हुन् । तर, पछि निर्माण सुरु भएपछि दमक सभागृहको नाममा बजेट विनियोजन भएपछि नाम परिवर्तन भएको थियो । त्यसयता आदिवासी जनजाति समुदायले आपत्ति जनाउँदै आएका छन् । उनीहरूले फाल्गुनन्द सभागृह नै नाम हुनुपर्ने माग राख्दै आएका छन् ।

दमक नगरपालिकाका प्रमुख थापाले आदिवासी जनजातिलाई फाल्गुनन्द सभागृह नाम राख्न उक्साउँदै आएका छन् । 'दमक सभागृह सुरुमा फाल्गुनन्द सभाहलको नाममा शिलान्यास भएको थियो । अहिले दमक सभाहल भएको छ । तपाईंहरू (आदिवासी जनजाति) आफ्नो पहिचानका लागि आउनुस्, यसलाई फाल्गुनन्द सभाहल बनाउनुपर्छ भनेर,' मेयर थापाले एक कार्यक्रममा भने, 'तपाईंहरूका लागि नगरपालिकाको तर्फबाट सकेको मात्र होइन, कुनै कमी नराख्ने वचन दिन चाहन्छु । कुनै पनि बहानामा छाडियो भने तपाईंहरू (आदिवासी जनजाति) अपराधी ठहरिनुहुन्छ ।'

कोरोना भाइरसविरुद्धको ४० लाख मात्रा खोप नष्ट गरिँदै

काठमाडौं / सरकारले कोरोना भाइरसविरुद्ध ल्याएको ४० लाख मात्रा खोप प्रयोगमा नआएपछि नष्ट (डिस्पोजल) गर्ने तयारी गरेको छ। चीन सरकारले अनुदानमा उपलब्ध गराएको साइनोभ्याक खोप प्रयोग नगरी म्याद सकिएपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विसर्जन गर्ने तयारी गरेको हो।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले कोरोना भाइरसविरुद्धको ४० लाख मात्रा खोप विसर्जनको तयारी भइरहेको जानकारी दिए। 'खोप प्रयोग नभएपछि म्याद सकिएको छ,' उनले भने, 'धेरै मात्रा खोप भएकाले के-कसरी विसर्जन गर्ने भन्ने विषयमा कार्यविधि बनाउँदै छौं।' प्रवक्ता डा. बुढाथोकीका अनुसार खोपलाई धेरै तापक्रममा वा इँटाभट्टामा राखेर जलाउने भन्नेमा छलफल भइरहेको छ। बुस्टर डोजका लागि प्रयोग गर्न नमिल्ने भएपछि साढे दुई वर्षदेखि स्वास्थ्य सेवा विभागको केन्द्रीय भण्डारणमा खोप थन्किएको छ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले बुस्टर डोजका लागि प्रयोग गर्न नभनेपछि राष्ट्रिय खोप सल्लाहकार समितिले उक्त खोप नलगाउने निर्णय गरेको थियो। उक्त खोप चीन सरकारबाट अनुदानमा १२ वैशाख ०७८ मा ३४ लाख ४३ हजार तीन सय ६० मात्रा र १४ वैशाखमा पाँच लाख ५६ हजार ६ सय ४० मात्रा खोप नेपाल आएको थियो।

फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि.

First Microfinance Laghu Bitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त "घ" वर्गको थोक लघुवित्त कर्जा प्रदायक लघु वित्त वित्तीय संस्था

INTERIM FINANCIAL STATEMENTS

Condensed Statement of Financial Position

As of Quarter ended 29 Poush 2080 (14/01/2024)

Particular	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash & Cash Equivalent	650,346,010	1,168,483,850
Statutory Balances and Due from Nepal Rastra Bank	30,818,475	137,818,475
Placement with Bank & Financial Institutions	-	100,000,000
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans & Advances to MFIs & Cooperatives	6,351,974,176	7,656,215,812
Loans and Advances to Customers	21,769,110	20,827,294
Investment Securities	1,305,600	1,305,600
Current Tax Assets	-	-
Investment Property	-	-
Property and Equipment	7,507,892	8,061,950
Goodwill and Intangible Assets	-	-
Deferred Tax Assets	3,197,446	3,197,446
Other Assets	58,952,780	38,607,236
Total Assets	**7,125,871,488**	**9,134,517,663**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposit from Customers	-	-
Borrowings	5,448,417,784	7,465,041,948
Current Tax Liabilities	12,044,127	7,191,967
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	83,395,153	78,328,707
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**5,543,857,064**	**7,550,562,622**
Equity		
Share Capital	1,233,826,903	1,147,745,956
Share Premium	-	-
Retained Earnings	63,386,279	181,576,133
Reserves	284,801,241	254,632,952
Total Equity	**1,582,014,424**	**1,583,955,041**
Total Liabilities and Equity	**7,125,871,488**	**9,134,517,663**

Condensed Statement of Profit or Loss

Upto Poush End 2080

Particular	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Interest Income	210,731,102	463,270,428	369,209,632	769,191,863
Interest Expense	(137,095,662)	(309,438,174)	(258,821,392)	(538,624,437)
Net Interest Income	**73,635,440**	**153,832,255**	**110,388,240**	**230,567,426**
Fee and Commission Income	3,178,014	13,828,351	31,093,362	40,583,173
Fee and Commission Expense	(1,684,313)	(1,684,313)	(1,420,869)	(7,315,869)
Net Fee and Commission Income	**1,493,701**	**12,144,038**	**29,672,493**	**33,267,304**
Net Interest, Fee and Commission Income	**75,129,141**	**165,976,293**	**140,060,733**	**263,834,730**
Net Trading Income	-	-	-	-
Other Operating Income	-	-	-	-
Total Operating Income	**75,129,141**	**165,976,293**	**140,060,733**	**263,834,730**
Impairment Charge/Reversal for Loans and Other Losses	-	-	(3,256,809)	(15,892,296)
Net Operating Income	**75,129,141**	**165,976,293**	**136,803,924**	**247,942,434**
Operating Expenses	**(15,570,161)**	**(34,011,139)**	**(21,500,808)**	**(41,537,439)**
Personnel Expenses	(11,938,674)	(27,237,978)	(18,091,798)	(34,943,762)
Other Operating Expenses	(3,111,837)	(5,739,907)	(2,853,314)	(5,482,285)
Depreciation and Amortisation	(519,651)	(1,033,254)	(555,696)	(1,111,392)
Operating Profit	**59,558,980**	**131,965,154**	**115,303,116**	**206,404,995**
Non Operating Income	-	-	-	-
Non Operating Expense	-	-	-	-
Profit before Income Tax	**59,558,980**	**131,965,154**	**115,303,116**	**206,404,995**
Income Tax Expense	(25,328,787)	(47,050,639)	(34,590,935)	(61,921,499)
Current Tax	(25,328,787)	(47,050,639)	(34,590,935)	(61,921,499)
Deferred Tax	-	-	-	-
Profit for the Period	**34,230,193**	**84,914,514**	**80,712,181**	**144,483,496**
Condensed Statement of Comprehensive Income				
Profit for the Period	34,230,193	84,914,514	80,712,181	144,483,496
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income	**34,230,193**	**84,914,514**	**80,712,181**	**144,483,496**
Basic Earnings Per Share		13.76		25.18
Diluted Earnings Per Share		13.76		25.18
Profit For the Period	**34,230,193**	**84,914,514**	**80,712,181**	**144,483,496**
Total	**34,230,193**	**84,914,514**	**80,712,181**	**144,483,496**

Ratio As per NRB Directive

Ratios	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Capital Fund to RWA		23.49%		14.60%
Non-Performing Loan (NPL) to Toal Loan		2.87%		0.17%
Net NPL to Net Loan		0.74%		0.13%
Total Loan Loss Provision to Total NPL		140.95%		951.98%
Cost of Funds		10.51%		11.98%
Credit to Deposit and Borrowing		121.49%		115.57%
Base Rate		11.41%		12.47%
Interest Rate Spread		1.51%		2.45%

Statement of Distributable Profit or Loss

Upto Poush End 2080

Particular	Current Year (upto This Qtr)	Previous Year (Corresponding Qtr)
Net Profit or (loss) as per Statement of Profit or Loss	**84,914,514**	**144,483,496**
Appropriations		
a. General Reserve	(16,982,903)	(28,896,699)
b. Capital Redemption Reserve	-	-
c. Corporate Social Responsibility	(849,145)	(1,444,835)
d. Employee Training Fund	-	-
e. Client Protection Fund	(849,145)	(1,444,835)
f. Other	-	-
Profit or (loss) before Regulatory Adjustment	**66,233,321**	**112,697,127**
Regulatory Adjustment		
a. (Interest Receivable)/Previous Accrued Interest Received	(12,261,282)	(14,072,666)
b. (Short Loan Loss Provision in Accounts)/Reversal	-	-
c. (Short Provision for Possible Loss in Investment)/Reversal	-	-
d. (Short Loan Loss Provision on Non Banking Asset)/Reversal	-	-
e. (Deffered Tax Asset Reconized)/Reversal	-	-
f. (Goodwill Recognized)/Impairment of Goodwill	-	-
g. (Bargain Purchase Gain Reconized)/Reversal	-	-
h. (Acturial Loss Regognized)/Reversal	-	-
i. Other	-	-
Net Profit or (loss) for the year ended available for Distribution	**53,972,039**	**98,624,461**
Opening Retained Earning	181,576,133	219,940,890
Adjustment (+-)		
Distribution:	**(172,161,892)**	**(192,898,480)**
Bonus Shares Issued	(86,080,946)	(183,253,556)
Cash Dividend Paid	(86,080,946)	(9,644,924)
Total Distributabe Profit or (Loss) as on Qtr End Date	**63,386,280**	**125,666,871**
Annulized Distributable Profit/Loss Per Share	**9.51**	**19.54**

Notes to Interim Financial Statements:

1. The above figures are subjet to change as per the direction of the Regulators and/or External Auditors.
2. The Interim Financial Statements has been prepared in accordance with Nepal Financial Reporting Standards as issued by the accounting Standards Board, Nepal and the carve out issued by ICAN
3. Loans and Advances to MFIs and Co-operatives are presented net amount of impairment allowances.
4. Loans and Advances to Customers are presented loans provided to employee, which are measured at amortized costs
5. Previous year figures have been reclassified, restated & corrected wherever necessary for the purpose for comparability.
6. The Interim Financial Statements has been updated in the Microfinane website: www.fmdb.com.np

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-१४ (नियम २६ को उपनियम १ संग सम्बन्धित)

आ.व. २०८०/८१ को दोस्रो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण :

क) आ.व. २०८०/८१ को दोस्रो त्रैमासिक वासलात, नाफा नोक्सान सम्बन्धि विवरण यस लघु वित्त वित्तीय संस्थाको सूचना पाटीमा टाँस गर्नुका साथै यसै साथ प्रकाशित गरिएको छ। संस्थासंग सम्बन्धित पक्षहरुसंगको कारोबारमा यस संस्थाका संस्थापक शेयरधनी बैंक तथा वित्तीय संस्थाहरु संग भएको कारोबारको विवरण निम्न बमोजिम रहेको छ :

रकम रु. करोडमा

सम्बन्धित पक्ष	सम्बन्ध	कर्जा सापटी	ब्याज खर्च	अन्य खर्च
ग्लोबल आइएमई बैंक लि.	यस संस्थाको ९.९९ प्रतिशत संस्थापक शेयर धारण	१६८.७१	६.०७	-
प्रभु बैंक लि.	यस संस्थाको १०.९३ प्रतिशत संस्थापक शेयर धारण	१३.३५	२.६४	-
कुमारी बैंक लि.	यस संस्थाको ३.६४ प्रतिशत संस्थापक शेयर धारण	१४.४६	०.५०	-
राष्ट्रिय वाणिज्य बैंक लि.	यस संस्थाको १.७१ प्रतिशत संस्थापक शेयर धारण	१६.९९	०.२१	-
ग्लोबल आइएमई क्यापिटल लि.	ग्लोबल आइएमई बैंक लि. को सहायक कम्पनी	-	-	०.०१

यसका साथै माथि उल्लेखित बैंकहरुमा यस संस्थाको बैंक खाताहरु पनि सञ्चालनमा रहेका छन्।

ख) प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी रु.	मूल्य आम्दानी अनुपात ९एर४ च्वतष्य०	प्रति शेयर नेटवर्थ रु	प्रति शेयर कुल सम्पत्तिको मूल्य रु	तरलता अनुपात
१३.७६	४५.३१	१२८.२२	५७७.५४	१२.५०

२. व्यवस्थापकीय विश्लेषण :

क) त्रैमासिक अवधिमा संस्थाको बैंक मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण :

अधिल्लो आर्थिक वर्ष अन्त्यको तुलनामा यस त्रैमास मसान्तमा तरलता मौज्दातमा ५१.५६ प्रतिशतले संकुचन, संचित नाफा तथा जगेडा कोषमा २०.१८ प्रतिशतले संकुचन भएको छ। यस आ.व. को दोस्रो त्रैमास मसान्त सम्मको खुद मुनाफा अधिल्लो वर्षको दोस्रो त्रैमास मसान्तको तुलनामा ४१.२३ प्रतिशतले घटेको छ। यस आ.व. को दोस्रो त्रैमास सम्ममा यस संस्थाको खुद मुनाफा आठ करोड उनान्चास लाख चौध हजार पाँच सय चौध रहेको छ। यस त्रैमासमा अधिल्लो आ. व. मसान्तको तुलनामा संस्थाको खुद कर्जा लगानी रकम १७.०४ प्रतिशतले घटेको छ। कर्जा असूलीको रकमबाट ब्याजदर लागत बढी भएको ऋण सापटी चुक्ता गर्नुका साथै तरलता व्यवस्थापन गरिएको छ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :

यस लघु वित्त वित्तीय संस्था निरन्तर रुपमा गुणस्तरीय थोक लघु कर्जा सेवा दिने कार्यमा केन्द्रित रहेको छ। साझेदार संस्थाहरु मार्फत अधिकतम ऋणीहरु सम्म वित्तीय पहुँच बृद्धि गर्नका लागि व्यवस्थापनले आगामी दिनमा प्रभावकारी रुपमा काम गर्नेछ। वित्तीय क्षेत्रका विभिन्न सूचकहरु जस्तै ऋणी संस्थाहरुमा बढ्दो जोखिमलाई मध्यनजर गर्दै यस त्रैमास मसान्तमा कर्जा लगानी संकुचित भएकोमा बृहत विश्लेषण पश्चात न्यून जोखिम देखिएका संस्थाहरुमा कर्जा प्रवाह गरि यस त्रैमास मसान्तको तुलनामा वासलातमा बृद्धि गर्दै जाने सम्भावनाहरु रहेका छन्। तसर्थ आगामी त्रैमासमा अवसर र चुनौतीहरुलाई मध्यनजरमा राखी वासलातका सम्पत्तिको गुणस्तर कायम गर्दै संयमताका साथ अघि बढ्ने योजनाहरु रहेको छ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पर्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :

चालु आ.व. को यस त्रैमास मसान्तसम्म व्यवसायको आकार अनुसार संचालन मुनाफा सन्तोषजनक रहेको छ। देशको आर्थिक गतिविधिमा देखिएको संकुचन तथा लघुवित्त संस्थाहरु विरुद्धको अप्राकृतिक गतिविधिहरुले गर्दा थप कर्जा प्रवाह तथा असुलीमा थप असर पर्न सक्ने देखिएको छ। केहि संस्थामा बढ्दो जोखिम बाहेक अन्य कर्जा असुली नियमित रहेको छ र संस्थाले ऋणी संस्थाहरुको नियमित रुपमा अनुगमन, जोखिम मूल्यांकन र असुलीमा जोड दिइरहेको छ। आगामी दिनहरुमा संस्थाको नगद प्रवाह, ब्याजदर अन्तरको दर तथा नाफामा समेत केहि असर पर्न सक्ने देखिएको छ भने देशको समग्र आर्थिक स्थिति सुधार भए सँगै संस्थाको स्थिति पनि सुधार हुँदै जाने अपेक्षा गरिएको छ।

३. कानुनी कारवाही सम्बन्धी विवरण :

क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाका विरुद्ध कुनै मुद्दा दायर भएको भए :

यस अवधिमा संस्थाले कर्जा असुलीको लागि कर्जा असुली न्यायाधिकरणमा दर्ता गरिएको नियमित मुद्दा बाहेक अन्य मुद्दा नभएको र संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन।

ख) संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :

संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :

कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको बारे कुनै जानकारी प्राप्त भएको छैन।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :

क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :

यस लघु वित्त वित्तिय संस्थाको शेयर कारोबारका सम्बन्धमा व्यवस्थापनले नियमित रुपमा नेपाल स्टक एक्सचेन्जको कारोबार अवलोकन गरिरहेको छ। समिक्षा अवधिमा शेयरको मूल्यमा तात्विक असर पार्ने लघु वित्त वित्तीय संस्था विरुद्धको आन्दोलन बाहेक कुनै पनि असामान्य घटना घटेको छैन। यस त्रैमासमा नेप्सेमा जम्मा ४९ दिन कारोबार भएको छ र यस लघु वित्त वित्तीय संस्थाको शेयर नेपाल स्टक एक्सचेन्जको सूचकाङ्कको आधारमा खुल्ला बजारमा सामान्य रुपमा कारोबार भइरहेको पाइन्छ।

ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबारको संख्या :

मिति २०८०/०७/०१ देखि २०८०/१०/२९ सम्मको अवधिमा यस संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबारको संख्या निम्न विवरण अनुसार भएको देखिन्छ।

अधिकतम मूल्य रु	न्यूनतम मूल्य रु	अन्तिम मूल्य रु	कारोबार भएको कूल दिन	कारोबारको संख्या	कारोबार भएको कुल शेयर संख्या
७०७	५६१.१	६६५	४९	५,१५३.००	६५४,६९५.००

(श्रोतः नेपाल स्टक एक्सचेन्जको वेबसाईट www.nepalstock.com.np अनुसार)

५. समस्या तथा चुनौती :

समस्या : सीमित वित्तीय श्रोत, ऋणी लघुवित्तीय संस्थाहरुमा बढ्दो जोखिम, सदस्यहरुमा वित्तीय साक्षरतामा कमी, लघुवित्त सदस्यहरुको व्यवहारमा परिवर्तन, दक्ष जनशक्तिको अपर्याप्तता आदि।

चुनौती : ऋणी संस्थाहरुमा देखिन थालिएको कर्जा असुलीको समस्या, लघु वित्त वित्तीय संस्था विरुद्धको अप्राकृतिक अभियान, नीति तथा नियममा हुने परिवर्तन, वित्तीय स्रोतको विविधतामा कमी, आयातमुखी अर्थतन्त्र।

रणनीति : खुद्रा लघुकर्जा प्रवाह गर्ने लघुवित्त संस्थाहरु मार्फत लक्षित विपन्न सदस्यहरुमा सेवा विस्तार गर्ने र लगानीमा विविधीकरण गरी जोखिम न्यूनीकरण गर्नु प्रमुख रणनीतिको रुपमा रहेको छ। साथै मानव श्रोतको विकास तथा व्यवस्थापन गर्दै निम्न रणनीतिहरु अवलम्बन गरिने छ :

क. व्यवसायिक सम्बन्ध तथा सूचना प्रणाली विस्तार गर्ने।
ख. व्यवसायिक दिगोपना सुधार गर्ने।
ग. केहि संस्थामा बढ्दो जोखिम न्यूनीकरण गर्ने।
घ. कर्जा लगानी सम्बन्धि रणनीति परिवर्तन गर्ने।
ङ. लागत कटौती गर्ने रणनीति लागू गर्ने।

६. संस्थागत सुशासन :

संस्थागत सुशासन सुदृढ गर्नका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति तथा कर्मचारी सेवा सुविधा समिति लगायतका समितिहरु र व्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ। ऐन तथा नियम, नेपाल राष्ट्र बैंकको निर्देशन तथा लघुवित्त वित्तीय संस्थाले बनाएका नीति नियमहरु अनुपालन गरिएका छन्। संस्थागत सुशासनलाई अझ बलियो बनाउनका लागि नीति नियम तथा निर्देशिकाहरु तयार गरी व्यवस्थापनको स्पष्ट अधिकार र दायित्वको व्याख्या गरिएको छ जुन सञ्चालक समिति तथा अन्य समितिहरुद्वारा नियमित रुपमा सम्बन्धित विषयमा अनुगमन गर्ने गरिएको छ।

७. सत्य तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरु सुसूचित भई निर्णय लिन आवश्यक पर्ने कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाइएको छैन।

'एक्टर'बाट राजवल्लभको कमब्याक



अभिनेता राजवल्लभ कोइरालाको पुनरागमन हुने भएको छ। अभिनेता प्रदीप खड्काको मुख्य भूमिका रहने चलचित्र 'एक्टर'मा राजवल्लभ काम गर्न तयार भएका हुन्। निर्माण पक्षले यो चलचित्रमा अभिनेता खड्का र अभिनेत्री आना शर्मालाई फाइनल गरिसकेको छ। राजन भुसालको निर्देशनमा तयार हुन लागेको यो फिल्ममा थमनकुमार भण्डारीको लगानी छ।

'पुजार सार्की'मा प्रकाश सपुतको स्वर



चलचित्र 'पुजार सार्की'को पहिलो गीत रेकर्डिङ भएको छ। चलचित्र गीतमा शनिबार प्रकाश सपुत र शान्तिश्री परियारले स्वर दिएका हुन्। दिनेश राउतले निर्देशन गर्न लागेको चलचित्रमा आर्यन सिग्देल, प्रदीप खड्का, पल शाह, अञ्जना बराइली, परीक्षा लिम्बूको प्रमुख भूमिकामा रहनेछ।

चिसोमा आवाज बिग्रन नदिन के गर्ने ?

सामान्य अवस्थामा हाम्रो नाकबाट दिनमा चार सय एमएल पानी बनिरहेको हुन्छ। यो पानी पेटमा गइरहेको हुन्छ। जुन हामीलाई थाहा हुँदैन। यो प्राकृतिक प्रोसेस हो। यदि रुघाखोकी लागेको छ भने नाकमा एक्स्ट्रा पानी बनिरहेको हुन्छ। पाकेको रुघाखोकी घाँटीभित्र जाँदा चुहिएर खोकी लाग्छ, घाँटी दुख्ने हुन्छ। सासको नलीमा गयो भने आवाज भासिने, धोद्रो हुने, सास फेर्न गाह्रो हुनेलगायत समस्या आउँछ।

डाक्टरको सल्लाह



डा. सुवास खड्का
नाक, कान, घाँटी रोग विशेषज्ञ
एभरेस्ट अस्पताल

प्रोफेसनल भ्वाइस युजरलाई असर

कलाकार तथा प्रोफेसनल भ्वाइस युजरका लागि आवाज भनेको अमूल्य कुरा भयो। उहाँहरूले आवाजको एक्स्ट्रा केयर गर्नुपर्छ। यसमा सुधार ल्याउनका लागि एक्स्ट्रा इफोर्ट लगाउनुपर्छ। जस्तो, गायकले बिहानदेखि बसेर रियाज गर्नुहुन्छ। त्यसैले उहाँहरूले आवाजको हेरचाह पनि धेरै गर्नुपर्छ। संक्रमण कन्ट्रोल गरेन, घाँटीमा समस्या हुँदा उपचार गरेन भने भोकल कर्ड चाँडै बिग्रिने जोखिम हुन्छ। किनकि, उहाँहरूको आवाज अत्यधिक प्रयोग भइरहेको हुन्छ। त्यसले आममानिसको दाँजोमा धेरै काम गरिहेको हुन्छ र प्रेसरमा हुन्छ। यदि त्यहाँ इन्फेक्सन छ भने त्यो छिटो बिग्रिने खतरा हुन्छ।



उपचार

गायक वा प्रोफेसनल भ्वाइस युजरले घाँटीको इन्फेक्सन, नाकको एलर्जीलगायत कुनै पनि समस्या भइसकेपछि गाउने वा बोल्ने कामलाई ब्रेक दिनुपर्छ। त्यसपछि चिकित्सकसँग परामर्श गरेर छिटोभन्दा छिटो उपचार गर्नुपर्छ। किनकि, तपाईंको आवाज बिग्रियो भने तपाईंलाई भन् गाह्रो हुन्छ। गायक क्षेत्रमा लाग्नेका लागि आवाज नै अमूल्य सम्पत्ति भएकाले यसको विशेष केयर गर्नुपर्छ। भोकल कर्ड बिग्रिएका वेला पनि गाउनु भनेको चोट लागेको मानिसलाई युद्धमा पठाउनुजस्तै हो।

हिटर प्रयोग गर्दा ध्यान दिनुस्



जाडो मौसममा मानिसहरू घरभित्रै बस्न रुचाउँछन्। तर, कोठा चिसो हुँदा घरभित्रै पनि सास्ती महसुस हुन्छ। त्यसैले धेरैले कोठा तताउनका लागि हिटर प्रयोग गर्छन्। तर, यसका धेरै बेफाइदा छन्। जस्तो, यसले अक्सिजन सोस्छ र गुम्म बनाइदिन्छ। लामो समय हिटर ताप्दा विभिन्न स्वास्थ्य समस्या पनि देखिन्छन्। केही उपाय अपनाएर कोठालाई प्राकृतिक रूपमै पनि न्यानो र आरामदायी बनाउन सकिन्छ।

सावधानी

- चिसोमा कोठालाई सहज रूपमा न्यानो बनाउन हिटर प्रयोग गरिन्छ। तर, यसका धेरै बेफाइदा छन्। त्यसैले हिटर प्रयोग गर्दा सजग हुन जरुरी छ।
- बन्द कोठामा हिटर अन गरेर बाहिर निस्कने काम कहिल्यै नगर्नौं। हिटरबाट निस्कने कार्बन मनोअक्साइड ग्यास स्वास्थ्यका लागि घातक छ।
- हिटर अन गरेर कहिल्यै नसुर्नौं। यसले सास फेर्न गाह्रो हुन्छ र कतिपयको ज्यानै जान सक्छ।
- लामो समय हिटरमा बस्दा छाला सुक्खा हुन्छ। मुटु, श्वासप्रश्वास, खोकीजस्ता समस्या भएका व्यक्तिले एयर ब्लोअर र हिटरको प्रयोग गर्नुहुँदैन।
- प्रज्वलनशील पदार्थ, कागज, ब्ल्यांकेट, कपडा, दाउरालगायत सामग्रीलाई हिटरनजिक कहिल्यै राख्नुहुँदैन।
- हिटरलाई बच्चानाजिक राख्नुहुँदैन। झ्याल, ढोका थुनेर हिटर चलाउँदा कोठामा अक्सिजनको मात्रा कम हुन्छ। त्यसैले हिटर बालेका वेला कोठा पनि खुला राख्नुपर्छ।

यसरी गर्नुस् ब्याटल रोप



छोटो समयको अभ्यासकै भरमा शरीरलाई सन्तुलित राख्न सकिने व्यायाम हो, 'ब्याटल रोप'। यो डोरीको सहायताले गरिने अभ्यास हो। यसलाई हाई इन्टेसिटी ट्रेनिङको श्रेणीमा राखिएको छ, किनकि यो अभ्यास गर्नाले प्रतिमिनेट १० क्यालोरीसम्म बर्न गर्न सकिन्छ।

३० देखि ५० फिट लामो र १.५ देखि २ इन्च चौडा डोरीको सहायताले यो व्यायाम गर्न सकिन्छ। ब्याटल रोपका लागि आवश्यक उपकरण बजारमा किन्न पाइन्छ वा व्यायाम प्रशिक्षक अथवा विज्ञसँग सल्लाह गरेर तपाईंले घरमै पनि यस्तो उपकरण बनाउन सक्नुहुन्छ।



देवेन्द्र श्रेष्ठ,
फिटनेस कोच
प्लानेट फिटनेस सेन्टर

डोरीलाई अड्काउने, दुवै हातले त्यसलाई समात्ने र चलाउने गर्नुपर्छ। व्यायामको समय अगाडि फर्किएर हल्का झुक्नुहोस्। तर, पछाडि फर्किएर झुक्नुहुँदैन। कुर्कुच्चामा भार नपर्ने गरी घुँडालाई मोड्नुपर्छ।

तपाईंले २० देखि ४० सेकेन्डसम्म व्यायाम गरेपछि २० देखि अधिकतम ६० सेकेन्डसम्म आराम गर्न सक्नुहुन्छ। यसरी कसरत गर्दै र आराम गर्दै १० देखि ३० मिनेटसम्म अभ्यास गर्दा राम्रो हुन्छ। ब्याटल रोपका भिडियो युट्युब वा सामाजिक सञ्जालमार्फत हेर्न सकिन्छ। थप जानकारीका लागि यस्तो अभ्यास गरिरहेका व्यक्ति वा विज्ञसँग परामर्श लिन सक्नुहुन्छ।

फाइदा

- यस व्यायाममा मांसपेशी अलग-अलग तरिकाले सक्रिय हुन्छन्। त्यसैले फ्याट बर्नसँगै मांसपेशी पनि बलियो हुन्छ। काँध वा बाइसेप्सको आसपास फ्याट घटाउँदै शरीरका हिस्सालाई फिट बनाउँछ।
- यसले घुँडा तथा जोर्नीको दुखाइ कम गर्छ। ३० देखि ५० फिट लामो र १.५ वा २ इन्च चौडा डोरीको सहायताले गरिने यस अभ्यासले मानिसको हृदयको क्षमतालाई पनि बढाउँछ।
- भारत्तोलन वा ट्रेडमिलका लागि जिमखाना जानुपर्ने वा घरमै आवश्यक सामग्री जोहो गनुपर्ने हुन्छ। बाहिर जानुपर्दा यस्तो अभ्यास छुट्ने सम्भावना धेरै हुन्छ। तर, ब्याटल रोप जहाँ पनि गर्न सकिन्छ।

जाडोमा फेसनेबल देखिन...



जाडो होस् वा गर्मी पहाडी इलाका सधैँ घुमघामका लागि मानिसहरूको रोजाइमा पर्छ। तर, अहिलेको मौसममा उच्च स्थानमा निस्किँदा केही कुरा ख्याल गर्नुपर्ने हुन्छ। आफ्नो स्वास्थ्य अवस्था तथा त्यहाँको तापक्रमका विशेषमा सधैँ ख्याल राख्नुपर्ने हुन्छ। कहिलेकाहीं अत्यधिक चिसो भइदिन्छ, त्यस्तो अवस्थामा लेक चढ्नुको साटो तल झर्नुपर्छ।

जाडोमा जाँदा बाक्लो कपडा लगाउनुपर्ने भएकाले कतिपयलाई भद्दा देखिएला भन्ने डर पनि हुन्छ। किनकि, घुमघाममा निस्किँदा मानिस फेसनेबल देखिन चाहन्छन्। 'कतिपय मानिस कपडा लगाउँदा भद्दा देखिन्छ भनेर चिन्तित हुन्छन्। मिलाएर लगाउन जान्ने हो भने बाक्लो कपडाले अझै धेरै फेसनेबल देखाउँछ। तसर्थ, आफ्नो शरीरमा फिट हुने कपडा छान्नुपर्छ,' कायरा बुटिककी रोजिना श्रेष्ठ भन्छिन्, 'ओभरकोट, फिटिङ ज्याकेट, बाक्लो ट्राउजर, स्पोर्टस् सुज, लेगिज आदिले न्यानो राख्छ र फेसनेबल पनि देखाउँछ। डेनिम ज्याकेट पनि निकै फेसनेबल देखिन्छ। महिलाहरूलाई कुर्थामा पनि सुहाउँछ। तर, यसले धेरै जाडो नधान्ने भएकाले दिउँसोको समयका लागि मात्रै उपयुक्त हुन्छ।'

'महिलाहरूले स्कर्ट र लेगिज म्याचिङ गरेर पनि लगाउन सक्छन्। जाडोमा विभिन्न डिजाइनका बुट पनि पाइन्छन्। पन्चुलाई विन्टर स्कर्ट, लेगिज वा जिन्ससँग म्याच गरेर स्टाइलिस बुट लगाउँदा महिलाहरू निकै स्टाइलिस देखिन्छन्। कपाल छाडेर टोपी लगाउँदा अझै क्युट देखिन्छ।' ज्याकेटसँग कलर कम्बिनेसन मिलाएर मफलर लगाउँदा यसले स्टाइलिस देखाउँछ। आकर्षक डिजाइनका टोपी तथा स्कार्फले पनि मानिसको व्यक्तित्व खुलाउन सहज हुन्छ। महिलाहरूले सललाई पनि विभिन्न स्टाइल दिएर ओढ्न सक्छन्।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मितिः २०८०/१०/०७

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय मुर्गिया, रुपन्देहीबाट तपसिलमा उल्लेखित तपाई ऋणीले सिटिजन्स सवारी कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीलाई मिति वि.सं २०८०/०१/१३ को बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित, मिति वि.सं २०८०/०४/१४ को अन्नपुर्ण राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक १५ (पन्ध्र) दिने लिलामिको सूचना प्रकाशित तथा मिति वि.सं २०८०/०६/०४ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा दोसो पटक १५ (पन्ध्र) दिने लिलामिको सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय मुर्गिया, रुपन्देहीमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स सवारी कर्जा
ऋणीको नाम : तिनाउ एकता कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.
रजिष्टर्ड ठेगाना : तिनाउ गा.पा. वडा नं. ३, ज्यामिरे, पाल्पा
रजिष्ट्रेसन नं. : २३३३०५/०७६/०७७ (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौं)
दर्ता मिति : २०७६/१०/१४
पान नं. : ६०९७१०५२०

कम्पनी संचालक तथा जमानीकर्ताको नाम र ठेगाना		जमानीकर्ताहरुको नाम र ठेगाना	
नाम	: धन बहादुर थापा	१. नाम	: यम बहादुर थापा
बाबु	: यम बहादुर थापा	बाबु	: भवि लाल थापा
बाजे	: भवि लाल थापा	बाजे	: कर्ण बहादुर थापा
ठेगाना	: दोभान गा.वि.स. वडा नं. २, पाल्पा	ठेगाना	: गोठादी गा.पां. वडा नं. ७, पाल्पा
हाल	: तिनाउ गा.पा. वडा नं. ३, ज्यामिरे, पाल्पा	हाल	: तिनाउ गा.पा. वडा नं. ३, ज्यामिरे, पाल्पा
ना.प्र.नं.	: ३९१०३२/३३६	ना.प्र.नं.	: २१९७८
जारी मिति	: २०६६/०२/२८	जारी मिति	: २०४४/०३/१०
जि.प्र.का.	: पाल्पा	जि.प्र.का.	: पाल्पा
२. नाम	: बसन्ता आले	३. नाम	: खगीसरा थापा
बाबु	: लोक बहादुर आले	बाबु	: कर्ण बहादुर सर्बुजा
पति	: धन बहादुर थापा	पति	: यम बहादुर थापा
ससुरा	: यम बहादुर थापा	ससुरा	: भवि लाल थापा
ठेगाना	: तेल्धा गा.पा. वडा नं. १, पाल्पा	ठेगाना	: दोभान गा.पा. वडा नं. २, पाल्पा
हाल	: तिनाउ गा.पा. वडा नं. ३, ज्यामिरे, पाल्पा	हाल	: तिनाउ गा.पा. वडा नं. ३, ज्यामिरे, पाल्पा
ना.प्र.नं.	: ३९-०१-७०-०८४८२	ना.प्र.नं.	: ८०१६९
जारी मिति	: २०७०/११/२७	जारी मिति	: २०५७/१/१२
जि.प्र.का.	: पाल्पा	जि.प्र.का.	: पाल्पा
४. नाम	: दुर्ग बहादुर थापा	१. धितो राखिएको सम्पत्तिको विवरण	
बाबु	: यम बहादुर थापा	धितो सुरक्षण धनीको नाम : सवारीधनी सिटिजन्स बैंक इन्टरनेसनल लि. भई ऋणी तिनाउ एकता कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. भएको।	
बाजे	: भवि लाल थापा		
ठेगाना	: दोभान गा.पा. वडा नं. २, पाल्पा		
हाल	: तिनाउ गा.पा. वडा नं. ३, ज्यामिरे, पाल्पा		
ना.प्र.नं.	: ३९३०३२/४६९		
जारी मिति	: २०६३/११/१३		
जि.प्र.का.	: पाल्पा		

सवारीको मोडल	MANITOU Backhole Loader
इन्जिन नं.	4H3302/1920214
च्यासिस नं.	TEP844B4TK9014677
दर्ता नं.	Lu 1 Ka 4137
बनेको साल	2019

२.धितो राखिएको सम्पत्ति विवरण
धितो सुरक्षण धनीको नाम : यम बहादुर थापा

जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल	कैफियत
पाल्पा	गोठादी	७/७	९६	११-१५-२-३ (रोपनी)	सो जग्गामा भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु र सो को लिग लगापात समेत।
				६०९४.९४ (व.मी)	

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साबिकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय मुर्गिया, रुपन्देही कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८०/१०/१५ गते, सोमबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय मुर्गिया, रुपन्देही।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

छिमेक बजार व्यवस्था कम्पनी लिमिटेड
केन्द्रीय कार्यालय, मध्ये बानेश्वर-३१, काठमाण्डौ, फोन ०१-४४८४२२७

तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/१०/०६)

यहि मिति २०८०/०९/२३ गते बसेको संचालक समितिको ११७औं बैठकको निर्णय अनुसार यस कम्पनीको १३औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु।

सभा हुने मिति, समय र स्थान :
मिति : २०८०/१०/ २८ गते आईतबार (तदनुसार ११ फेब्रुवरी, २०२४)
समय : दिनको २ :०० बजे ।
स्थान : मध्य बानेश्वर, मिलन चोक स्थित छिमेक समाज सेवा संस्था को सभाहल ।
छलफलका विषय सुची :

१. सामान्य प्रस्ताव :
(क) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन छलफल तथा पारित गर्ने,
(ख) लेखापरीक्षकको प्रतिवेदन तथा आ.व.२०७९/०८० को वासलात, नाफा नोक्सान र नगद प्रवाह विवरण पारित गर्ने,
(ग) आ.व.२०८०/०८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारीश्रमिक तोक्ने ।
(घ) संचालक समितिले सिफारिस गरे बमोजिम आ.व.२०७९/०८० सम्मको संचित मुनाफा बाट हाल कायम चुक्ता पूँजीको ५ प्रतिशतले हुन आउने रकम रु. १५,००,०००। (अक्षरेपी पन्ध्र लाख रुपैयाँ मात्र) नगद लाभांश (कर समेत) वितरण गर्ने,
(ङ) रिक्त रहेको एक जना संचालक नियुक्ती गर्ने सम्बन्धमा ।

२. विषेश प्रस्ताव :
(क) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अख्तियारी दिने ।

३. विविध :

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

नोटः यस सूचनाको विस्तुत विवरण मिति २०८०/१०/०६ गतेको नयाँ पत्रिका दैनिकमा हेर्न सकिनेछ ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था) को उनान्तीसौं वार्षिक साधारण सभाको सूचना

(प्रथम पटक २०८० पौष २३ गते राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित)

यस संस्थाको मिति २०८०/०९/२२ मा बसेको संचालक समितिको ४१५ औं बैठकको निर्णय बमोजिम उन्नातिसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्ताव उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरुलाई उपस्थितको लागि हार्दिक अनुरोध गर्दछु।

क) सभा हुने मिति, समय र स्थान :
मिति : २०८० साल माघ १५ गते सोमबार (तदनुसार २९ जनवरी २०२४)
समय : ११:०० बजे
स्थान : गुडविल फाइनान्स लिमिटेड, हात्तीसार, काठमाडौं।

ख) छलफलका बिषयहरु :
१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन।
२) लेखा परीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात तथा आ.व. २०७९/०८० को नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण स्वीकृत गर्ने।
३) लेखा समितिको सिफारिस बमोजिम आ.व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रामिक निर्धारण गर्ने। (वर्तमान लेखापरीक्षक श्री वि.आर.एस न्यौपाने एण्ड कम्पनीका पार्टनर ज्ञानेन्द्र बहादुर भारी पुनः नियुक्ती गर्न मिल्ने)।
४) संचालक समितिको थप अवधिमा भए गरेका कामको अनुमोदन गर्ने।

विशेष प्रस्तावः
१. प्रवन्ध पत्रमा उद्देश्य थप गर्ने।
२. प्रवन्ध पत्रमा उद्देश्य थप गर्दा नियमन निकायबाट कुनै निर्देशन वा सुझाव दिएमा सोही अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजित गर्ने।
३. एक जना महिला सहित संस्थापक शेयरधनीहरुका तर्फबाट संचालक समितिमा प्रतिनिधि गर्ने संचालक पद २ र सर्वसाधारण शेयरधनीका तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने पद २ को निर्वाचन।
४. विविध

आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धी जानकारी
१) वार्षिक साधारण सभा स्थगित गर्दा संस्थाको शेयर ना.सा.दा.खा. का लागि कायम मिति २०८० साल पौष १८ गते देखि मिति २०८० पौष २९ गतेसम्मको मितिलाई नै कायम गरिएको छ।
२) शेयरधनी महानुभावहरुको सुविधाको लागि सभा हुने दिन अर्थात मिति २०८० साल माघ १५ गते दिनको १०:०० बजे सभा स्थलमा उपस्थित जनाउने कार्यको लागि उपस्थित पुस्तिका राख्ने व्यवस्था मिलाईएको छ।
३) वार्षिक साधारण सभा सम्बन्धि प्रतिवेदन संस्थाको www.goodwillfinance.com.np वेवसाइटमा राखिएको छ।
४) प्रतिवेदन माथिको सल्लाह र सुझाव लिखित वा e-mail: info@goodwill.net.np मार्फत जानकारी गराउँन सकिने छ।
५) अन्य जानकारीको लागि संस्थाको कर्पोरेट कार्यालय हात्तीसारमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोनः ४५४४०३५, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

इजरायलविरुद्ध दक्षिण अफ्रिकाको न्यायिक लडाइँको प्रभाव

प्यालेस्टाइनमा भइरहेको इजरायली नरसंहारको विरोधका अनेकौं प्रयासमध्ये दक्षिण अफ्रिकाले अन्तर्राष्ट्रिय अदालतमा लडिरहेको मुद्दा एक सुसंगत औपचारिक लडाइँ हो



● लक्ष्मणप्रसाद रिजाल

अग्रलेख

म्यानमारले रोहिंग्या जातिमाथि गरिरहेको बर्बरता, रसियाले युक्रेनीमाथि प्रदर्शन गरिरहेको क्रूरता र इजरायलले खुलेआम गरिरहेको अत्याचार रोक्न कसैले सकेको छैन, कसैले केही गरेको छैन । दोस्रो विश्वयुद्धका वेला भएको मानव इतिहासकै सबैभन्दा क्रूर अपराध 'होलोकास्ट'पछि १९४८ मा जातिहत्या अपराधको रोकथाम र सजायसम्बन्धी महासन्धिमा संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले हस्ताक्षर गरे र यस्तो क्रूर अपराध फेरि कहिल्यै नदोहोऱ्याउने संकल्प गरे । तर, पछिल्ला तीन वर्षमा मात्र नेदरल्यान्डको हेगस्थित अन्तर्राष्ट्रिय न्यायालयमा विचाराधीन तीनवटा मुद्दामा यही महासन्धिको उल्लंघन भएको दाबी छ ।

पृष्ठभूमि : ती तीनमध्ये पछिल्लो मुद्दा इजरायलले गाजा क्षेत्रमा गरिरहेको नरसंहारसम्बन्धी जेनेभा कन्भेन्सनको उल्लंघन भएको भन्दै दक्षिण अफ्रिकाले अन्तर्राष्ट्रिय अदालतमा दायर गरेको मुद्दाको दुई दिन लामो प्रारम्भिक बहस केही दिनअघि सकिएको छ । दक्षिण अफ्रिकाले माग गरेको अन्तरिम आदेशमाथि भएको बहसको समाप्तिपछि अदालतले अन्तरिम आदेश दिने वा नदिने, दिएको खण्डमा कस्तो अन्तरिम आदेश दिने भन्न विषयमा छलफल गरेर आफ्नो निर्णय दिनेछ । यसबीच दक्षिण अफ्रिकाले दायर गरेको मुद्दाका अनेक पक्षमा विभिन्न टीकाटिप्पणी र बहस भइरहेका छन् । यस लेखमा अदालतले दिने अन्तरिम आदेश र यसले पार्ने प्रभावका सम्बन्धमा संक्षेपमा चर्चा गरिनेछ ।

अक्टोबर ७, २०२३ मा इजरायलमाथि हमासले गरेको आक्रमणपछि इजरायलले गरिरहेको प्रत्याक्रमणमा हजारौं आमनागरिकले ज्यान गुमाएका छन् । दक्षिण अफ्रिकाले अदालतमा पेस गरको निवेदनमा उल्लेख भएअनुसार संसारको सबैभन्दा बढी जनघनत्व भएकामध्ये एक सहर, गाजामा प्रतिसाता ६ हजार बम खसिरहेका छन्, जसले भूमध्य सागरको किनारमा अवस्थित यो चुच्चे सहरको रङ र रूपरेखा पूरै बदलिदिएको छ । २१ हजारभन्दा बढी प्यालेस्टाइनीले ज्यान गुमाएका छन्, ५५ हजारभन्दा बढी घाइते छन् । यीमध्ये बालबालिका र महिलाको संख्या ज्यादै धेरै छ । र, यो संख्या दिनानुदिन बढिरहेको छ । प्यालेस्टाइनका बासिन्दाले खेपिरहेको यो ज्यादतीमा सिंगो विश्व चुपचाप हेरिरहेको छ, संयुक्त राष्ट्र संघ प्यारालाइज्ड छ र इजरायल खुलेआम प्यालेस्टाइनी आँगनमा बम खसालिरहेको छ ।

अदालतमा मुद्दाको कारबाही : दक्षिण अफ्रिकाले इजरायलले प्यालेस्टाइनमा नरसंहारको अपराध गरिरहेको अभियोगमा मुद्दा दायर गरेको हो । सन् १९४८ को महासन्धिको धारा २ ले कुनै खास राष्ट्रिय, साम्प्रदायिक, जातीय वा धार्मिक समूहलाई पूर्ण वा आंशिक रूपमा नाश गर्ने उद्देश्य राखी सो समूहका सदस्यको हत्या गर्ने, उनीहरूलाई गम्भीर मानसिक वा शारीरिक क्षति पुऱ्याउने, समूहभित्रको जन्मलाई रोक लगाउने आदि कार्य गरेमा जातिहत्या वा नरसंहारको अपराध गरेको मानिने उल्लेख गरेको छ । यस प्रावधानमा उल्लिखित कार्य गर्नु मात्र नभई सो कार्य रोकथाम गर्नबाट विमुख हुनु पनि जातिहत्याको अपराध नै मानिन्छ । दक्षिण अफ्रिकाले अदालतमा आफूले पेस गरेका प्रमाणले इजरायलले आफ्नो राज्य संयन्त्र, राज्यका प्रतिनिधि र अन्य व्यक्ति वा संस्थामार्फत प्यालेस्टाइनी नागरिकको नरसंहार गर्ने नियत राखी आक्रमण गरिरहेको पुष्टि हुने दाबीसहितको निवेदन २९ डिसेम्बर २०२३ मा पेस गरेको थियो ।

अन्तरिम आदेशको माग : अन्तर्राष्ट्रिय न्यायालयमा मुद्दाको अन्तिम फैसला हुन वर्षौं लाग्न सक्छ । मुद्दाको अन्तिम किनारा नलागुन्जेल पक्षराष्ट्रले माग गरेका सम्बन्धित अधिकार सुरक्षा गर्ने उद्देश्यले कुनै काम गर्न वा नगर्नका लागि अदालतले आदेश दिन्छ, जसलाई अन्तरिम आदेश भनिन्छ । अन्तरिम आदेशका लागि प्रथम दृष्टिमै अदालतको अधिकार क्षेत्र स्थापित हुनुपर्छ । यसरी अदालतको अधिकार क्षेत्र छ भन्ने देखिएमा, अन्तरिम आदेश निवेदकले संरक्षण गर्न खोजेका अधिकारलाई अब उप्रान्त उल्लंघन हुनबाट रोक्नका लागि माग गर्न सक्छन् र मनासिब ठहरिएमा अदालतले त्यस्तो आदेश दिन सक्छ । त्यसैगरी त्यस्तो आदेश प्राप्तिका लागि तत्काल त्यस्तो आदेश नदिने हो भने ती अधिकारमाथि अपुरणिय क्षति पुग्ने र पछि अदालतको फैसलाले पनि सो परिपूर्ति गर्न नसकिने जोखिमको विद्यमानता हुनुपर्छ । मुद्दाको यस चरणमा गाजा क्षेत्रमा जाति हत्याको अपराध भइरहेको वा हुन सक्ने जोखिम मात्र प्रमाणित भएमा अन्तरिम आदेश जारी हुन पर्याप्त हुन्छ, अपराध नै प्रमाणित हुनुपर्दैन । प्यालेस्टाइनीले निरन्तर ज्यान गुमाइराखेको र युद्ध अन्त्यको सम्भावना नरहेको अवस्थामा अदालतले इजरायललाई गाजा क्षेत्रमा गरिरहेको सैन्य कारबाही रोक्न आदेश दिने माग निवेदक राष्ट्र दक्षिण अफ्रिकाको रहेको छ ।

दक्षिण अफ्रिकाले आफ्नो निवेदनमा (१) इजरायलले गाजा क्षेत्रमा गरिरहेका सम्पूर्ण सैन्य कारबाही बन्द गर्नुपर्ने, (२) गाजा क्षेत्रमा भइरहेको जातिहत्याको रोकथामका लागि मनासिब उपायहरू लगाउनुपर्ने, (३) १९४८ को महासन्धिअन्तर्गतका अपराध गर्न बन्द गर्नू भनी आदेश दिनुपर्ने माग अदालतसमक्ष राखेको छ । गत मंगलबार दक्षिण अफ्रिकाले गरेको प्रारम्भिक



बहसमा सोही माग दोहोऱ्याएको छ भने पछिल्लो दिनमा जवाफी बहसमा इजरायलले दक्षिण अफ्रिकाले आफूमाथि भ्रामक, बंग्याइएका र बनावटी तथ्यमा आधारित आरोप लगाएकाले अन्तरिम आदेश जारी गर्न नहुने भनी प्रतिकार गरेको छ ।

प्रारम्भिक बहसका संकेत : दक्षिण अफ्रिकाको प्रतिनिधित्व गरिरहेको कानुनी टिमले बहुतै सुसंगत र सशक्त तर्क पेस गरेको छ । विशेषगरी, इजरायलले गाजामा गरिरहेका आक्रमण, ती आक्रमणले पुऱ्याएको क्षति र सो क्षति प्यालेस्टाइनी जनतालाई आंशिक रूपमा सिध्याउने उद्देश्य राखी पुऱ्याइएको भन्ने पुष्टिका लागि पेस गरिएका दर्जनौं प्रमाणले दक्षिण अफ्रिकाको दाबीलाई बलियो बनाएका छन् ।

> अदालतको कारबाहीमा सहभागी भइसकेपश्चात् अदालतले दिएको आदेश पालना गर्दिनँ भन्न इजरायललाई मुस्किल त हुन्छ नै, त्यसका साथै अन्तर्राष्ट्रिय समुदायको साथ घट्ने र ऊ झनै एक्लो हुने सम्भावना पनि हुन्छ

इजरायल अपेक्षित रूपमा दाबीको अन्तर्वस्तुमा खासै रक्षात्मक देखिएन । इजरायलले आफ्नो जवाफी बहसमा मुद्दाका प्राविधिक पक्षमा प्रश्न उठायो । अदालतको प्रथम दृष्टिमा अधिकार क्षेत्र नभएको, आफूले हमासले गरेको आक्रमणविरुद्ध आत्मरक्षाका लागि आक्रमण गरिरहेकाले उक्त कार्य नरसंहार हुन नसक्ने, आफूले अन्तर्राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय मानविकी कानुनको पालना गरिरहेको तर्क पेस गऱ्यो । तथापि, प्यालेस्टाइनमा अहिले जे भइरहेको छ, त्यसले इजरायलको दाबीलाई समर्थन भने गरिरहेको छैन ।

दक्षिण अफ्रिकाको प्रस्तुतिबाट अदालतले अन्तरिम आदेश दिन सक्ने प्रशस्त सम्भावना छ । तथापि, हमासले इजरायलविरुद्ध गरिरहेको आक्रमण पनि अदालतसामु प्रस्ट छ, लुकेको छैन । यो अवस्थामा इजरायलले व्यक्त गरेको आत्मरक्षाको तर्क पनि कम बलियो छैन । र, दुईतर्फबाटै भएका आक्रमण र सोको प्रतिकारले धूमिल भएको द्वन्द्वरत मैदानभित्र जातिहत्याको विशेष कलुषित मनसायलाई देख्न अदालतको शान्त च्याम्बरबाट पक्कै पनि अप्ठ्यारो पर्नेछ ।

अब के हुन्छ ? : यहींनेर अर्को गम्भीर र महत्त्वपूर्ण प्रश्न पनि बाँकी छ । अदालतले अन्तरिम आदेश दिँदैमा के गाजाको आकाशमा बमवर्षक विमान या क्षेप्यास्त्र उड्न बन्द हुनेछन् ? के इजरायलले अदालतको आदेशबमोजिम सैन्य कारबाही रोक्ला ? दुःखसाथ भन्नुपर्छ, यसको जवाफ नकारात्मक नै हुन सक्छ । यसका दुई कारण छन् ।

पहिलो, अदालतले दिएको अन्तरिम आदेशको पालना भइहाल्ने गरेको देखिँदैन । यसअघि युक्रेनविरुद्ध रसियाको जातिहत्या महासन्धिकै मुद्दामा अदालतले सैन्य आक्रमण रोक्न रसियालाई आदेश दियो । तथापि, हालसम्म रसियाले सैन्य गतिविधि रोकेको छैन । त्यसमाथि, इजरायलको विगत हेर्ने हो भने उसले कसैलाई टेर्दैन । सुरक्षा परिषद्को निर्णय होस् वा अन्तर्राष्ट्रिय अपराध अदालत, कसैको निर्णय उसले स्विकारेको छैन । दोस्रो, अदालतले आफ्नो आदेश पालना गराउन सक्ने क्षमता राख्दैन । ऊसँग आफ्नै सैन्य बल छैन र यसले संयुक्त राष्ट्र संघकै अर्को अंग सुरक्षा परिषद्मा निर्भर रहनुपर्छ । सुरक्षा परिषद्मा इजरायलले अमेरिकाको भिटोको सुरक्षा कवच पाएको छ र ऊ ढुक्क छ । तसर्थ, अदालतको आदेशको सबैभन्दा ठूलो बल भनेको यसको नैतिक शक्ति हो । अन्तर्राष्ट्रिय न्यायालय, संयुक्त राष्ट्र संघभित्रको सबैभन्दा बढी प्रतिष्ठित र मर्यादित संस्था हो । अदालतको कारबाहीमा सहभागी भइसकेपश्चात् अदालतले दिएका आदेशको पालना गर्दिनँ भन्न इजरायललाई मुस्किल त हुन्छ नै, त्यसका साथै अन्तर्राष्ट्रिय समुदायको साथ घट्ने र ऊ झनै एक्लो हुने सम्भावना हुन्छ । अदालतको आदेश नमान्नुले इजरायलले अन्तर्राष्ट्रिय कानुनको वास्ता गर्दैन भन्ने दक्षिण अफ्रिकाको दाबीलाई थप पुष्टि गर्छ, किनकि अदालतले दिएका आदेश मुद्दाका पक्षलाई बाध्यात्मक हुन्छन् ।

अदालतमा मुद्दा दायर भएदेखि नै इजरायलको हाउभाउ र केही हदसम्म उसको काम गराइमा समेत परिवर्तन देखापर्न थालेका छन् । आफ्ना नेताले बोलेका वा आफ्ना सेनाले गरेका भाषणलाई विभिन्न मञ्चमा प्रस्ट्याउने प्रयत्न इजरायलले गरिरहेको छ । जो पहिले बिरलै हुन्थ्यो वा हुँदै हुँदैनथ्यो । यस मुद्दामा सरिक हुनु र प्रतिरक्षा गर्नु पनि अदालतको प्रतिष्ठा र मर्यादाकै प्रभाव हो ।

त्यसैगरी, इजरायल आफैंले अदालतको आदेशको पालना नगरे पनि उसलाई सहयोग गर्ने अन्य राष्ट्रहरू सहयोग गर्नबाट हच्किनेछन् । यसले, इजरायलका पक्षमा बिरलै नैतिक समर्थन भेटिनेछ । जुन गतिमा निष्फिक्री भएर ऊ गाजामा बम खसालिरहेको छ, अदालतको आदेश आएमा त्यसपछि ऊ बढी संयमित हुन बाध्य हुनेछ ।

अपराधको पनि अपराध भनिने इतिहासको सबैभन्दा घिनलाग्दो जातिहत्याको अपराध गरिरहेको आरोप लाग्नु र सो आरोप संसारको सबैभन्दा ठूलो अदालतमा मुद्दाका रूपमा पेस हुनु आफैंमा एक महत्त्वपूर्ण घटना हो । इजरायलले लामो समयदेखि प्यालेस्टाइनविरुद्ध लडिरहेको युद्धको विरोधमा भइरहेका अनेकौं प्रयासमध्ये यो मुद्दा एक सशक्त अभिव्यक्ति हो र सुसंगत औपचारिक लडाइँ पनि । तसर्थ, दक्षिण अफ्रिकाको यो प्रयासलाई खुलेर समर्थन गर्नेहरूको लहर लामो छ । राजनीतिक खिचातानी, समीकरण र स्वार्थको कुहिरोमा रुमल्लिरहेका शक्ति राष्ट्रहरूको बीचबाट पर हेगको एक शान्त कोठामा भइरहेको यो न्यायको लडाइँले इजरायल प्यालेस्टाइन द्वन्द्वलाई एक नयाँ निकास दिनेछ, नयाँ आयाम र दृष्टिकोण दिनेछ भन्ने अपेक्षा त पक्कै पनि गर्नुपर्छ ।

यसैबीच, जर्मनीले इजरायललाई फाइदा हुने गरी इन्टरभेनिङ पक्षका रूपमा न्यायालयमा बहस गर्ने घोषणा गरेको छ भने नाइजेरियाले जर्मनीको सो कदमको निन्दा गरेको छ । विश्वका थुप्रै देश आआफ्नो कित्तामा उभिएका छन् र बाँकी मौन छन् । यी सबै प्रयासबीच प्यालेस्टाइनमा ज्यान गुमाउनेको संख्या बढेर २४ हजार नाघेको छ भने ६१ हजारभन्दा बढी घाइते भइसकेका छन् ।

(रिजाल अधिवक्ता हुन्)

---

३ प्रश्न

सर्वोच्च अदालतका पूर्वन्यायाधीश **बलराम केसी**लाई



हाम्रा अदालतहरूमा मुद्दाको फैसलामा किन ढिलाइ हुन्छ ?

अदालतमा मुद्दाको फैसला लेख्ने काम इजलास अधिकृतले गर्छन् । महत्त्वपूर्ण मुद्दामा न्यायाधीश आफैंले लेख्नुपर्ने हो । हामीकहाँ कसैकसैले मात्र आफैं लेख्छन् । विदेशतिर एकजना न्यायाधीशलाई ५-६ जना इजलास अधिकृत दिइन्छन् । हामीकहाँ पनि छिटो छरितो न्याय सम्पादनका लागि एकजना न्यायाधीशलाई कम्तीमा चार-पाँचजना इजलास अधिकृत दिनुपछै । तर, अहिले तीन-चारवटा बेन्चका लागि एकजना इजलास अधिकृत दिइएको छ । हाम्रा अदालतहरूमा हाइटेक प्रविधि प्रयोगमा पनि समस्या छ । फैसला लेख्ने विधि पनि बोझिलो छ । यसमा सुधारको खाँचो छ ।

विशेष अदालतले डेढ महिनामा ७८ मुद्दा टुंग्याउनुलाई के भन्नुहुन्छ ?

विशेष अदालतमा अहिलेका न्यायाधीशहरूको टिम आँटिलो परेको प्रमाण हो यो । न्यायाधीशले राजनीतिक या अन्य कुनै पनि प्रभावको चिन्ता नगरी निडर भएर फैसला गर्ने हो भने न्याय सम्पादन छिटो, छरितो र प्रभावकारी हुन्छ ।

अदालतबाट हुने न्याय निरूपणलाई छिटो, छरितो बनाउन के गर्नुपर्छ ?

हामीकहाँ हरेक प्रकारका मुद्दा एउटै अदालतले हेर्नुपर्ने बाध्यता छ । खासमा विशिष्टीकृत अदालत गठन गर्नुपर्ने हो । संविधानको धारा १३६ ले यो अधिकार प्रधानन्यायाधीशलाई दिएको छ । तर, हामीकहाँ ०४७ पछि विश्वनाथ उपाध्यायबाहेक अरू कसैले पनि यसतर्फ पहल गरेको देखिएन । भर्खरै पारिवारिक अदालत गठन भएको छ । यसमा पनि डिभोर्सका लागि अलग्गै अदालत गठन हुनुपर्छ । दुर्घटनासम्बन्धी छुट्टै अदालत आवश्यक छ । फौजदारी र देवानी मुद्दाका लागि फरक फरक अदालत हुनुपर्छ । यसबाट मुद्दाको चाप सबैतिर बाँडिन्छ र मुद्दाले छिटो किनारा पाउँछ ।

प्रेरक प्रसंग

समयको पालना

एकपटक महात्मा गान्धी दान्डी यात्राका क्रममा थिए । यात्रा गर्दै गर्दा उनको टोली एक स्थानमा आरामका लागि छोटो समयका लागि रोकियो । एकैछिनको विश्रामपछि जब गान्धीको टोली यात्रामा सामेल भयो, त्यति नै वेला गान्धीका एक अंग्रेज प्रशंसक उनीसित भेटघाट गर्न त्यहाँ आइपुगे ।

गान्धी नजिक पुगेपछि उनले आफ्नो हात गान्धीतर्फ अघि बढाउँदै भने- बापु, म वाकर हुँ । तर, आफ्नो टोलीले यात्रा सुरु गरिसकेको हुनाले गान्धीले ती अंग्रेजलाई समय दिन सकेनन् । त्यसैले, उनले हतारिँदै हात मिलाए र भने- म पनि त 'वाकर' नै हुँ । तपाईंसित भेट हुँदा मलाई निकै खुसी लाग्यो । यत्ति भनेर उनी हतारहतार अघि बढे ।



गान्धीको यस्तो व्यवहार देख्दा उनको यात्रामा सहभागी एक सज्जनलाई अचम्म लाग्यो । उनले गान्धीसित यस सम्बन्धमा भने- बापु, तपाईंले ती अंग्रेजलाई अलि समय दिएर भेटघाट तथा कुराकानी गर्नुभएको भए जाती हुने थियो । यसबाट तपाईं र तपाईंको यात्राको चर्चा हुने थियो । अंग्रेजी पत्रपत्रिकामा तपाईंको नाम सम्मानपूर्वक प्रकाशित हुने थियो ।

ती सज्जनको यस्तो भनाइ सुनेपछि गम्भीर हुँदै गान्धीले भने- तपाईंले एकदम ठीक भन्नुभयो मित्र ! उनीसित कुराकानी गरेको भए मेरो चर्चा हुन सक्थ्यो । तर, मेरा लागि आफ्नो चर्चा वा प्रसिद्धिभन्दा पनि समय अनमोल छ । त्यसैले, म समय खेर फाल्न चाहन्नथें ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

प्रभावकारी होला त योजना ?

काठमाडौं महानगरभित्रका बेरोजगार नागरिकलाई रोजगारीको व्यवस्था गर्न महानगरले सबै वडामा रोजगारमुखी तालिमको व्यवस्था गर्न लागेको समाचार पढ्दा खुसी लाग्यो । महानगरका सबै वडामा योग्य र क्षमतावान् महिला तथा पुरुषका लागि विभिन्न तालिम कार्यक्रमबाट दक्ष र अर्धदक्ष जनशक्ति तयार पार्न मद्दत पुग्ने विश्वास बढाएको छ । यस तालिमबाट सीप सिकेर स्वदेशमै रोजगारी पाउन सके राम्रो भयो । कथं यहाँ रोजगारी नपाए पनि विदेश जाँदा यहाँ सिकेको सीपका कारण राम्रो काम पाइने र त्यसैअनुसार राम्रो तलब, सुविधासमेत पाइने हुनाले महानगरको यो प्रयास प्रशंसनीय छ । तालिमका लागि युवा तालिमका लागि युवा छनोट गर्दा चाहिँ निष्पक्ष रूपमा छनोट गर्ने व्यवस्था मिलाइयोस् ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

नगरपालिकाको राम्रो प्रयास

सिराहा जिल्लाको मिर्चैया नगरपालिकाले राहदानीका लागि निःशुल्क अनलाइन फारम भरिदिनेदेखि तयार भएर आएको राहदानी सेवाग्राहीको हातहातमा पुऱ्याइदिने सेवा सुरु गरेको समाचार पढ्दा खुसी लाग्यो । स्थानीय सरकार भनेको जनतासित सीधै जोडिने र जहिल्यै सम्पर्कमा रहने सरकार हो । उसले गर्ने हरेक कामको प्रभाव सीधै जनतालाई पर्छ । त्यसैले, मिर्चैया नगरपालिकाले सुरु गरेको यो सेवामूलक काम पनि प्रशंसनीय छ । यो राम्रो प्रयासको सबैले अनुसरण गर्नु राम्रो हुन्छ ।

● **गुन्जना नगरकोटी**
सैंबु, ललितपुर

विशेषबाट सबैले सिकौं

'विशेषमा फटाफट फैसला' शीर्षकको समाचार पढ्दा खुसी लाग्यो । हाम्रा अदालत कहिल्यै समयमा काम नगर्ने, जहिल्यै ढिलासुस्ती गर्ने र सर्वसाधारणलाई हैरान बनाउने संस्थाका रूपमा बदनाम छन् । तर, विशेष अदालतको अहिलेको टिमले भने यसलाई गलत साबित गर्दै डेढ महिनामै ७८ मुद्दाको छिनोफानो गरेको समाचारले न्यायमा भइरहेको ढिलासुस्तीबाट पीडित भएका नागरिकलाई थोरै नै भए पनि राहत दिएको हुनुपर्छ । अब अन्य अदालतले पनि विशेष अदालतबाट सिक्नुपर्ने देखिन्छ ।

● **कल्याणध्वज जिसी**
बाँसबारी, काठमाडौं

बिदेसिने युवालाई रोक्ने कसले ?

१२ कक्षा पास गर्नेबित्तिकै युरोप, अमेरिका, क्यानडा, जापान, युरोपियन मुलुकतर्फ युवा पलायन भएको देख्दा अचम्म छ । विदेश जाने युवाको संख्या पछिल्लो समयमा ह्वात्तै बढेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पुग्दा सानोतिनो मेला लागे जस्तो देखिन्छ । आउनेभन्दा जानेको संख्या दोब्बर छ ।

गाउँदेखि सहरसम्मका हरेकजसो घरबाट युवा बिदेसिएकै छन् । वृद्धवृद्धा र बालबालिकाबाहेक घरमा अरू कोही भेटिन मुस्किल छ । बिरामी पर्दा अस्पताल लगिदिने र औषधि ल्याइदिने मान्छेसमेत घरमा छैनन् । यो अवस्था के कारण आयो ? अब पनि राजनीतिक हानथाप गरेरै मात्र चल्छ कि देश र जनताप्रतिको कर्तव्य नेताहरूले पूरा पनि गर्नुपर्छ ? विदेशी मुलुकले उच्च शिक्षाका लागि सजिलै भिसा दिने भए अझ कति युवा बिदेसिँदा हुन् ? उच्च शिक्षा अध्ययनका लागि कति रकम बिदेसिइरहेको छ ? के यसको लेखाजोखा कसैले गरेको छ ?

दुबई, कतार, मलेसिया, कोरियाजस्ता देशमा रोजगारीका लागि जाने युवा केही कालपछि फर्कने सम्भावना हुन्छ, तर उच्च शिक्षाका लागि जाने युवा फर्किने सम्भावना न्यून छ । दैनिक हजारौं युवा विदेश पलायन भएका छन् । यही अवस्था कायम रहने र सरकारले समयमै ध्यान नदिने हो भने अबको केही समयमा हाम्रा गाउँसहर युवाविहीन बन्न बेर छैन । अहिले गाउँघरतिर मान्छे मर्दा बोक्ने मलामीसमेत छैनन् भने अबको केही समयपछि के होला ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

गोरखनाथको समावेशिताको विरासत गुम्दै

आफू गोरखनाथको अनुयायी हुँ भन्ने योगी आदित्यनाथले गरिरहेको राजनीतिले गोरखनाथमा हुनुपर्ने समावेशिताको विरासतलाई अवमूल्यन गर्छ



देश / विदेश

● लालुप्रसाद यादव ● नलिन बर्मा

अयोध्यामा राम मन्दिरको उद्घाटन भइरहँदा हाम्रो मानसपटलमा उत्तर प्रदेशको अर्को मन्दिरको सम्झना आएको छ । कुनैवेला पवित्रताको प्रतीक मानिने गोरखनाथ मठले अद्वितीय अध्यात्म बोक्छ । यो मठको संरक्षण उत्तर प्रदेशका मुख्यमन्त्री एवं महन्त योगी आदित्यनाथले गरिरहेका छन् । विडम्बना के छ भने गोरखनाथको अनुयायी हुँ भन्ने आदित्यनाथको राजनीतिले भने गोरखनाथको समावेशिताको विरासतलाई अवमूल्यन गरिरहेको छ । यस विरासतलाई अहिले सम्झिनु जरुरी छ । किनभने, अबका केही दिनमा भारतमा आस्था र राजनीतिबीच भिन्नता देखिनेछैन, सारा मुलुकको नजर राम मन्दिरको प्राण प्रतिष्ठामा अडिएको छ ।

विद्वान्हरूका अनुसार ११औं शताब्दीका गोरखनाथलाई नाथ सम्प्रदायका संस्थापक भनेर पनि चिनिन्छ । गोरखनाथका अनुयायीले आफूलाई योगी, गोरखनाथी, दर्शनी वा कनफट्टा भनेर चिनाउँछन् । गोरखनाथ श्रेणीमा पर्ने भएकाले आदित्यनाथलाई 'योगीजी' भनेर पनि सम्बोधन गरिन्छ । महान् गोरखनाथका अनुयायीमा दुवै हिन्दू र मुसलमान पर्थे । गोरखनाथका पहिलो अनुयायीलाई योगी वर्धनाथ भनेर सम्बोधन गरिन्थ्यो । गोरखनाथ र वर्धनाथ अहिले गोरखनाथ मन्दिर भएको ठाउँमा पुगेका थिए र यो ठाउँ पछि गोरखपुरका नामले चर्चित भयो । ५२ एकड जमिनमा फैलिएको अहिलेको मन्दिरको श्रेय महन्त बुद्धनाथ (सन् १७०८-१७२३) लाई दिइन्छ । ऐतिहासिक प्रमाणका अनुसार अबधका तत्कालीन नबाब असफ-उद-दौलाहले १८औं शताब्दीमा गोरखनाथका भक्त एवं फकिर बाबा रोशन अलीलाई जमिन दान दिएका थिए । यो जमिनले मन्दिरलाई थप परिष्कृत गराउन मद्दत गरेको थियो । अझै पनि मन्दिरको पछाडि रोशन अलीको दरगाह छ, यो समावेशिता गोरखपुरको पहिचान हो ।

गोरखपुर भारतका देओरिया, कुशीनगर, महाराजगन्ज, गोपालगन्ज, सिवान जिल्ला र भारतसँग सीमा जोडिएका नेपालका केही हिस्साको सांस्कृतिक राजधानी हो । नेपालको गोर्खा समुदायको जरो गोरखनाथ पन्थसँग गएर जोडिन्छ । व्यवस्थापनमा दिग्विजयनाथ आउनुअगाडिसम्म सन् १९३० को दशकसम्म गोरखनाथ मन्दिर विविधताको मूर्त केन्द्र थियो । जब सन् १९३७ मा विनायक दामोदर सावरकर हिन्दू महासभाका अध्यक्ष बने, तब दिग्विजयनाथ महासभाको गोरखपुर प्रमुख बनेका थिए । उनलाई पछि महात्मा गान्धी हत्याकाण्डमा गिरफ्तार गरिएको थियो । चुनावी राजनीतिमा प्रवेश गर्ने पहिलो महन्त थिए दिग्विजयनाथ । सन् १९६७ मा गोरखपुर लोकसभा सिटमा उनी विजयी भएका थिए र सन् १९६९ मा उनको निधन भएको थियो । दिग्विजयनाथका उत्तराधिकारी अवैद्यनाथ र आदित्यनाथले आफूलाई आक्रामक हिन्दुत्वको प्रतीकका रूपमा अघि सारेका थिए ।

गोरखनाथले कयौं प्रेमकथालाई प्रेरित गरेको छ, जुन पछि भारतका लोककथा पनि बने । हिर-राँझाका राँझा जो हिरका लागि एक्लो यात्रामा निस्केका थिए, उनी गोरखनाथका अनुयायी भएका थिए । स्मरण रहोस्, हिर र राँझा दुवै मुसलमान थिए । सोरठी-ब्रिजभार कथाका नायक ब्रिजभारलाई पनि गोरखनाथले प्रेमको यात्रामा सघाएका थिए । गोरखनाथले नै राजा भर्तृहरिलाई पत्नी पिंगलाप्रतिको प्रेमलाई त्यागेर योगी बनाउनमा भूमिका खेलेका थिए । चर्चित हिन्दी लेखक हजारीप्रसाद द्विवेदीले नाथ सम्प्रदायसम्बन्धी पुस्तकमा गोरखनाथ वा नाथ सम्प्रदायका अनुयायी भारतभरि फैलिएको उल्लेख गरेका छन् । पन्जाबमा योगीलाई रावल भनिन्छ । बंगालमा जुगी वा जोगी भनिन्छ । उत्तर प्रदेश र विहारमा थुप्रै योगी छन्, तिनले सोरठी-ब्रिजभार, भर्तृहरि-पिंगला, हिर-राँझा, कबिर, नानक राइदास, दादु र मिराको भजन



तस्बिर : एएनआई

गाउँछन् । यी योगीले भगवान् राम र शिव-पार्वतीको भजन सारंगीको धुनसँगै गाउँछन् । यस क्रममा गोरखनाथ र उनका गुरु मत्स्येन्द्रनाथको प्रशंसा पनि गर्छन् । पन्जाबमा रावल भनिएझैं यी अनुयायीलाई हैदराबादमा दर्वेश भनिन्छ भने कोन्कनमा गोसवी भनेर बोलाइन्छ । नाथ सम्प्रदायले ब्राह्मण सर्वोच्चता स्विकार्दैनन् । यो सम्प्रदायका अनुयायी आफ्ना गुरु सिलाइबुनाइ गर्ने, ग्वाला र किसान समुदायबाट रोज्छन् । गुरु र भक्त भिक्षाटनमा लाग्छन् । द्विवेदीका अनुसार दुवै हिन्दू र मुसलमान समुदायका तल्लो जात भनिएका मानिस योगी बन्छन् । यी योगी उत्तरदेखि दक्षिणका विन्ध्यासम्म फैलिएका छन् ।

म (लालु) अविभाजित सारन जिल्लाको फुलबरिया गाउँमा जन्मेको हुँ र यो जिल्ला गोरखपुरसँग जोडिएको छ । मेरो पुस्ता योगीले सारंगी र भजन गाएको सुनेर हुर्केको हो । यी भजन समयक्रममा लोकगायन वा लोकनाटक प्रस्तुत गर्नेहरूको जीविकाको स्रोत बनेको छ । यी भजनमा हुने लोककथाप्रति म उत्साहित हुन्छु ।

सन् १९९० मा विहारको मुख्यमन्त्री हुँदा म यस्ता नाटक गर्न लगाउँथें । अहिले पनि फुर्सद भयो भने म नाटक गराउँछु ।

एक रेकर्डिङमा ओशोलाई हिन्दी भाषाका कवि सुमित्रानन्दन पन्त भारतका १२ मुख्य धार्मिक व्यक्तित्वको नाम छान्न भन्छन् । कृष्ण, पतञ्जली, गौतम बुद्ध, महावीर, नागार्जुन, शंकर, गोरखनाथ, कबिर, नानक, मिरा र रामकृष्ण ओशोले छानेका नाम हुन् । पन्तले त्यसपछि क्रमशः सूचीमध्ये सात, पाँच र चार छान्न आग्रह गरे ।

ओशोले छानेका चारमा कृष्ण, पतञ्जली, बुद्ध र गोरखनाथ परेका थिए । जब पन्तले तीनजनाको नाम छान्न भने, तब ओशोले छान्न अस्वीकार गरे ।

ओशोले मैले गोरखनाथलाई सूचीबाट हटाउन सक्दिनँ भनेका थिए । उनले भनेका थिए- गोरखनाथले नयाँ धर्मलाई जन्म दिएका थिए । गोरखनाथविना न कबिर हुन्थे, न नानक । त्यसैगरी दादु, वाजिद, फरिद वा मिरा पनि हुन्थेनन् । भारतको समग्र भक्ति एवं सुफी परम्परा गोरखनाथको ऋणी छ । अन्तरात्मा खोज्ने मामिलामा गोरखनाथको शिक्षाबराबर कोही पनि छैन ।

(यादव राष्ट्रिय जनता दलका अध्यक्ष हुन् भने बर्मा यादवका जीवनीकार एवं पत्रकार हुन्)
द इन्डियन एक्सप्रेसबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

न्यायका लागि बलात्कारपीडित महिलाको दुई दशक लामो संघर्ष

मोदी सरकारले दुई वर्षअघि ११ जना बलात्कारका अभियुक्तलाई रिहा गर्न मद्दत गरेको थियो । तर, उनीहरूलाई रिहा गर्दा नियम उल्लंघन भएको सर्वोच्च अदालतले फैसला सुनायो ।



भारतको सर्वोच्च अदालतले गत सोमबार सन् २००२ मा गुजरातमा भएको साम्प्रदायिक दंगामा मुस्लिम महिला बिल्किस बानोलाई सामूहिक बलात्कार गर्ने ११ जनालाई आजीवन कारावासको सजाय सुनायो । बानो र अन्य याचिकाकर्ताले दुई वर्षअघि बलात्कार अभियुक्तलाई रिहा गर्ने गुजरात सरकारको निर्णयलाई चुनौती दिएपछि सर्वोच्चको यो फैसला आयो । अभियुक्तलाई रिहा गर्ने गुजरात सरकारको निर्णयलाई प्रधानमन्त्री नरेन्द्र मोदीले पनि समर्थन गरेका थिए ।

न्यायका लागि दुई दशकभन्दा बढी समयदेखि बानोको लडाइँ धेरै भारतीयका लागि दोषीलाई कारबाही सुनिश्चित गर्न सन् २००२ को हिंसामा बाँचेकाहरूको संघर्षको प्रतीक बनेको थियो । त्यसो भए भारतको सर्वोच्च अदालतले दोषीहरूलाई फेरि जेल पठाउने निर्णय कसरी गऱ्यो ? यो एक महिलाको संघर्षबाट सुरु हुन्छ, जुन २००२ को वसन्तको डरलाग्दो दिनदेखि धेरै उतारचढाव र मोडमार्फत सम्पूर्ण भारतसामु विकसित भएको छ ।

को हुन् बिल्किस बानो ?

सन् २००२ को मार्चमा राज्यभर समुदायविरुद्ध हिंसा भड्किएपछि आफन्त र अन्य मुस्लिमसँगै पूर्वी गुजरातको आफ्नो रन्धिकपुर गाउँबाट भागेकी बानो (हाल ४० वर्षीया) पाँच महिनाकी गर्भवती थिइन् । धेरै मानिसको भिडले उनीहरूको समूहलाई आक्रमण गरेपछि बानो र उनको परिवार राज्यको पश्चिमको एउटा जिल्लामा पुगेको थियो । हिंसाका क्रममा उनीमाथि सामूहिक बलात्कार भयो । तीन वर्षीया छोरीसहित उनको परिवारका सात सदस्यको हत्या भयो । छोरीको टाउकोलाई गुजरातको दाहोद जिल्लामा अपराधीले भुइँमा बजारेर क्षतविक्षत् बनाएका थिए ।

गुजरातमा भएको हत्याका क्रममा झन्डै २००० मानिस मारिए, जसमा अधिकांश मुस्लिम थिए । उक्त समयमा हालका प्रधानमन्त्री नरेन्द्र मोदी गुजरातका मुख्यमन्त्री थिए । उक्त घटनापछि उनको सरकारले हिंसालाई प्रश्रय दिने गरेको आरोपको सामना गर्दै आएको छ । मोदीले बारम्बार उक्त घटनामा आफ्नो भूमिका अस्वीकार गर्दै आएका छन् र सर्वोच्च अदालतले उनीमाथि मुद्दा चलाउने कुनै प्रमाण फेला नपरेको जनाएको छ ।

सन् २००३ को डिसेम्बरमा भारतीय सर्वोच्च अदालतले बिल्किस बानो बलात्कार मामिलामा संघीय अनुसन्धान गर्न केन्द्रीय अनुसन्धान ब्युरो (सिबिआई)लाई आदेश दियो । बानोलाई अभियुक्तबाट ज्यान मार्ने धम्की आउन थालेपछि सन् २००४ मा सर्वोच्च अदालतले मुद्दालाई गुजरातबाट छिमेकी राज्य महाराष्ट्रमा स्थानान्तरण गर्न आदेश दिएपछि अभियुक्तहरू पक्राउ परे ।

सन् २००८ मा एक अदालतले ११ जना अभियुक्तलाई सामूहिक बलात्कार र हत्याको आरोपमा आजीवन कारावासको सजाय सुनायो । १७ वर्षको कानुनी लडाइँपछि सन् २०१९ मा सर्वोच्च अदालतले बानोलाई ७१ हजार डलर क्षतिपूर्ति तिर्न, उनलाई जागिर र रोजाइको आवास व्यवस्था गर्न गुजरात सरकारलाई निर्देशन दिँदा बानोले अन्ततः न्याय पाएकोजस्तो देखिन्थ्यो ।

तर, त्यसको तीन वर्षपछि मात्रै भारतको स्वतन्त्रता दिवसको अवसरमा सरकारले पक्राउ परेका ११ जनालाई रिहा गर्न स्वीकृति दियो । रिहा भएपछि उनीहरूलाई भव्य स्वागत गर्दै माला लगाइयो ।

दोषीलाई किन गरियो रिहा ?

दोषीहरूलाई सन् १९९२ देखि अस्तित्वमा रहेको माफी नीतिका आधारमा गुजरातको राज्य सरकारले आदेश दिएअनुसार रिहा गरिएको थियो । उनीहरूको रिहाइको समयमा गुजरातका अधिकारीले (जहाँ मोदीको भारतीय जनता पार्टी सत्तामा छ) दोषीहरूलाई माफी दिएका थिए, किनकि उनीहरूले १४ वर्ष जेल जीवन व्यतीत गरेका थिए ।

सन् २०१४ मा लागू भएको नयाँ नीतिले बलात्कार र हत्यालगायत केही अपराधका लागि दोषी ठहरिएकाहरूलाई छुट दिन निषेध गरेको वकिल वृन्दा ग्रोवरले अल जजिरालाई बताइन् । यस नीतिले 'केही अपराधको गम्भीरतालाई हेर्दा दोषीहरूलाई छुटका लागि अयोग्य बनाउँछ,' उनले भनिन् । थप विशेष रूपमा 'यसले दुई वा बढी व्यक्तिको हत्या वा सामूहिक बलात्कारको हत्याका लागि दोषी ठहरिएका व्यक्ति माफीका लागि अयोग्य थिए भनेर निर्दिष्ट गर्छ,' ग्रोभरले भनिन् ।

उनीहरूलाई रिहा गर्ने आदेशले न्यामा बानोको विश्वासमा कम्पन ल्यायो । 'महिलालाई यसरी न्याय कसरी मिल्छ ? मैले हाम्रो देशका उच्च अदालतमा भरोसा गर्ने,' निर्णय गर्नुअघि कुनै पनि अधिकारीले आफूसँग सम्पर्क नगरेको भन्दै उनले सन् २०२२ मा एक बयानमा भनिन्, 'कृपया यो आदेश रद्द गर्नुहोस् । मलाई निडर र शान्तिमा बाँच्ने मेरो अधिकार फिर्ता दिनुहोस् ।'

वास्तवमा अधिकारीहरूले दोषीहरूलाई मुक्त गर्न जनवरी ८ को आदेशमा अर्को नियम उल्लंघन गरेको सर्वोच्चले स्थापित गरेको छ, जसमा उनीहरूलाई दुई हप्ताभित्र गुजरातमा जेल अधिकारीलाई आत्मसमर्पण गर्न आदेश दिइएको थियो ।

सर्वोच्चले दोषीको स्वतन्त्रताविरुद्ध किन फैसला गऱ्यो ?

भारतको सर्वोच्च अदालतले मुद्दालाई गुजरातबाट महाराष्ट्रमा स्थानान्तरण गरेकाले माफी खारेज भएको ग्रोबरले बताइन् । राम्रो तर्कसंगत आदेश पारित गरेर सजाय माफी गर्न भारतको फौजदारी प्रक्रिया संहिताको धारा ४३२ ले 'उपयुक्त सरकार' (राज्य सरकार, जहाँ दोषीलाई सजाय दिइएको थियो)लाई अधिकार दिन्छ ।

गुजरात सरकारले पुरुषहरूलाई रिहा गर्न आफ्नो शक्तिभन्दा बाहिर गएर काम गऱ्यो, किनकि सजाय महाराष्ट्रमा भएको थियो । सिद्धान्ततः यसको मतलब यो पनि हो कि महाराष्ट्रको राज्य सरकारले (यहाँ पनि भाजपाले शासन गरेको थियो) दोषीहरूलाई रिहा गर्न सक्छ । तर, अहिलेका लागि बानो र उनको परिवारले राहत पाएका छन् । बानोका काका तथा उनको मुद्दाका साक्षी अब्दुल रज्जक मनसुरीले सर्वोच्च अदालतले माफी खारेज गर्नु बानोका लागि न्यायको दिशामा एक कदम भएको बताए । 'हामी अहिले खुसी छौं,' उनले भने । गुजरात सरकारले दोषीहरूलाई रिहा गर्ने कार्य आफूहरूका लागि निकै पीडादायी क्षण भएको उनी बताउँछन् ।

-अलजजिराबाट

इतिहासमा आज

जनवरी २१



सन् २०१७ : लैंगिक समानता र नागरिक अधिकार माग गर्दै सन् २०१७ को २१ जनवरीमा अमेरिकामा देशव्यापी विशाल प्रदर्शन भएको थियो । सो प्रदर्शन अमेरिकी इतिहासमै अहिलेसम्मकै ठूलो बताइएको छ । प्रदर्शनले तत्कालीन राष्ट्रपति डोनाल्ड ट्रम्पलाई महिलाका पक्षमा नीतिगत निर्णय गर्न ठूलो दबाब दिएको थियो ।

- **सन् १७९३** : देशद्रोहको अभियोगमा फ्रान्सका तत्कालीन राजा लुइस १६औँलाई मृत्युदण्ड ।
- **सन् १९२४** : रुसी क्रान्तिको अगुवा (सन् १९१७) भ्लादिमिर लेनिनको मृत्यु । उनी सन् १९१७ देखि सन् १९२४ सम्म सोभियत स्टेटको प्रमुख थिए ।
- **सन् १९४१** : अमेरिकाले सोभियत युनियनमाथि हतियार बिक्रीमा लगाउँदै आएको प्रतिबन्ध फुकुवा गऱ्यो ।
- **सन् १९६८** : भियतनाममा ठूलो युद्ध भएको थियो, जसलाई इतिहासमा खे सान युद्धका नामले चिनिन्छ । यो भियतनामको इतिहासमै निकै प्रचार गरिएको युद्ध मानिन्छ । युद्धमा ५०० अमेरिकी समुद्री सेनाको मृत्यु भएको थियो ।
- **सन् १९७४** : अमेरिकी सर्वोच्च अदालतले गर्भवती शिक्षिकालाई लामो समयसम्म अनुपस्थितिको बिदा लिन बाध्य पार्न नपाइने फैसला गऱ्यो ।
- **सन् १९९८** : आजकै दिन क्रिस्चियन धर्मगुरु पोप जोन पल द्वितीयले पहिलोपटक क्युबाको भ्रमण गरेका थिए । उनी क्युबा भ्रमण गर्ने पहिलो क्रिस्चियन धर्मगुरु हुन् ।

विश्व संक्षेप

चन्द्रमामा जापानको अन्तरिक्ष यान अवतरण

टोकियो / चन्द्रमामा जापानी अन्तरिक्षयानको सफल अवतरण भएको छ । जापानको राष्ट्रिय अन्तरिक्ष निकाय (जाक्सा)ले 'स्मल लुनार ल्यान्डिङ डेमोन्स्ट्रेटर (स्लिम)' चन्द्रमामा अवतरण भएको पुष्टि गरेको छ । जापान एयरोस्पेस एक्सप्लोरेसन एजेन्सी (जाक्सा) ले एक अनलाइन वक्तव्यमा जापानी मानवरहित यान स्थानीय समयअनुसार शनिबार राति १२ बजेर २० मिनेटमा चन्द्रमामा अवतरण गरेको जनाएको हो । जाक्साले यानको अवतरणपछि सञ्चार स्थापित भएको जनाएको छ । अवतरणपछि चन्द्रमामा धेरै समय रहनका लागि तयार पारिएको सोलार ब्याट्रीको रिचार्ज हुन नसकेपछि यानमा रहेको ब्याकअपको सहयोगमा चन्द्रमाका तस्बिर, चट्टान संकलन र अनुसन्धानका अन्य गतिविधि भइरहेको जाक्साले बताएको छ । 'स्लिमको सोलार सेलले बिजुली उत्पादन गर्न नसक्ने भएकाले यसले ब्याकअप ब्याट्रीमा काम गरिरहेको छ,' जाक्साका एक अधिकारीले भने । अवतरणपछि चन्द्रमाको सतहबाट तथ्यांक लिने काम जाक्साका लागि प्राथमिकतामा रहेको अधिकारीले बताएका छन् । स्लिमको अवतरणसँगै जापान, अमेरिका, सोभियत संघ, चीन र भारतपछि चन्द्रमामा अवतरण गर्ने पाँचौं मुलुक बनेको छ ।

गाजामा हरेक घन्टामा दुई आमाको मृत्यु : राष्ट्रसंघ

गाजा सिटी / एक सय दिनभन्दा बढी समयदेखि गाजामा जारी द्वन्द्वमा हरेक घन्टामा दुई आमाहरूको मृत्यु हुने गरेको छ । संयुक्त राष्ट्र संघीय निकाय युएन विमेनले एक प्रतिवेदन सार्वजनिक गर्दै उक्त जानकारी दिएको हो । लैंगिक समानता र महिला सशक्तीकरणका लागि काम गरिरहेको युएन विमेनको प्रतिवेदनमा गाजामा युद्ध सुरु भएको दिनदेखि सय दिनसम्मको महिलाहरूको औसत मृत्युदरलाई मूल्यांकन गरी उक्त विवरण सार्वजनिक गरेको हो । गाजा संकटले महिला तथा बालबालिकाको जीवनस्तरमा जीवन र मानवीय आवश्यकताको विनाशकारी असर गरिरहेको गाजायुद्धको लैंगिक प्रभाव नामक प्रतिवेदनमा उल्लेख छ । गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो युद्धमा गाजामा कम्तीमा २४ हजार ६२० प्यालेस्टिनी मारिएका छन् ।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८०/१०/०७)

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको कर्जाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी तपाईंलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानूनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ताको विवरण		
१. क) सेमेन स्टार अटोपार्ट्स एण्ड सर्भिस सेन्टर सा.फ.द.प्र.प.नं. : २२८४/२०७४/०७५ ठेगाना : मोदी ०५, पर्वत **ख) सेमेन स्टार होटल एण्ड रेस्टुरेण्ट** सा.फ.द.प्र.प.नं. : २३१६/२०७५/०७६ ठेगाना : मोदी ०५, पर्वत **कर्जा शीर्षक** : विविध कर्जा	**१. खडक बहादुर पौडेल क्षेत्री** ना.प्र.नं. : १५८०४ जारी मिति : २०५३/०८/०८ जि.प्र.का. : पर्वत बाबु : बम बहादुर पौडेल क्षेत्री बाजे : क्षेत्र बहादुर पौडेल	**२. जीवन क्षेत्री** ना.प्र.नं. : ५१५४६ जारी मिति : २०६२/०८/२८ जि.प्र.का. : पर्वत बाबु : बेल बहादुर क्षेत्री बाजे : दल बहादुर	**३. पुतली पौडेल क्षेत्री** ना.प्र.नं. : २७७१ जारी मिति : २०४४/११/२१ जि.प्र.का. : पर्वत पति : बम बहादुर पौडेल क्षेत्री ससुरा : क्षेत्र बहादुर पौडेल
धितोको विवरण			
पुतली पौडेल क्षेत्रीको नाममा पर्वत जिल्ला मालपोत कार्यालय पर्वतमा दर्ता कायम रहेको पर्वत जिल्ला, बाजुङ गा.वि.स./न.पा. वडा नं. २ स्थित कि.नं. १९१४ (१-८-३-३ रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।			
ऋणीको विवरण	**व्यक्तिगत जमानीकर्ताको विवरण**		
२. ए.वन फेन्सी एण्ड सु.सेन्टर प्रा.फ.नं. : २२९६/०७५/०७६ ठेगाना : बाजुङगा ०१, पर्वत **कर्जा शीर्षक** : विविध कर्जा	**१. सपना पौडेल क्षेत्री** ना.प्र.नं. : ५११०३१/६५७ जारी मिति : २०६८/०२/१३ जि.प्र.का. : पर्वत पति : खडक बहादुर पौडेल क्षेत्री ससुरा : बम बहादुर पौडेल क्षेत्री	**२. खडक बहादुर पौडेल क्षेत्री** ना.प्र.नं. : १५८०४ जारी मिति : २०५३/०८/०८ जि.प्र.का. : पर्वत बाबु : बम बहादुर पौडेल क्षेत्री बाजे : क्षेत्र बहादुर पौडेल	**३. बम बहादुर पौडेल** ना.प्र.नं. : ५०४ जारी मिति : २०३५/११/२४ जि.प्र.का. : पर्वत बाबु : क्षेत्र बहादुर पौडेल बाजे : श्री कृष्ण पौडेल
धितोको विवरण			
बम बहादुर पौडेलको नाममा पर्वत जिल्ला मालपोत कार्यालय पर्वतमा दर्ता कायम रहेको पर्वत जिल्ला, बाजुङ गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. १२३८ (०-३-१-२ रोपनी) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।			
ऋणीको विवरण	**व्यक्तिगत जमानीकर्ताको विवरण**		
३. चौलागाई इलेक्ट्रोनिक्स प्रा.फ.र.नं. : २६२५/०७४/०७५ ठेगाना : कमलामाई ६, सिन्धुली **कर्जा शीर्षक** : डिमाण्ड कर्जा	**१. सुष्मा श्रेष्ठ चौलागाई** ना.प्र.नं. : २०-०१-७३-०७३५१ जारी मिति : २०७३/१०/१३ जि.प्र.का. : सिन्धुली पति : सोम प्रसाद चौलागाई ससुरा : कृष्ण प्रसाद चौलागाई	**२. सोम प्रसाद चौलागाई** ना.प्र.नं. : २०१०१६/१५३ जारी मिति : २०६८/१२/२६ जि.प्र.का. : सिन्धुली बाबु : कृष्ण प्रसाद चौलागाई बाजे : गंगालाल चौलागाई	
धितोको विवरण			
सुष्मा श्रेष्ठ चौलागाईको नाममा सिन्धुली जिल्ला मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, कपिलाकोट गा.वि.स./न.पा. वडा नं. ६(क) स्थित कि.नं. १३७० (०-०-१७-१ विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।			
ऋणीको विवरण	**व्यक्तिगत जमानीकर्ताको विवरण**		
४. सुमन फेन्सी तथा किराना स्टोर्स प्रा.फ.र.नं. : ३५३२/०७६/७७ ठेगाना : घ्याङलेख ०३, सिन्धुली **कर्जा शीर्षक** : लघु आवधिक कर्जा	**१. अष्टमी माया थिङ** ना.प्र.नं. : १३०१/३५२७८ जारी मिति : २०६१/०२/०२ जि.प्र.का. : सिन्धुली पति : सुकुमान थिङ ससुरा : भयोमान थिङ	**२. सुकुमान थिङ** ना.प्र.नं. : १६६३/२८२१ जारी मिति : २०४५/०१/११ जि.प्र.का. : सिन्धुली बाबु : भयोमान थिङ बाजे : काजीमान थिङ	
धितोको विवरण			
अष्टमी माया थिङको नाममा सिन्धुली जिल्ला मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, नेत्रकाली गा.वि.स./न.पा. वडा नं. २(ठ) स्थित कि.नं. ३२९ (०-१५-२-० रोपनी) र कि.नं. ३३०(०-१२-०-२ रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।			
ऋणीको विवरण	**व्यक्तिगत जमानीकर्ताको विवरण**	**धितोको विवरण**	
५. खिल कुमार श्रेष्ठ र गोगु माया श्रेष्ठ ठेगाना : कमलामाई ०४, सिन्धुली **क) खिल कुमार श्रेष्ठ** ना.प्र.नं. : ४२३७/१५२ जारी मिति : २०४१/०९/१३ जि.प्र.का. : सिन्धुली बाबु : गणेश बहादुर श्रेष्ठ बाजे : मन नारायण श्रेष्ठ **ख) गोगु माया श्रेष्ठ** ना.प्र.नं. : ३२१/४३०७ जारी मिति : २०४४/१२/२६ जि.प्र.का. : सिन्धुली पति : खिल कुमार श्रेष्ठ ससुरा : गणेश बहादुर श्रेष्ठ **कर्जा शीर्षक** : सवारी साधन कर्जा	**भरत श्रेष्ठ** ना.प्र.नं. :४८२६५ जारी मिति : २०६२/१२/२९ जि.प्र.का. : सिन्धुली बाबु : खिल कुमार श्रेष्ठ बाजे : गणेश बहादुर श्रेष्ठ **धितोको विवरण** यस बैंकको नाममा दर्ता रहेका तपसिल बमोजिमको सवारी साधनहरु : (क) कम्पनीको नाम : Ashok Leyland Limited सवारीको मोडेल : 1212 6Cum Tipper निर्माण वर्ष : २०१८ च्यासिस नं. : MB1GUGAC8JRDX5079 ईन्जिन नं. : HEHZ409904 सवारी दर्ता नं. : बा ५ च ८६२२	(ख) कम्पनीको नाम : Ashok Leyland India सवारीको मोडेल : Ecomet 1212-6 cum निर्माण वर्ष : २०१८ च्यासिस नं. : MB1GUGAC4JRDX5080 ईन्जिन नं. : HEHZ411608 सवारी दर्ता नं. : बा ५ च ८७२१	
ऋणीको विवरण	**व्यक्तिगत जमानीकर्ताको विवरण**		
६. तेज कुमार पाखिङ र हर्क बहादुर तामाङ्ग ठेगाना : तिनपाटन ०३, सिन्धुली **क) तेज कुमार पाखिङ** ना.प्र.नं. : २०८६१/१४२९० जारी मिति : २०५६/०६/२० जि.प्र.का. : सिन्धुली बाबु : हर्क बहादुर तामाङ्ग बाजे : विर बहादुर तामाङ्ग **ख) हर्क बहादुर तामाङ्ग** ना.प्र.नं. : २६६६ जारी मिति : २०४३/११/०८ जि.प्र.का. : सिन्धुली बाबु : विर बहादुर तामाङ्ग बाजे : धन बहादुर तामाङ्ग **कर्जा शीर्षक** : लघु सवारी साधन खरिद कर्जा	**१. तिरी माया पाखिन** ना.प्र.नं. : २०३०४१/३५२ जारी मिति : २०६३/११/२५ जि.प्र.का. : सिन्धुली पति : तेज बहादुर पाखिन ससुरा : हर्क बहादुर तामाङ्ग **धितोको विवरण** (क) यस बैंकको नाममा दर्ता रहेका तपसिल बमोजिमको सवारी साधन : कम्पनीको नाम : CNH Industrial सवारीको मोडेल : JXT552WD निर्माण वर्ष : २०१७ च्यासिस नं. : JXJ2375921 ईन्जिन नं. : 195556N सवारी दर्ता नं. : ना ६ त ८३६१	**२. सुन्दरी माया तामाङ्ग** ना.प्र.नं. : २६६७ जारी मिति : २०४३/११/०८ जि.प्र.का. : सिन्धुली पति : हर्क बहादुर तामाङ्ग ससुरा : विर बहादुर तामाङ्ग **धितोको विवरण** (ख) हर्क बहादुर तामाङ्गको नाममा सिन्धुली जिल्ला मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, पाटनदेवी गा.वि.स./न.पा. वडा नं. ८(ङ) स्थित कि.नं. ४० (०-९-१२-२ रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।	**३. बसन्धरा ठोकर** ना.प्र.नं. : ४६४७०१५९ जारी मिति : २०५६/१२/०९ जि.प्र.का. : सर्लाही बाबु : नारायण बहादुर ठोकर बाजे : बचान सिंह ठोकर
ऋणीको विवरण	**व्यक्तिगत जमानीकर्ताको विवरण**		
७. बबिता किराना पसल दर्ता नं. : २१५८ ठेगाना : कमलामाई ०६, सिन्धुली **कर्जा शीर्षक** : कार्यशिल पुँजी कर्जा	**१. भक्त बहादुर दमाई** ना.प्र.नं. : ८६०/५८७४ जारी मिति : २०५०/११/२७ जि.प्र.का. : सिन्धुली बाबु : बख्त बहादुर दमाई बाजे : राम बहादुर दमाई	**२. बबिता दमाई** ना.प्र.नं. : ३२६७९ जारी मिति : २०६१/१०/११ जि.प्र.का. : सिन्धुली पति : भक्त बहादुर दमाई ससुरा : बख्त बहादुर दमाई	
ऋणीको विवरण	**व्यक्तिगत जमानीकर्ताको विवरण**		
८. अनिता किराना पसल दर्ता नं. : २१८५ ठेगाना : कमलामाई ०७, सिन्धुली **कर्जा शीर्षक** : कार्यशिल पुँजी कर्जा	**१. लिला कुमार श्रेष्ठ** ना.प्र.नं. :१२६३७ जारी मिति : २०५६/०१/०६ जि.प्र.का. : सिन्धुली बाबु : मित्रलाल श्रेष्ठ बाजे : डम्मर नारायण श्रेष्ठ	**२. राम माया श्रेष्ठ** ना.प्र.नं. : ५२३५२ जारी मिति : २०६३/०२/०२ जि.प्र.का. : सिन्धुली पति : लिला कुमार श्रेष्ठ ससुरा : मित्रलाल श्रेष्ठ	

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

Lumbini Province Government
Provincial Infrastructure Development Authority
Rapti Valley (Deukhuri) Dang

Invitation For Expression Of Interest (EOI)

First Publication Date: **2080/10/07**

Provincial infrastructure Development Authority invites **Expression of Interest (EOI)** from eligible consulting firms/companies (Consultants) to provide the following consulting services. Interested eligible consultants may obtain further information through e-GP system www.bolpatra.com/egp.

S.No.	Name of Project	Job
1	Design Review, Project Management and Construction Supervision Consultant (PMCSC) of Lumbini Provincial Hospital (LPH)	1

Chief Executive Officer

Agricultural Development Bank Limited
कृषि विकास बैंक लिमिटेड

Condensed Consolidated Statement of Financial Position
As on Quarter ended 29 Poush 2080

Condensed Consolidated Statement of Financial Position
As on Quarter ended 29 Poush 2080

Assets	Group		Bank	
	This Quarter Ending	Immediate Previous Year Ending	This Quarter Ending	Immediate Previous Year Ending
Cash and cash equivalent	10,959,099,052	9,463,050,415	10,959,099,052	9,462,421,091
Due from Nepal Rastra Bank	8,649,499,518	7,096,495,884	8,649,499,518	7,096,495,884
Placement with Bank and Financial Institutions	3,626,027,500	-	3,626,027,500	-
Derivative financial instruments	-	17,588,448	-	17,588,448
Other trading assets	3,038,392,563	2,964,345,597	2,976,911,456	2,893,598,633
Loan and advances to B/FIs	3,516,041,532	4,134,543,000	3,516,041,532	4,134,543,000
Loans and advances to customers	187,361,479,196	176,303,722,237	187,361,479,196	176,303,722,237
Investment securities	67,980,815,650	55,671,394,278	67,770,819,216	55,461,069,332
Current tax assets	137,482,139	287,657,235	136,510,044	286,053,367
Investment in subsidiaries	-	-	28,840,000	28,840,000
Investment in associates	-	-	-	-
Investment properties	303,356,851	248,649,555	303,356,851	248,649,555
Property and equipment	2,261,863,928	2,293,412,293	2,259,519,630	2,291,066,048
Goodwill and Intangible assets	99,740,643	138,590,074	99,740,643	138,590,074
Deferred tax assets	-	-	-	-
Other assets	9,221,303,567	7,317,612,458	9,218,319,235	7,316,203,563
Total Assets	**297,155,102,138**	**265,937,061,475**	**296,906,163,873**	**265,678,841,233**
Liabilities				
Due to Bank and Financial Institutions	672,237,182	2,095,919,987	672,237,182	2,095,919,987
Due to Nepal Rastra Bank	3,377,762	4,571,178	3,377,762	4,571,178
Derivative financial instruments	-	-	-	-
Deposits from customers	229,347,435,297	199,467,139,587	229,368,832,638	199,486,613,568
Borrowing	2,024,558,568	2,136,563,784	2,024,558,568	2,136,563,784
Current Tax Liabilities	-	-	-	-
Provisions	-	-	-	-
Deferred tax liabilities	423,779,558	511,354,739	365,565,734	450,249,435
Other liabilities	8,978,829,613	7,297,189,773	8,971,485,379	7,289,854,169
Debt securities issued	20,473,530,263	20,473,530,263	20,473,530,263	20,473,530,263
Subordinated Liabilities	-	-	-	-
Total liabilities	**261,923,748,243**	**231,986,269,312**	**261,879,587,526**	**231,937,302,384**
Equity				
Share capital	18,884,386,078	18,884,386,078	18,884,386,078	18,884,386,078
Ordinary Share	13,451,674,078	13,451,674,078	13,451,674,078	13,451,674,078
Preference Share(Irredeemable)	5,432,712,000	5,432,712,000	5,432,712,000	5,432,712,000
Share premium	-	-	-	-
Retained earnings	817,032,038	1,146,831,661	752,194,067	1,079,013,438
Reserves	15,513,321,906	13,902,642,253	15,389,996,202	13,778,139,333
Total equity attributable to equity holders	**35,214,740,021**	**33,933,859,992**	**35,026,576,347**	**33,741,538,849**
Non-controlling interest	**16,613,874**	**16,932,171**		
Total equity	**35,231,353,895**	**33,950,792,163**	**35,026,576,347**	**33,741,538,849**
Total liabilities and equity	**297,155,102,138**	**265,937,061,475**	**296,906,163,873**	**265,678,841,233**

Condensed Consolidated Statement of Profit or Loss
For the Quarter ended 29 Poush 2080

Particulars	Group				Bank			
	Current Year		Previous Year Corresponding		Current Year		Previous Year Corresponding	
	This Quarter	Up to This Quarter (YTD)	This Quarter	Up to This Quarter (YTD)	This Quarter	Up to This Quarter (YTD)	This Quarter	Up to This Quarter (YTD)
Interest income	6,772,140,826	13,290,897,955	5,744,927,092	11,244,343,424	6,771,565,288	13,289,650,831	5,744,563,740	11,243,296,271
Interest expense	4,348,147,498	8,802,840,778	3,855,264,314	7,514,049,097	4,347,988,683	8,802,270,500	3,855,264,314	7,514,049,097
Net interest income	**2,423,993,328**	**4,488,057,177**	**1,889,662,778**	**3,730,294,328**	**2,423,576,605**	**4,487,380,331**	**1,889,299,427**	**3,729,247,174**
Fees and commission income	341,268,524	706,985,538	288,976,043	579,718,768	341,268,524	706,985,538	288,976,043	579,718,768
Fees and commission expense	137,870,537	163,272,349	18,752,527	37,301,077	137,870,537	163,272,349	18,752,487	37,301,037
Net fee and commission income	**203,397,987**	**543,713,189**	**270,223,516**	**542,417,691**	**203,397,987**	**543,713,189**	**270,223,556**	**542,417,731**
Net interest, fee and commission income	**2,627,391,315**	**5,031,770,367**	**2,159,886,294**	**4,272,712,018**	**2,626,974,592**	**5,031,093,520**	**2,159,522,982**	**4,271,664,905**
Net trading income	160,319,579	122,718,997	3,568,448	42,232,030	157,118,883	126,544,481	3,568,448	42,232,030
Other operating income	172,418,360	305,642,216	27,771,398	82,847,585	172,385,658	305,624,612	27,726,355	82,795,581
Total operating income	**2,960,129,254**	**5,460,131,579**	**2,191,226,140**	**4,397,791,633**	**2,956,479,133**	**5,463,262,612**	**2,190,817,785**	**4,396,692,515**
Impairment charge/(reversal) for loan and other losses	(1,063,570,774)	1,096,505,129	1,391,645,012	2,176,539,012	(1,063,570,774)	1,096,505,129	1,391,645,012	2,176,539,012
Net operating income	**4,023,700,028**	**4,363,626,450**	**799,581,128**	**2,221,252,622**	**4,020,049,908**	**4,366,757,483**	**799,172,773**	**2,220,153,503**
Operating expense								
Personnel expenses	919,138,046	1,792,440,229	820,719,658	1,699,867,162	917,982,406	1,790,506,752	820,163,871	1,698,498,687
Other operating expenses	273,612,129	578,985,419	254,732,323	479,827,857	273,285,490	578,386,033	254,508,322	479,467,107
Depreciation & Amortisation	70,725,524	148,201,596	82,595,801	153,729,404	70,716,704	148,185,700	82,595,801	153,729,404
Operating Profit	**2,760,224,329**	**1,843,999,206**	**(358,466,654)**	**(112,171,800)**	**2,758,065,308**	**1,849,678,999**	**(358,095,221)**	**(111,541,694)**
Non operating income	5,427,835	10,631,486	86,016,011	146,817,403	5,427,835	10,631,486	41,436,778	51,091,668
Non operating expense	2,178,663	2,178,663	39,241,069	48,291,602	2,178,663	2,178,663	39,241,069	48,291,602
Profit before income tax	**2,763,473,502**	**1,852,452,029**	**(311,691,713)**	**(13,645,999)**	**2,761,314,481**	**1,858,131,822**	**(355,899,513)**	**(108,741,628)**
Income tax expense	518,286,221	501,429,446	(6,012,827)	20,191,946	517,967,835	502,856,641	(6,012,827)	20,191,946
Current Tax	558,719,992	558,719,992	(67,193,901)	-	557,439,547	557,439,547	(67,193,901)	-
Deferred Tax	(40,433,770)	(57,290,546)	61,181,073	20,191,946	(39,471,712)	(54,582,906)	61,181,073	20,191,946
Profit/(loss) for the period	**2,245,187,281**	**1,351,022,584**	**(305,678,885)**	**(33,837,946)**	**2,243,346,646**	**1,355,275,181**	**(349,886,685)**	**(128,933,574)**
Condensed Consolidated Statement of Comprehensive Income								
Profit/(loss) for the period	**2,245,187,281**	**1,351,022,584**	**(305,678,885)**	**(33,837,946)**	**2,243,346,646**	**1,355,275,181**	**(349,886,685)**	**(128,933,574)**
Other Comphrensive Income	21,869,373	(70,485,921)	15,677,578	(45,231,828)	21,399,069	(70,237,683)	15,677,578	(45,231,828)
Total Comphrensive Income	**2,267,056,654**	**1,280,536,662**	**(290,001,308)**	**(79,069,773)**	**2,264,745,715**	**1,285,037,499**	**(334,209,108)**	**(174,165,402)**
Basic earnings per share	64.34	17.66	(11.74)	(2.98)	64.29	17.73	(13.08)	(4.43)
Diluted earnings per share	64.34	17.66	(11.74)	(2.98)	64.29	17.73	(13.08)	(4.43)
Profit attributable to:								
Equity holders of the Bank	2,245,466,357	1,351,301,659	(305,652,541)	(33,793,206)	2,243,346,646	1,355,275,181	(349,886,685)	(128,933,574)
Non-controlling interest	(279,075)	(279,075)	(26,344)	(44,740)	-	-	-	-
Total	**2,245,187,281**	**1,351,022,584**	**(305,678,885)**	**(33,837,946)**	**2,243,346,646**	**1,355,275,181**	**(349,886,685)**	**(128,933,574)**

Ratios as per NRB Directive

Particulars	Group				Bank			
	Current Year		Corresponing Previous Year		Current Year		Corresponding Previous Year	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Capital Fund to RWA		**13.32%**		**14.83%**		**13.32%**		**14.83%**
Non-Performing loan (NPL) to total Loan		3.02%		4.52%		3.02%		4.52%
Total Loan Loss Provision to Total NPL		**136.68%**		**92.41%**		**136.68%**		**92.41%**
Cost of Funds		7.55%		8.53%		7.55%		8.53%
Credit to Deposit Ratio		76.46%		87.54%		76.46%		87.54%
Base Rate		9.82%		11.06%		9.82%		11.06%
Interest Rate Spread		3.97%		3.74%		3.97%		3.74%

Notes:

1. The above figures are subject to change as per the direction of the Regulators/Statutory Auditors.
2. Figures are regrouped/rearranged/restated whereas necessary for consistent presentation and comparison.
3. Personnel Expenses include provision for employee bonus calculated at 5% of profit before bonus and tax as per the provisions made for government controlled entity in the bonus bylaws 2075.
4. Loan and Advances to Customer is presented net of impairment charges and includes interest accruals and staff loans and advances.
5. Loan administration fees that are integral part of effective interest rate (EIR) is considered immaterial and hence not considered while computing the effective interest rate.
6. The Group Financial Statements includes two Susidiaries namely Kosh Byabasthapan Company Limited, having 92.89% holding and Gobar Gas Company having 83.96% holding. 100 percent impairment allowance has been provided against the investment in Gobar Gas Company.
7. All Inter-company transactions and outstanding balances among group companies are adjusted in Group Financial Statements.
8. Other Comprehensive Income is not considered while computing Earnings Per Share.
9. Debt securities issued represents debenture worth Rs. 2,500 million and Agri bond worth Rs. 18,000 million . As per NRB directives, we considered these financial instruments as source.
10. Interim financial statements has been prepared based on NFRSs except for NFRS 9 and NFRS 16.
11. A detailed interim financial report has been published in the Bank's website www.adbl.gov.np

Statement of Distributable Profit or Loss
For the Quarter ended 29 Poush 2080
(As per NRB Regulation)

	" Current Year Upto this Quarter YTD "
Net Profit or (loss) as per statement of profit or loss	**1,355,275,181**
1. Appropriations	
a. General Reserve	271,055,036
b. Capital Redemption Reserve	250,000,000
c. Exchange Fluctuation Fund	
d. Corporate Social Responsibity Fund	13,552,752
e. Employees Training Fund	58,666,331
f. Other	(8,991,971)
CSR Expenses transferred to Retain earning from CSR Reserve	(8,991,971)
Transfer from Fair Value Reserve	-
Profit or (loss) before regulatory adjustment	**770,993,033.62**
Regulatory Adjustment:	
a. Interest receivable (-)/previous accrued interest received (+)	(1,150,795,020)
b. Short loan loss provision in accounts (-)/reversal (+)	-
c. Short provision for possible losses on investment (-)/reversal (+)	-
d. Short loan loss provision on Non Banking Assets (-)/resersal (+)	(3,763,215)
e. Deferred tax assets recognised (-)/ reversal (+)	-
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	-
g. Bargain purchase gain recognised (-)/resersal (+)	-
h. Acturial loss recognised (-)/reversal (+)	-
i.Others(+/-)	56,745,830
Net Profit or (loss) for the Qtr ended on 29 Poush 2080 available for distribution	**(326,819,370)**
Opening Retained Earnings as on Shrawan 1, 2080	1,079,013,438
Adjustments(+/-)	
Distribution:	
Bonus Share Issued	-
Cash Dividend Paid	-
Total Distributable Profit or (Loss) as on Qtr end Poush 2080	**752,194,067**
Annualized Distributable Profit/(Loss) per share	**(4.86)**

कृषि विकास बैंक लि.
त्रैमासिक प्रतिवेदन

आर्थिक वर्ष २०८०/८१ दोस्रो त्रैयमास (२०८० पौष मसान्त)

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३,नियम २६ (१) अनुसुची १४ अनुसार

१. सम्बन्धित पक्ष (Related Party) बीच भएको कारोबार
नरहेको

२. प्रमुख वित्तीय अनुपातहरु

प्रति शेयर आम्दानी/(नोक्सानी) (रु.)	१७.७३	प्रति शेयर कुल सम्पत्ति मूल्य (रु.)	२१६६.२१
प्रति शेयर खुद मूल्य(रु.)	२१८.७९	तरलता अनुपात (%)	३६.९५

३. व्यवस्थापकीय विश्लेषण

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण

समीक्षा अवधिमा देशको विद्यमान आर्थिक अवस्थाका कारण व्यवसाय विस्तारमा सन्तोषजनक नभएको देखिन्छ। देशको पूँजी बजारमा आएको गिरावट, बैंकको निष्कृय कर्जामा भएको उल्लेख्य वृद्धि, नियामक निकायले कर्जा नोक्सानी व्यवस्था सम्बन्धि नीतिमा गरेको परिवर्तनको निरन्तरता आदिले बैंकको नाफामा असर पारेको देखिन्छ। आगामी दिनमा कर्जा गुणस्तर कायम गर्न गरिने प्रयास र उल्लेखित अवस्था सहज हुदै जादा लगानी, कर्जा सम्पत्ति लगायत साना तथा मझौला उद्योग सम्बन्धी व्यवसायमा वृद्धि हुदै जाने देखिएको छ। यसको अलावा बैकको कारोवार नियमित रहेको र तरलता सन्तोषजनक रहेको छ।

(ख) आगामी अवधिको व्यावसायिक योजनाको सम्बन्धमा

कृषि तथा अन्य प्राथमिकता क्षेत्रलाई विशेष ग्राह्यता दिदै कर्जाको गुणस्तर उत्कृष्ट कायम गर्दै, ग्राहकको चाहना तथा व्यवसायको संभाव्यता अनुरुप Digital बैंकिग सेवा ग्रामिण स्तरसम्म उपलब्ध गराउने नेपाल सरकारको नीति तथा कार्यक्रम अनुरुप, किसान केडिट कार्ड आदिको सेवा थप विस्तार गरिने छ। व्यवसायमा अन्तर निर्हित जोखिमको प्रभावकारी व्यवस्थापन गर्दै उपलब्ध स्रोतको प्रभावकारी परिचालन, थप स्रोत संकलन र व्यवस्थापन तथा साधनको अधिकतम उपयोग गरी शेयरधनी र सम्बद्ध सरोकारवालाहरुको अधिकतम हित हुने गरी व्यवसायको विस्तार गर्नुका साथै सेवामूलक कार्यक्रम संचालन गरिनेछ।

(ग) विगतको अनुभवबाट संगठीत संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण

विश्व अर्थतन्त्रमा देखिएको आर्थिक असामन्जस्यता आदिका कारण देखिएको अत्यधिक मुद्रास्फितिले राष्ट्रिय अर्थतन्त्रसगै बैंकिङ्ग व्यवसाय समेत प्रभावित भइरहेको अवस्थामा अर्थतन्त्रलाई लयमा फर्काउन, सरकार र नेपाल राष्ट्र बैंकबाट ल्याइएका विभिन्न सुधारका उपायहरुले अर्थतन्त्रमा सुधार आउन सक्ने विश्वास गर्न सकिन्छ। तरलता र लगानी योग्य पूँजीमा आएको सुधारले बैंकिङ्ग व्यवसायलाई सजगताका साथ चुस्त व्यवस्थापन गर्दै बैंकका गतिविधिहरुलाई विविधिकरण सहित अघि बढाईएको छ।

४. कानूनी कारबाही सम्बन्धी विवरण

देहाय अनुसारको मुद्दा दायर भएको भए, मुद्दा दायर भएको मिति, विषय, मुद्दादायर भएको संस्थापक वा संचालकको नाम र संभाव्य कानूनी उपचार सम्बन्धी विवरण

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको बिरुद्ध कुनै मुद्दा दायर भएको भए
यस अवधिमा बैंक पक्षी विपक्षी भई सर्वोच्च अदालतमा २० वटा मुद्दा दायर भएका छन्।

(ख) संगठीत संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए
यस बैंकको जानकारीमा आएको छैन।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए
यस बैंकको जानकारीमा आएको छैन।

५. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण

(क) धितोपत्र बजारमा भएको संगठीत संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा
बैंकको शेयर कारोबार नियमित एवं सन्तोषजनक रुपमा हुँदै आएको छ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिममूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या

शेयरको अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	शेयर कारोबार भएको कूल दिन	कुल शेयर कारोबार संख्या
२७०.००	२३९.९०	२४५.९०	४९	११,७१,५४४

६. समस्या तथा चुनौती

संगठीत संस्थाले बहन गर्नु परेको समस्या तथा चुनौती स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने र उक्त समस्या तथा चुनौतीलाई संगठीत संस्थाको आन्तरिक र वाह्य भनी वर्गीकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्वन गरेको रणनीति सम्बन्धी विवरण

आन्तरिक समस्या र चुनौती

- नियमित कर्मचारी आपूर्ति हुन नसक्दा न्यून कर्मचारीमा व्यवसाय संचालन।
- संचालन लागत र ब्याज खर्च व्यवस्थापन।

वाह्य समस्या र चुनौती

- विश्व अर्थतन्त्रमा देखिएको मन्दी र यसले पारेको प्रभाव।
- समय समयमा हुने नीतिगत र कानूनी व्यवस्थामा परिवर्तन।
- सूचना प्रविधिको क्षेत्रमा चुनौति र अनुपालना लागतमा वृद्धि।

चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति

उपरोक्त समस्याको समाधान तथा चुनौतीहरुको सामना गर्न बैंकले थप सजगताका साथ समग्र संचालन प्रणालीमा समय सापेक्ष सुधार गर्दै आएको छ।

- उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी व्यवसाय वृद्धि तथा विविधिकरणमा प्रभावकारिता हासिल गरिएको छ।
- प्रतिस्पर्धी ब्याजदर कायम गर्न संचालन खर्चमा कटौति र न्यून लागतको निक्षेप र दीर्घकालीन श्रोत संकलनमा जोड दिदै कर्जा निक्षेप सम्मिश्रणलाई थप सन्तुलित बनाउँदै लगिएको छ।
- व्यवसायमा थप नियन्त्रण हुने गरी केन्द्रिकृत व्यवसायको अवधारणा अवलम्बन गरिएको छ।
- Digital Banking कारोवारलाई expidite गर्दै लगिएको छ।
- लामो अवधिको श्रोत परिचालनको लागि बाह्य श्रोतको रुपमा (विदेशी मुद्रामा सापटी लिने, विभिन्न दातृ निकायहरुबाट लामो अवधिको कर्जा लिने आदि) र आन्तरिक श्रोतको रुपमा कृषि ऋणपत्र जारी गर्दै लाने नीतिलाई निरन्तरता दिईने छ।

७. संस्थागत सुशासन

नेपाल राष्ट्र बैंकबाट जारी भएका नीति, नियम तथा निर्देशनहरुको प्रभावकारी रुपमा पालना गरिएको छ। साथै, अन्य नियमनकारी निकायहरुबाट जारी भएका नियमहरुको समेत यथोचित परिपालना गर्ने गरिएको छ। बैंक व्यवस्थापन आफ्ना शेयरधनीहरु, सर्वसाधारण निक्षेपकर्ता तथा सम्पूर्ण सरोकारवालाहरुको हित संरक्षणका लागि सदैव प्रतिवद्ध रहेको छ।

८. सत्य, तथ्य सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण


आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गर्न तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार ७ माघ ०८०

ऊर्जामा सहकार्य गर्न नेपाल, भारत र बंगलादेशको संयुक्त कमिटी बनाइँदै

त्रिपक्षीय रूपमा विद्युत् उत्पादन, व्यापार र पूर्वाधार निर्माणमा सहजीकरण गरिने

मिलन विश्वकर्मा/नयाँ पत्रिका



नेपाल, भारत र बंगलादेशबीच ऊर्जामा सहकार्य गर्न ऊर्जा सचिव र सहसचिवस्तरीय संयुक्त कमिटी गठन गर्ने प्रक्रिया अघि बढाइएको छ। अहिले ऊर्जामा सहकार्य गर्न नेपाल-भारत, नेपाल-बंगलादेश र बंगलादेश-भारतबीच छुट्टाछुट्टै ऊर्जा सचिव र सहसचिवस्तरीय संयुक्त कमिटी छ। अब भने नेपाल-भारत-बंगलादेशबीच ऊर्जामा सहकार्य गर्न सचिव र सहसचिवस्तरीय संयुक्त कमिटी बनाउने प्रक्रिया अघि बढाइएको हो।

परराष्ट्र मन्त्रालय र दूतवासका कूटनीतिक निकायमार्फत नेपाल र बंगलादेशका ऊर्जा मन्त्रालयले यस्तो संयन्त्र बनाउने प्रक्रिया अघि बढाइसकेका छन्। यो कमिटीले मुख्यतः नेपाल-भारत-बंगलादेशबीच द्विपक्षीय र त्रिपक्षीय रूपमा विद्युत् उत्पादन तथा व्यापार गर्न, ऊर्जा क्षेत्रमा लगानी गर्न र ऋसबोर्डर कनेक्टिभिटी तथा प्रसारणलाइन बनाउन सहजीकरणको काम गर्नेछ।

नेपाल र भारतबीच विद्युत् व्यापार गर्ने गरी सन् २०१४ मा सहमति भएको थियो। यसैगरी, नेपाल र बंगलादेशबीच ऊर्जामा सहकार्य गर्न सन् २०१८ मा सम्झौता भएको थियो। त्यो सम्झौता कार्यान्वयन गर्न नेपाल-भारत र नेपाल-बंगलादेशबीच छुट्टाछुट्टै द्विपक्षीय ऊर्जा सचिवस्तरीय कमिटी छ। उक्त कमिटीहरूले ऊर्जा सहकार्य गर्न द्विपक्षीय रूपमा विभिन्न नीतिगत सहमति र सम्झौता गर्दै आएका छन्। त्रिपक्षीय कमिटीले पनि सोहीअनुसार काम गर्ने मन्त्रालयको भनाइ छ।

बंगलादेशले त्रिपक्षीय संयन्त्रको मस्यौदा बनाएर नेपाललाई राय-सुझावका लागि गत मंसिरमै पठाएको थियो। त्यसमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले आफ्नो राय तथा सुझाव थप गरेर बंगलादेशलाई पठाइसकेको छ। अब बंगलादेशले त्यस मस्यौदाबारे भारतको पनि राय-सझाव लिनेछ। त्यसपछि कूटनीतिक प्रक्रिया पूरा गरेर उक्त कमिटी गठन हुने मन्त्रालयका सहसचिव नवीनराज सिंहले जानकारी दिए। 'नेपाल-बंगलादेश, नेपाल-भारत र भारत-बंगलादेशबीच ऊर्जामा सहकार्य गर्न छुट्टाछुट्टै द्विपक्षीय संयन्त्र छ। अब भने त्रिपक्षीय रूपमै ऊर्जामा सहकार्य गर्ने अवस्था बनेको छ,' उनले भने, 'सोही अवस्थाको दृष्टिगत गर्दै कूटनीतिक प्रक्रियाबाट त्रिपक्षीय संयन्त्र बनाउने प्रक्रिया अघि बढाएका छौं।' गत जेठमा सम्पन्न नेपाल-बंगलादेश ऊर्जा बैठकमा विद्युत् व्यापार, अन्तरदेशीय प्रसारणलाइन निर्माणसहित समग्र ऊर्जामा सहकार्य गर्न नेपाल, बंगलादेश र भारतबीच त्रिपक्षीय प्रशासनिक संयन्त्र बनाउने सहमति भएको थियो। त्यसका लागि नेपाल र बंगलादेशले भारतसँग पहल गर्ने सहमति पनि भएको थियो। त्यसपछि बंगलादेशले नै यसका लागि मस्यौदा बनाएर नेपाल र भारतको राय लिने काम गर्दै आएको छ। अहिले नेपाल र भारतबीच विद्युत् व्यापार भइरहेको छ। नेपालले बर्खामा भारतमा विद्युत् निर्यात गर्छ भने हिउँदमा त्यहाँबाट आयात गर्छ। भारतले आगामी १० वर्षमा नेपालबाट १० हजार मेगावाट किन्ने गरी सम्झौता भइसकेको छ। यसैगरी भारत र बंगलादेशबीच पनि विद्युत् खरिद-बिक्री हुँदै आएको छ।

अब भने नेपाल र बंगलादेशबीच पनि विद्युत् व्यापार सुरु हुँदै छ। बंगलादेशले आगामी बर्खादेखि नेपालबाट ४० मेगावाट विद्युत् खरिद गर्दै छ। यसैगरी, निकट भविष्यमै बंगलादेशले नेपालबाट हजारौं मेगावाट विद्युत् खरिद गर्ने सम्भावना छ। तर, त्यसमा भारतको सहयोग अपरिहार्य छ। किनकि, नेपाल र बंगलादेश सीमा जोडिएका देश होइनन्। दुई देशका बीचमा भारतीय भूमि छ। नेपाल-बंगलादेशबीच विद्युत् व्यापार गर्न दुई देशबीच डेडिकेटेड अन्तरदेशीय प्रसारणलाइन पनि छैन। त्यसैले तत्काललाई भारतीय प्रसारणलाइन हुँदै बंगलादेश विद्युत् पुऱ्याउनुपर्ने बाध्यता छ। यसमा भारतले सहमति पनि दिएको छ। आगामी दिनमा डेडिकेटेड अन्तरदेशीय प्रसारणलाइन बनाउन पनि भारतकै भूमि चाहिन्छ। त्यो अवस्थामा दुई देशबीच विद्युत् व्यापार गर्न भारतीय सहयोग अपरिहार्य छ। तर, त्रिपक्षीय संयन्त्र नहुँदा यससम्बन्धी काममा ढिलाइ हुँदै आएको थियो।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट


भदौ ०७९ मा सम्पन्न नेपाल-बंगलादेश ऊर्जा बैठकमै बंगलादेशले कात्तिक ०७९ भित्रै नेपालबाट ४० देखि ५० मेगावाट विद्युत् किन्ने सहमति गरेको थियो। तर, भारतसँग समयमै समन्वयन नहुँदा त्यो सफल हुन सकेको थिएन। त्यसपछि गत फागुनमा सम्पन्न नेपाल-भारत ऊर्जा बैठकमा भारतले आफ्नो प्रसारण प्रणालीबाट नेपालको ५० मेगावाटसम्मको विद्युत् बंगलादेश लैजान दिने सहमति गरेको थियो। नेपालले बंगलादेशमा विद्युत् बिक्री गर्न थप प्रक्रिया अघि बढाएको थियो। त्यसपछि गत जेठमा भएको नेपाल-बंगलादेश ऊर्जा बैठकमा गएको बर्खाबाटै विद्युत् व्यापार गर्ने सहमति भएको थियो। तर, त्यो सहमति पनि सफल हुन सकेन। यस्तो अवस्था आउनुको एक कारण त्रिपक्षय संयन्त्र नहुनुलाई पनि लिइएको छ।

'त्रिपक्षीय संयन्त्र भएको भए अहिलेसम्म नेपाल-बंगलादेशबीच विद्युत् व्यापार सुरु भइसकेको हुन्थ्यो होला। किनकि, एकैपटकको बैठकमा धेरै काम गर्न सकिन्थ्यो,' मन्त्रालयका एक अधिकारीले भने, 'नेपाल र बंगलादेशबीच विद्युत् व्यापार गर्न एक प्रकृतिको सहमति त हुन्छ। तर, त्यसका लागि भारतसँग छुट्टै बैठक गर्नुपऱ्यो। त्यसपछि भारतीय पक्षको धारणाका आधारमा नेपाल र बंगलादेशबीच थप छुट्टै बैठक बस्नपऱ्यो। एउटै टेबलमा त्रिपक्षीय सहमति गर्ने सयन्त्र भएन। त्यसैले त्रिपक्षीय सयन्त्र आवश्यक थियो, सोहीअनुसार अहिले त्रिपक्षीय संयन्त्र बनाउन अघि बढेको छ।'

मन्त्रालयका प्रवक्तासमेत रहेका सिंहले पनि त्रिपक्षीय संयन्त्र बनेपछि नेपाल-बंगलादेशबीचको ऊर्जा सहकार्यमा थप सहज ढंगले अघि बढ्ने बताए। यसैगरी, निकट भविष्यमा बिमस्टेक र सार्क मुलुकबीच नै विद्युत् व्यापार गर्ने योजना छ। यसका लागि सार्क र बिमस्टेक मुलुकबीच इन्टर कनेक्ट प्रसारणलाइन बनाउने योजना छ। यो कमिटी बनेमा उक्त योजनालाई सफल बनाउन पनि सहयोग पुग्ने सिंहले बताए।

६ महिनामा ओटिसी बजारमा दुई अर्ब ३४ करोडको सेयर कारोबार

भोजराज भण्डारी/नयाँ पत्रिका



चालू आर्थिक वर्षको दोस्रो त्रैमाससम्ममा ओभर द काउन्ट (ओटिसी) बजारमा दुई अर्ब ३४ करोडबराबरको सेयर किनबेच भएको छ। चालू आवको दोस्रो त्रैमासमा ६३ करोड ६५ लाख रुपैयाँको कारोबार भएको छ। २४ कम्पनीको प्रतिसेयर एक सय रुपैयाँदेखि एक हजार ८५ दशमलव ५ का दरले ५९ लाख ६७ हजार कित्ता सेयर किनबेच भएको हो। ओटिसी बजारमा नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकरण हुन नसकेका तथा सूचीकरण खारेजी भएका कम्पनीहरूको सेयर किनबेच हुने गर्छ। पहिलो त्रैमासमा एक करोड ३६ लाख कित्ता सेयर एक अर्ब ७१ करोड ६ लाख रुपैयाँमा किनबेच भएको थियो।

यो मार्केटमा दलालविना नै शुक्रबार र सार्वजनिक बिदाका दिनबाहेक बिहान ११ बजेदेखि अपराह्न १ बजेसम्म नेप्सेमा कारोबार हुन्छ। सूचीकरण खारेजी भएका कम्पनीको सेयर किनबेच हुने व्यवस्था नभइरहेको अवस्थामा नेप्सेले पहिलोपटक ०६५ जेठमा 'ओटिसी बजार नियमावली, २०६५' ल्याएको हो। उक्त विनियमावलीअनुसार नेप्सेले स्वचालित कारोबारबाहेक छुट्टै काउन्टर खोली खारिदकर्ता र बिक्रीकर्ताको सीधै सम्पर्कबाट कारोबार गर्दै आएको छ।

दोस्रो त्रैमासमा सबैभन्दा धेरै कारोबार गर्ने कम्पनीमा नेपाल हस्पिटालिटी एन्ड होटेलको प्रतिकित्ता एक सयका दरले २५ लाख ४४ हजार कित्ता सेयर किनबेच हुँदा दुई करोड ५४ लाख ४५ हजार रुपैयाँको कारोबार भएको छ। त्यस्तै, चितवन फुड इन्डस्ट्री, हिलटन हाइड्रो र स्नोरिभर कम्पनीको पाँच करोड रुपैयाँको कारोबार भएको छ। उक्त कम्पनीको प्रतिकित्ता सय रुपैयाँका दरले पाँच लाख कित्ता सेयर किनबेच भएको हो।

■ दोस्रो त्रैमासमा कुन कम्पनीको कति कारोबार ?

कम्पनी	कित्ता	मूल्य	रकम
ज्योति क्यापिटल	३००००	१०२	३०६००००
म्याक्स भिजन	११६०८	१००	११६००००
टक्सार पिखुवा खोला हाइड्रोपावर	१२०००	१००	१२०००००
नेपाल जलविद्युत् प्रवर्द्धन तथा विकास	२४१९०७	१००	२४६७४५१४
अन्नपूर्ण केबलकार	२३९६०८	१५०	३५९४१२००
अल फुड इन्डस्ट्रिज	१५००००	१००	१५००००००
चितवन क्यापिटल	५०००००	१००	५०००००००
गरिमा क्यापिटल	४८६९	१००	४८६९००
त्रिशक्ति सेक्युरिटिज	८४९८८०	१२०	१०१९८५६००
हिमशिला पावर कम्पनी	५१३४५	१००	५१३४५००
एभरेस्ट ग्यास उद्योग	४०००	१००	४०००००
नेपाल हस्पिटालिटी एन्ड होटेल	२५४४५२०	१००	२५४४५२०००
काठमाडौं फरेस्ट्री कलेज	५००	१०८५.५	५४२७५०
डियरवाक ग्रुप	२६५००	२५०	६६२५०००
मेडिकेयर हस्पिटल	१३४८९	१५८.२	२१३३९५९.८
मेडिकेयर हस्पिटल	७९६६	१००	७९६६००
सेनसिड सर्भिस सेन्टर	६८४८	२४०	१६५३५२०
सेनसिड सर्भिस सेन्टर	१६०००	२४५	३९२००००
जगदम्बा स्पेनिङ मिल्स	९००००	११८	१०६२००००
लाप्फा ग्रुप	५३६८०	१०२	५४७५३६०
श्री डिस्टिलरी	१०००००	१००	१००००००
एग्रो कर्मेस नेपाल	१२५००	१००.३७	१२५४६२५
हिल्टन हाइड्रो	५०००००	१००	५०००००००
स्नो रिभर	५०००००	५००००००	

स्रोत : नेपाल स्टक एक्सचेन्ज

अर्थतन्त्रको बेथिति सफा गर्दा स्वार्थ समूह बेखुसी : अर्थमन्त्री



काठमाडौं/ अर्थमन्त्री डा. प्रकाशशरण महतले बजेट व्यवस्थापनमा भएका बेथितिलाई सफा गर्न खोज्दा स्वार्थ समूह बेखुसी भएको बताएका छन्। गोविन्द वियोगी स्मृति ट्रस्टद्वारा स्थापित गोविन्द वियोगी पत्रकारिता पुरस्कार हस्तान्तरण तथा वरिष्ठ पत्रकार सम्मान समारोहलाई सम्बोधन गर्दै मन्त्री डा. महतले यस्तो बताएका हुन्। उनले भने, 'मैले अर्थ मन्त्रालयको जिम्मेवारी लिँदा समस्याको पहाड थियो, बजेट व्यवस्थापनमा पनि धेरै बेथिति थिए। त्यसलाई एकै धक्कामा सफा गर्न पनि कठिन थियो। बिस्तारै काम भइरहेको छ। दायित्वमाथि दायित्व सिर्जना हुँदै जाने, हिसाबकिताब नदेखिने अवस्थाको हामीले अन्त्य गर्दै छौं। यसबाट स्वार्थ समूह बेखुसी छन्। बजेट व्यवस्थापन बिस्तारै सिस्टममा ल्याउँदै छौं।'

देशको आर्थिक अवस्था अप्ठ्यारा भएकाले कुनै पनि संघ-संस्थालाई राज्यले सहयोग गर्न नसकेको उनले बताए। परिस्थिति सहज भएपछि संघ-संस्थाको महत्त्वलाई बुझेर पुनः सहयोग उपलब्ध गराइने उनको भनाइ छ। उनले अर्थतन्त्र क्रमशः सुधार हुँदै गइरहेको जिकिर गरे। उनले भने, 'बिस्तारै अर्थतन्त्र लयमा फर्किँदै छ। जग्गा कारोबार चलायमान भएको छ, नेप्से परिसूचक उकालो लागेको छ। धेरै वर्षपछि उच्च संख्यामा पर्यटक भित्रिएका छन्। बाहिरबाट सिस्टममा प्रशस्त पूँजी प्रवाह भएको छ। आत्मविश्वास पनि विकसित हुँदै गएको छ।'

डा. महतले आर्थिक वृद्धिदर पहिलेको तुलनामा बढ्ने, लगानीको नयाँ क्षेत्रको पहिचान गर्नुपर्ने र अर्थतन्त्रमा देखिएको अन्योल समाप्त हुँदै जाने बताए।

घले गाउँमा १० हजार पर्यटक भित्रिए

लमजुङमा **शान्ता कमली**



लमजुङको क्व्होलासौंथर गाउँपालिका-३ मा पर्ने घले गाउँमा एक वर्षमा नौ हजार ६ सय ५७ जना पर्यटक भित्रिएका छन्। स्मार्ट भिलेज र सुखी गाउँका रूपमा परिचित घले गाउँ आन्तरिक र बाह्य पर्यटकको गन्तव्य बनेको छ। कोरोनापछि अहिले घले गाउँमा पर्यटक आगमन पुरानै लयमा फर्किएको छ।

यो समुद्री सतहबाट दुई हजार एक सय मिटर उचाइमा रहेको छ। पर्यटकीय गाउँबाट सुरु भएको घले गाउँको उपमा अहिले स्मार्ट भिलेज र सुखी गाउँका रूपमा परिचित छ। दुई दशकभन्दा बढी आन्तरिक पर्यटन विकासले घले गाउँलाई दक्षिण एसियामै नमुना ग्रामीण पर्यटकीय गाउँका रूपमा प्रख्यात बनायो। स्मार्ट भिलेज घले गाउँका घर एकैनासले रातो रङका जस्ता राखिएको पर्यटन व्यवस्थापन समिति ग्रामीण पर्यटन घले गाउँका अध्यक्ष प्रेमबहादुर घलेले बताए।

गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ), गण्डकी प्रदेशलगायत निकायले उत्कृष्ट होमस्टेको श्रेणीमा राखेको घलेगाउँ दुईपल्ट दक्षिण एसियाकै नमुना गाउँ घोषित हुन सफल भइसकेको छ। ०५६ देखि स्थानीयले पर्यटन प्रवर्द्धनका कार्यक्रमको सुरुवात गरेका थिए। ०५७ देखि १२ घरबाट घले गाउँमा होमस्टे सञ्चालन गरिएको थियो। घले गाउँका एक सय ३५ घरमध्ये हाल ४२ घरमा होमस्टे सञ्चालन गरिएको छ। न्यानो आतिथ्यताका माध्यमबाट घले गाउँमा गरिने परम्परागत संस्कृति, रहनसहन, मौलिक उत्पादन तथा सेवाका साथ होमस्टेले पर्यटकलाई आकर्षित गरेको छ। गाउँमा यातायातको सुविधा भएपछि पर्यटक सीधै होमस्टेका लागि पुग्ने गरेका छन्। ०५७ सालबाट होमस्टे सञ्चालनमा आएको घले गाउँमा ४२ घरले नियमित सेवा दिइरहेका छन्।

घले गाउँमा दैनिक तीन सयभन्दा बढी पाहुनालाई सेवा दिन सक्ने क्षमता रहेको घले गाउँ पर्यटन व्यवस्थापन समितिले जनाएको छ। घले गाउँमा पर्यटकको आगमनसँगै स्थानीय बासिन्दाको आर्थिकस्तर पनि उकासिएको छ।

व्यवसाय जोगाउन सरकार गुहार्दै इँटा व्यवसायी

भैरहवा/ बजारमा इँटाको माग न्यून हुँदा रुपन्देहीको इँटा उद्योग धराशायी हुने अवस्थामा पुगेको व्यवसायीले बताएका छन्। लुम्बिनी इँटा उद्योग व्यवसायी संघले भैरहवामा पत्रकार सम्मेलन गरी व्यवसाय जोगाउनमा सहयोग गर्न सरकारसँग आग्रह गरेको छ।

बैंकको चर्को ब्याज, स्थानीय तहहरूको मनपरी तरिकाको कर, कच्चा पदार्थको अभावलगायत समस्याका कारण इँटा उद्योग धराशायी अवस्थामा पुगेको लुम्बिनी इँटा उद्योग-व्यवसायी संघका अध्यक्ष अजयकुमार गुप्ताले बताए। विगतका महिनाजस्तै पुसमा पनि उद्योगीहरू निराश हुनुपरेको उनको भनाइ छ।

आर्थिक मन्दीका कारण रुपन्देहीमा रहेको ५२ वटा इँटा उद्योगमध्ये २५ प्रतिशत पनि सञ्चालनमा आउन नसकेको गुप्ताले बताए। 'अहिले जिल्लामा करिब आठ करोड गोटा मात्र इँटा मौजदात छन्,' उनले भने, 'यसपटक रुपन्देहीको हिरा इँटा उद्योग, एभरेस्ट इँटा उद्योग र जेएम इँटा उद्योगले मात्र उत्पादनका लागि प्रक्रिया सुरु गरेका छन्।' लामो समयसम्म तराईमा घाम नलागेका कारण उत्पादन गर्न सुरसार गर्ने उद्योगहरूले पनि उत्पादन गर्न नपाएको गुप्ताको भनाइ छ। चलेका इँटा उद्योगहरू पनि ५० प्रतिशतभन्दा कम उत्पादन गर्ने अवस्था रहेको उनले बताए। अहिले समग्र उद्योगीहरूको आर्थिक चक्र नै प्रभावित बनेको गुप्ताको भनाइ छ।

सरकारले मूल्यअभिवृद्धि करमा लाग्ने हर्जाना तथा स्थानीय तहले बढाएका विभिन्न कर हटाइदिन पनि उद्योगीहरूले सरकारसँग आग्रह गरेका छन्। संघका महासचिव दीपक पौडेलले भएका मौज्दात इँटाहरू बैंकहरूको दबाबका कारण सस्तोमै बेच्नुपरिरहेको बताए। आठदेखि १० वटा इँटा उद्योगहरू लिलामीमा चढेको उनले बताए। प्रत्येक वस्तुको बिमा हुने गरे पनि सरकारको नीतिका कारण काँचो इँटाको बिमा नहुने हुँदा बर्सेनि करोडौं रुपैयाँको नोक्सानी व्यहोर्दै आएको नेपाल इँटा उद्योग-व्यवसायी महासंघका सल्लाहकार हरिप्रसाद अधिकारीले बताए।

सरकारी निकायमा स्वदेशी वस्तुको प्रयोग अनिवार्य गर : परिसंघ

नयाँ पत्रिका

मुख्य सचिव डा. वैकुण्ठ अर्यालले सरकारी एवं सार्वजनिक संस्थानमा स्वदेशी वस्तु खरिदका लागि उचित वातावरण बनाउने बताएका छन्। शुक्रबार नेपाल उद्योग परिसंघले आयोजना गरेको छलफल कार्यक्रममा उनले निजी क्षेत्रलाई समेत स्वदेशी वस्तु खरिद गर्न आग्रह गरे।

परिसंघले 'मेक इन नेपाल- स्वदेशी' अभियानमा आबद्ध उद्योगीका समस्या एवं समाधानका विषयमा मुख्य सचिव अर्याल, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवद्वय मुकुन्दप्रसाद निरौला, नारायणप्रसाद शर्मा दुवाडीलगायत सरोकारवालाको उपस्थितिमा आयोजित स्वदेशी मिट एन्ड ग्रिटमा स्वदेशी उद्योगको प्रवर्द्धनका लागि लिइनुपर्ने नीतिगत विषयमा छलफल गरिएको थियो।

मुख्य सचिव अर्यालले मेक इन नेपाल अभियानलाई सरकारले सुरुवातदेखि नै स्वामित्व लिएको बताए। 'स्वदेशी उद्योगहरूको प्रवर्द्धन गर्न परिसंघले उठाइरहेको जग्गाको हदबन्दी, कानुन संशोधनलगायतका विषयलाई प्राथमिकतामा राखेका छौं,' उनले भने, 'मेक इन नेपाल अभियानमा आबद्ध सदस्य उद्योगहरूले प्रयोग गर्दै आएका गैँडा अंकित लोगो एवं यसको विशेषताबारे आमउपभोक्तालाई जानकारी गराउने गरी अभियान सञ्चालन गर्नुहोस्।' उनले विदेशी लगानी आकर्षित गर्न द्विपक्षीय लगानी सम्झौता (बिआइए)सम्बन्धी प्रस्ताव मन्त्रिपरिषद्मा पठाउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई आग्रहसमेत गरे।

परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले परिसंघले स्वदेशी अभियानमा आबद्ध उद्योगका लागि नीतिगत वकालत गर्ने, नेटवर्किङ र बजारीकरणमा सहयोग गर्ने, स्वदेशी उत्पादनको प्रवर्द्धन गर्नेलगायतका गतिविधि सञ्चालन गरिरहेको जानकारी गराए। परिसंघले स्वदेशी उत्पादनको प्रवर्द्धनका लागि बजेटमा नीतिगत सुझाव दिने, बिजनेस टु बिजनेस (बिटुबी) पोर्टल सञ्चालनलगायतका काम गरिरहेको छ। परिसंघ पछिल्लोपटक संयुक्त राष्ट्रसंघ पुँजी विकास कोष (युएनसिडिएफ)को 'अगोरा' प्लेटफर्ममा आबद्ध भएको छ। सो प्लेटफर्म स्वदेशी वस्तुहरू अन्तर्राष्ट्रिय व्यावसायिक सञ्जालमा पुग्न प्रभावकारी माध्यम बन्ने उनले विश्वास व्यक्त गरे।

अध्यक्ष अग्रवालले निर्यात प्रवर्द्धनका लागि ८ प्रतिशतसम्म नगद अनुदान दिने व्यवस्थाले सकारात्मक परिणाम ल्याइरहेको जानकारी गराउँदै मेक इन नेपाल स्वदेशी अभियानमा आबद्ध उत्पादनलाई थप १ प्रतिशत निर्यातमा अनुदान दिएर प्रोत्साहन गर्न आग्रह गरे। परिसंघले स्वदेशीको सामूहिक ट्रेडमार्कका लागि सबै प्रक्रिया पूरा गरी उद्योग विभागमा निवेदन दिएको उनले जानकारी गराए।

उद्योग सचिव निरौलाले २० प्रतिशत महँगो भए पनि स्वदेशी सामान खरिद गर्नुपर्ने निर्देशिका अन्तिम चरणमा रहेको बताए। 'स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न सरकार लागिरहेको छ,' उनले भने, 'परिसंघले दिएका नीतिगत सुझाव मननयोग्य छन्, ती सुझाव एकै दिन एकैपटक लागू गर्न नसकिने भए पनि चरणबद्ध रूपमा कार्यान्वयन गर्दै जानेछौं।'

हटलाइन सेवा प्रभावकारी बनाउँदै ऊर्जा मन्त्रालय

काठमाडौं/ ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले हटलाइन सेवालाई थप प्रभावकारी बनाउन लागेको छ। विनासूचना बिजुली काट्ने, विद्युत् प्राधिकरणका कर्मचारीले अनावश्यक दुःख दिने, बिजुलीको मिटर नदिनेलगायत समस्याहरू आइलागे ग्राहकले मन्त्रालयको पैसा नलाग्ने नम्बर ११५१ मा फोन गरेर आफ्नो गुनासो टिपाउन सक्छन्।

ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतले बिहीबार हटलाइन सेवामा कार्यरत मन्त्रालय र प्राधिकरणका कर्मचारीसँग छलफल गरी सेवालाई थप प्रभावकारी बनाउन निर्देशन दिएका हुन्। 'नागरिकले प्रत्यक्ष रूपमा गुनासो गर्न सक्ने सो सेवालाई प्रभावकारी बनाउन के-कस्ता उपाय अवलम्बन गर्नुपर्छ, त्यसका लागि मन्त्रालयले आवश्यक प्रबन्ध गर्नेछ,' उनले भने, 'सरकारी निकायले सकेसम्म सेवाग्राहीको गुनासो नआउने गरी काम गर्नुपर्छ, समस्या आएमा गुनासो गर्ने निकायका रूपमा रहेको प्रणालीलाई झनै व्यवस्थित बनाउनुपर्छ।'

नागरिकले प्रत्यक्ष भोगेका र अनुभव गरेका गुनासो सुन्ने मात्रै नभई त्यसको समाधानका लागि समेत हटलाइन सेवामा कार्यरत कर्मचारीले विशेष ध्यान दिनुपर्ने मन्त्री बस्नेतको भनाइ छ। उनले भने, 'गुनासो आउनेबित्तिकै सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुस्। समस्या समाधानका लागि जनशक्ति परिचालनको प्रबन्ध गर्न पहल गर्नुस्। नागरिकले सेवा सहज तरिकाले पाउनुपर्छ। कुनै पनि बहाना गर्न पाइँदैन र मिल्दैन।'

मन्त्री बस्नेतले गुनासो टिपाउन सहज रूपमा प्राधिकरणका सबै कार्यालय तथा वितरण केन्द्रमा सूचना पार्टी राख्न र यसअघि राखिएको भए थप व्यवस्थित गर्नसमेत निर्देशन दिए। 'कतिपयले त गुनासो गर्ने माध्यम थाहा नपाएर पनि बसेका हुन्छन्, उनीहरूलाई सहज तवरले गुनासो गर्ने वातावरण बनाउनुपर्छ,' उनले भने, 'जिल्लामा रहेका एफएम रेडियो वा अन्य सञ्चारमाध्यमबाट पनि प्रचारप्रसार गरी सो सेवाका बारेमा जानकारी गराउन आवश्यक व्यवस्था मिलाइनेछ।'

सरकारले पैसा नलाग्ने नम्बर यसअघि नै सञ्चालनमा ल्याएको थियो। सो हटलाइनमा दैनिक औसतमा चार दर्जन हाराहारी गुनासो आउने गर्छन्। गुनासो आउनेबित्तिकै सम्बन्धित कार्यालय र वितरण केन्द्रका प्रमुखलाई फोन गरेर समस्या समाधानका लागि आग्रह गर्ने गरिएको हटलाइन सेवाका प्रमुख रामकृष्ण पौडेलले जानकारी दिए। लाइन काटिएको, भोल्टेज कम आएको जस्ता गुनासाहरू बढी आउने गरेको उनको भनाइ छ।

मन्त्री बस्नेतले ग्राहकका सबै गुनासोलाई आफ्नै समस्या सम्झेर समाधान गर्नका लागि सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाउन जरुरी रहेको बताए।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक
नेपाल राष्ट्र बैंकबाट क वर्गको इजाजतपत्रप्राप्त संस्था

Rastriya Banijya Bank Limited

Unaudited Financial Results
Second Quarter Ending FY 2080/81 (2023/24)

Condensed Consolidated Statement of Financial Position
As on Quarter Ended 29 Poush 2080 (14th January 2024)

Particulars	Group		Bank	
	This Quarter Ending	Immediate Previous Year Ending (Audited)	This Quarter Ending	Immediate Previous Year Ending (Audited)
Assets				
Cash and cash equivalent	10,974,219,454	9,792,016,200	10,968,653,721	9,789,494,581
Due from Nepal Rastra Bank	18,961,051,943	22,675,064,515	18,961,051,943	22,675,064,515
Placement with Bank and Financial Institutions	-	-	-	-
Derivative financial instruments	13,083,360	2,726,800	13,083,360	2,726,800
Other trading assets	-	38,594,920	-	-
Loan and advances to B/FIs	11,410,795,391	15,633,030,801	11,410,795,391	15,633,030,801
Loans and advances to customers	244,413,183,461	227,308,982,418	244,413,183,461	227,308,982,418
Investment securities	73,599,178,537	76,302,046,331	73,333,951,609	76,090,626,331
Current tax assets	5,183,038,902	4,817,335,828	5,182,033,638	4,816,614,834
Investment in subsidiaries	-	-	400,000,000	400,000,000
Investment in associates	2,308,066,591	2,308,066,591	809,443,020	809,443,020
Investment property	184,792,840	196,977,839	184,792,840	196,977,839
Property Plant and equipment	30,382,137,936	30,364,970,237	30,378,711,963	30,362,094,565
Goodwill and Intangible assets	41,254,547	51,576,681	40,372,806	50,454,590
Deferred tax assets	3,417,943	3,417,943	-	-
Other assets	19,496,403,670	5,900,622,344	19,484,134,964	5,886,219,585
Total Assets	**416,970,624,575**	**395,395,429,448**	**415,580,208,716**	**394,021,729,879**
Liabilities				
Due to Bank and Financial Institutions	3,112,601,174	1,329,691,617	3,112,601,174	1,329,691,617
Due to Nepal Rastra Bank	-	-	-	-
Derivative financial instruments	-	-	-	-
Deposits from customers	336,900,802,414	321,329,908,120	337,234,681,313	321,654,940,223
Borrowing	60,000,000	60,000,000	60,000,000	60,000,000
Current Tax Liabilities	289,481	-	-	-
Provisions	322,430,554	322,491,839	322,430,554	322,491,839
Deferred tax liabilities	7,999,176,353	7,454,994,597	7,999,176,353	7,454,994,597
Other liabilities	11,224,169,226	10,112,384,041	11,069,293,919	9,960,722,072
Debt securities issued	2,500,582,191	2,500,582,191	2,500,582,191	2,500,582,191
Subordinated Liabilities	-	-	-	-
Total liabilities	**362,120,051,393**	**343,110,052,405**	**362,298,765,504**	**343,283,422,539**
Equity				
Share capital	15,637,377,055	15,637,377,055	15,637,377,055	15,637,377,055
Share premium	-	-	-	-
Retained earnings	1,773,744,459	2,263,808,471	406,282,986	918,407,267
Reserves	37,439,451,668	34,384,191,517	37,237,783,171	34,182,523,018
Total equity attributable to equity holders	**54,850,573,182**	**52,285,377,043**	**53,281,443,212**	**50,738,307,340**
Non-controlling interest	-	-	-	-
Total equity	**54,850,573,182**	**52,285,377,043**	**53,281,443,212**	**50,738,307,340**
Total liabilities and equity	**416,970,624,575**	**395,395,429,448**	**415,580,208,716**	**394,021,729,879**
Contingent liabilities and commitment	**35,902,879,987**	**58,819,600,524**	**35,902,879,987**	**58,819,600,524**
Net assets value per share	**350.77**	**334.36**	**340.73**	**324.47**

Condensed Consolidated Statement of Profit or Loss
For the Quarter Ended On 29 Poush 2080 (14th January 2024)

Particulars	Group				Bank			
	Current Year		Previous Year Corresponding		Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter(YTD)	This Quarter	Upto this Quarter(YTD)	This Quarter	Upto this Quarter(YTD)	This Quarter	Upto this Quarter(YTD)
Interest income	7,912,775,240	15,520,696,874	7,454,979,228	14,806,484,188	7,908,100,255	15,509,858,707	7,451,703,648	14,797,377,690
Interest expense	4,710,411,328	9,779,168,821	4,629,080,844	8,790,855,125	4,714,351,880	9,787,672,369	4,629,080,844	8,790,855,125
Net interest income	**3,202,363,912**	**5,741,528,053**	**2,825,898,384**	**6,015,629,063**	**3,193,748,375**	**5,722,186,338**	**2,822,622,804**	**6,006,522,565**
Fees and commission income	286,097,254	619,509,828	264,199,910	502,815,885	288,887,390	599,830,647	250,894,250	479,998,278
Fees and commission expense	104,776,131	214,005,885	89,435,044	171,153,883	103,050,809	207,777,387	89,512,544	171,231,383
Net fee and commission income	**181,321,123**	**405,503,943**	**174,764,866**	**331,662,002**	**185,836,581**	**392,053,260**	**161,381,706**	**308,766,895**
Net interest, fee and commission income	**3,383,685,035**	**6,147,031,996**	**3,000,663,250**	**6,347,291,065**	**3,379,584,956**	**6,114,239,598**	**2,984,004,510**	**6,315,289,460**
Net trading income	138,058,210	145,817,186	197,804,964	198,721,583	118,511,217	128,122,785	197,804,964	198,721,583
Other operating income	7,939,922	174,372,520	258,393,918	376,490,901	7,180,552	174,256,801	259,310,191	377,767,174
Total operating income	**3,529,683,167**	**6,467,221,702**	**3,456,862,132**	**6,922,503,549**	**3,505,276,725**	**6,416,619,184**	**3,441,119,665**	**6,891,778,217**
Impairment charge/(reversal) for loans and other losses	198,201,990	439,464,828	(22,236,963)	298,463,544	198,201,990	439,464,828	(22,236,963)	298,463,544
Net operating income	**3,331,481,177**	**6,027,756,874**	**3,479,099,095**	**6,624,040,005**	**3,307,074,735**	**5,977,154,356**	**3,463,356,628**	**6,593,314,673**
Operating expense								
Personnel expenses	1,257,608,356	2,291,659,503	948,579,305	1,924,000,590	1,252,143,708	2,279,224,236	948,564,504	1,920,094,878
Other operating expense	267,919,564	564,733,765	222,645,199	539,823,188	265,324,655	558,193,434	217,210,377	530,762,305
Depreciation & Amortization	148,177,353	282,666,928	236,626,979	303,450,725	147,966,546	282,269,709	236,355,924	302,913,783
Operating Profit	**1,657,775,904**	**2,888,696,678**	**2,071,247,612**	**3,856,765,502**	**1,641,639,826**	**2,857,466,977**	**2,061,225,823**	**3,839,543,707**
Non operating income	9,193,954	28,374,494	32,175,482	34,826,476	9,193,954	28,374,494	32,175,482	34,826,476
Non operating expense	-	6,715,021	-	-	-	6,715,021	-	-
Share of profit of associates	-	-	-	-	-	-	-	-
Profit before income tax	**1,666,969,858**	**2,910,356,151**	**2,103,423,094**	**3,891,591,978**	**1,650,833,780**	**2,879,126,450**	**2,093,401,305**	**3,874,370,183**
Income tax expense	**600,471,827**	**974,049,882**	**630,495,918**	**1,167,140,655**	**495,250,133**	**863,737,934**	**628,227,915**	**1,162,518,577**
Current Tax	549,880,830	923,458,885	630,495,918	1,167,140,655	545,841,130	914,328,931	628,227,915	1,162,518,577
Deferred Tax	50,590,997	50,590,997			(50,590,997)	(50,590,997)	-	-
Profit for the period	**1,066,498,031**	**1,936,306,269**	**1,472,927,176**	**2,724,451,323**	**1,155,583,647**	**2,015,388,516**	**1,465,173,390**	**2,711,851,606**
Condensed Consolidated Statement of Comprehensive Income								
Profit/Loss for the period	1,066,498,031	1,936,306,269	1,472,927,176	2,724,451,323	1,155,583,647	2,015,388,516	1,465,173,390	2,711,851,606
Other Comprehensive Income	1,387,803,090	1,387,803,090			1,387,803,090	1,387,803,090		
Total Comprehensive Income	**2,454,301,121**	**3,324,109,359**	**1,472,927,176**	**2,724,451,323**	**2,543,386,737**	**3,403,191,606**	**1,465,173,390**	**2,711,851,606**
Basic earnings per share		26.06		35.91		25.78		35.76
Diluted earnings per share		26.06		33.51		25.78		32.25
Profit attributable to:								
Equity holders of the Bank	2,454,301,121	3,324,109,359	1,472,927,176	2,724,451,323	2,543,386,737	3,403,191,606	1,465,173,390	2,711,851,606
Non-controlling interest	-	-	-	-	-	-	-	-
Total	**2,454,301,121**	**3,324,109,359**	**1,472,927,176**	**2,724,451,323**	**2,543,386,737**	**3,403,191,606**	**1,465,173,390**	**2,711,851,606**

Significant Ratios as per NRB Directive

Particulars	Group				Bank			
	Current Year		Previous Year Corresponding		Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this quarter(YTD)	This Quarter	Upto this quarter(YTD)	This Quarter	Upto this quarter(YTD)	This Quarter	Upto this quarter(YTD)
Capital Fund to RWA		12.27%		13.20%		12.27%		13.20%
Non-Performing Loan(NPL) to Total Loan		3.95%		2.79%		3.95%		2.79%
Total Loan Loss Provision to Total NPL		106.80%		122.35%		106.80%		122.35%
Cost of Funds		5.67%		7.43%		5.67%		7.43%
Credit to Deposit Ratio		75.61%		81.65%		75.61%		81.65%
Base Rate		7.90%		9.73%		7.90%		9.73%
Base Rate (Quarterly Average)		8.25%		9.29%		8.25%		9.29%
Interest Rate Spread		3.97%		4.06%		3.97%		4.06%

Statement of Distributable Profit or Loss
For the Quarter Ended On 29 Poush 2080 (14th January 2024)

Particulars	Amount (Rs.)
Opening Retained Earnings	**58,351,528**
Net profit or (loss) upto Second Quarter of F/Y 2080/81	**2,015,388,516**
1. Appropriations:	
1.1 Profit required to be appropriated to statutory reserve	**742,031,338**
a. General reserve	403,077,703
b. Capital redemption reserve	
c. Foreign exchange fluctuation fund	-
d. Corporate social responsibility fund	(152,541)
e. Employees' training fund	26,606,176
f. Other	
Debenture Redemption Reserve	312,500,000
1.2 Profit required to be transferred to Regulatory Reserve	**925,425,720**
a.Transferred to Regulatory Reserve	925,425,720
b.Transferred from Regulatory reserve	
Distributable Profit or (Loss)	**406,282,986**

Notes

1. The above financial statements have been prepared based on the Unified Directive 2080 issued by NRB and are NFRS compliant. The Bank has opted carve-outs on NFRSs as issued by The Institute of Chartered Accountants of Nepal whereever applicable.
2. Loans and Advances to customers include accrued interest and employee loans and are presented net of impairment charges. Higher of impairment charges calculated as per NFRS provision and NRB regulation has been charged to statement of profit or loss.
3. Group represents the Bank and its wholly owned subsidiaries RBB Merchant Banking Limited and R.B.B. Securities Company Limited.
4. Intra-group transactions have been eliminated in the above consolidated financial statements.
5 Staff Bonus calculated as per prevailing Bonus Act and Regulation has been included in personnel expenses.
6. Interest rate spread of FY 2080/81 Second Quarter has been calculated as per NRB Directive 2080.
7. Corresponding previous period figures have been regrouped/ rearranged/re-classified wherever necessary.
8. The above figures are subject to change based on the direction of statutory auditor and/ or regulator.
9. Above quarterly financial results are also available in the bank's website: www.rbb.com.np

एनआरएनले गऱ्यो ६ करोड ६६ लाखबराबरको सहयोग



नयाँ पत्रिका

विश्वका ५९ देशका महाधिवेशन प्रतिनिधिहरूले इतिहासमै पहिलोपटक अनलाइन मतदानमार्फत अध्यक्षमा डा. बद्री केसीसहितको नयाँ कार्यसमितिले काम थाल्न नपाउँदै आएका तमाम अड्चन र चुनौतीबीच विगत तीन महिनामा परोपकार, लगानी, संस्थागत विकासलगायतका मुद्दामा सकारात्मक काम र पहलहरू सुरु भएका छन् ।

गैरआवासीय नेपाल संघ (एनआरएन)को नयाँ नेतृत्वले नेपालका विभिन्न क्षेत्रमा ९० दिनमा करिब ६ करोड ६५ लाख ९१ हजार रुपैयाँबराबरको आर्थिक सहयोग गरेको जनाएको छ । नोभेम्बरमा डा. बद्री केसीको अध्यक्षतमा बनेको नयाँ कार्यसमितिले यसबीचमा मोबाइल ब्लडबस, अक्सिजन प्लान्ट स्थापना, जाजरकोट र रुकुम-पश्चिममा भूकम्पपीडितको सहयोग, खेल क्षेत्रलगायतमा आर्थिक सहयोग गरेको हो ।

गैरआवासीय नेपाली संघले कोशी प्रदेशको धरानमा, मधेश प्रदेशको जनकपुरमा मोबाइल ब्लडबस हस्तान्तरण गरेको छ । गैरआवासीय नेपालीहरूको सहयोगमा संकलित रकमबाट ७० लाख रुपैयाँ पर्ने एक-एकवटा मोबाइल ब्लडबस हस्तान्तरण गरिएको संघले जनाएको छ । आगामी २६ जनवरीमा लुम्बिनी प्रदेशमा पनि मोबाइल ब्लडबस हस्तान्तरण गर्ने तयारी गरिएको छ ।

नोभेम्बरमा गएको भूकम्प प्रभावित जाजरकोट र रुकुम-पश्चिममा पनि स्वास्थ्य शिविर सञ्चालन, छात्रछात्रालाई 'न्यानो कपडा' वितरण गर्नुका साथै करिब एक करोड २४ लाख ६८ हजारबराबरको भौतिक तथा आर्थिक सहयोग गरेको संघले जनाएको छ । धनगढीको सेती प्रादेशिक अस्पताल र कञ्चनपुरको महाकाली प्रादेशिक अस्पतालमा अक्सिजन प्लान्ट स्थापना गरेको छ ।

यसैबीच, टी-२० विश्वकपमा सहभागी नेपाली क्रिकेट खेलाडीको सहयोगका लागि १० लाख रुपैयाँ क्यानलाई हस्तान्तरण गरेको छ । त्यस्तै, नेपाली भलिबल राष्ट्रिय टिमलाई आठ लाख, छैटौँ एनआरएनए सुदूरपश्चिम फुटबल प्रतियोगितामा दुई लाख ५० हजार, पोखरा म्याराथनका लागि सात लाख ५० हजार, एनआरएनए इलाम गोल्डकपका लागि पाँच लाख रुपैयाँ आर्थिक सहयोग गरेको एनआरएनले जनाएको छ ।

वैदेशिक रोजगारीका क्रममा कंगोमा निधन भएका डोटीका सुरेश सिल्लाको परिवारको सहयोगार्थ गैरआवासीय नेपाली संघ, कंगोको सक्रियतामा संकलित २६ लाख ६१ हजार हस्तान्तरण गरिएको छ । यस्तै, कञ्चनपुरको झलारीस्थित कृष्ण वैजनाथ बहुमुखी कलेजका छात्राहरूको शौचालय निर्माणका लागि २० लाख रुपैयाँ सहयोग हस्तान्तरण गरिएको छ । सडक बालबालिकाको शिक्षा तथा बसोवासको सहयोगार्थ युसेफ नेपाल, भक्तपुरमार्फत सात लाख ५० हजार रुपैयाँ सहयोग प्रदान गरिएको छ ।

कैलाश हेलिकोप्टरले प्रिमियम मूल्यमा आइपिओ ल्याउने



काठमाडौं/ कैलाश हेलिकोप्टर सर्भिसेजले प्राथमिक सेयर निष्कासन (आइपिओ) जारी गर्ने भएको छ । कम्पनीले सय रुपैयाँ अंकित दरमा जारी पुँजी ३५ करोडको १० प्रतिशतले हुन आउने तीन लाख ५० हजार कित्ता सेयर ल्याउने भएको भएको हो । धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटललाई नियुक्त गरेको बैंकले जनाएको छ ।

कैलाश हेलिकोप्टरका प्रबन्ध सञ्चालक प्रतापजंग पाण्डे र मुक्तिनाथ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत कविन्द्रध्वज जोशीले धितोपत्र निष्कासनसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । निष्कासन हुने साढे तीन लाख कित्ता प्रिमियम मूल्यमा जारी गर्ने पनि कम्पनीले जनाएको छ ।

जलवायु असरबारे चौधरीको ध्यानाकर्षण

नयाँ पत्रिका

चौधरी ग्रुपका प्रबन्ध निर्देशक निर्वाण चौधरीले जलवायु परिवर्तनबाट नेपालजस्ता अल्पविकसित देशहरूले भोग्नुपरेको असरबारे विश्वको गम्भीर ध्यानाकर्षण गराएका छन् । स्विट्जरल्यान्डको डाभोसमा सम्पन्न 'वर्ल्ड इकोनोमिक फोरम'मा नेपाली निजी क्षेत्रको प्रतिनिधित्व गर्दै सहभागी भएका उनले विश्व जलवायु परिवर्तनको नकारात्मक असर दिन-प्रतिदिन चुनौती बन्दै गइरहेको बताए । जलवायु परिवर्तनको असर न्यून गर्न विकसित देशहरूको भूमिका अग्रणी रहने भएकाले साझा एजेन्डासहित सहकार्य गरेर अगाडि बढ्नुपर्ने उनको भनाइ थियो ।

विश्वका महत्त्वपूर्ण एजेन्डामाथि छलफल गरिने उक्त फोरममा नेपालको निजी क्षेत्रको तर्फबाट चौधरी एक्ला सहभागी हुन् । फोरमअन्तर्गतको 'अल्पाइन इकोनोमिज एट +२सी' सेसनमा बोल्दै उनले विश्वको औसत तापक्रम वृद्धिको असर नेपालजस्ता हिमाली र पर्वतीय मुलुकमा अझ बढी र छिटो देखापरेको हुनाले विश्वले जलवायु परिवर्तनलाई मुख्य चुनौतीका रूपमा लिनुपर्नेमा उनको जोड थियो । विश्वका सबैभन्दा प्रभावशाली राजनीतिक, व्यापारिक र सांस्कृतिक नेताहरू उपस्थित सो फोरमका विभिन्न प्यानलमा बोल्दै उनले जलवायु संकट न्यूनीकरणमा अन्तर्राष्ट्रिय संस्थाहरूको भूमिका महत्त्वपूर्ण रहनेमा ध्यानाकर्षण गराए ।

हिमाल आरोहणमा गेल्जे शेर्पालाई सघाउँदै माउन्टेन ड्यु

काठमाडौं/ माउन्टेन ड्युले आरोही गेल्जे शेर्पाको हिमाल आरोहण गर्ने सपनालाई साथ दिने भएको छ । शेर्पाले नेपालबाट आरोहण गर्ने ८,१८८ मिटरको चोयु हिमाल आरोहण गर्नेछन् । उनको यो आरोहण अभियान २०२५ लाई माउन्टेन ड्युले सघाउने जनाएको छ ।



पेप्सीको नेपालका एसोसिएट निर्देशक अनुज गोयलले सगरमाथा र अन्य थ्रुप्रै आरोहणमा उत्कृष्ट प्रदर्शन गरेका कारण विश्वभर ख्याति कमाएका गेल्जेलाई सहयोग गर्न पाउँदा आफूहरू उत्साहित भएको बताए । 'गेल्जेको आरोहण अभियान २०२५ लाई सक्रिय रूपमा हामीले साथ दिँदै छौं,' उनले भने ।

त्यस्तै, आरोही गेल्जेले माउन्टेन ड्युबाट पाइरहेको साथ-सहयोगप्रति आभार प्रकट गरे । 'हिमालमा हाम्रो शक्ति र सामर्थ्यलाई दर्साउने हामी शेर्पाका लागि यो एक उल्लेखनीय उपलब्धि हो,' उनले भने ।

विश्व बैंकका कन्ट्री डाइरेक्टर र योजना आयोगका उपाध्यक्षबीच भेटवार्ता

काठमाडौं/ राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठसँग विश्व बैंकका माल्दिभ्स, नेपाल र श्रीलंका हेर्ने कन्ट्री डाइरेक्टर फेरिस हदाद जेबौंसले भेटवार्ता गरेका छन् । शुक्रबार भएको भेटवार्तामा विश्व बैंकको कन्ट्री पार्टनरसिप फ्रेमवर्क (सिपिएफ) र नेपालको १६औँ विकास योजनाबीच कसरी तादात्म्य मिलाउने भन्ने विषयमा छलफल भएको बताइएको छ ।



योजना आयोगका उपाध्यक्ष श्रेष्ठले अब बन्ने १६औँ योजना पूर्वाधार, सामाजिक क्षेत्रलगायत खासगरी उत्पादन र रोजगारीमा केन्द्रित हुने बताए । यस्तै, विकास लागि भएका संरचनात्मक समस्याहरू पहिचान गरी समाधान गर्न १६औँ योजनाले विशेष ध्यान दिने पनि उनको भनाइ थियो । विश्व बैंकलगायतका विकास साझेदारहरूले नेपालका लागि गरेको सहयोगका लागि उनले जेबौंसलाई धन्यवाद दिए ।

गरिमा सरल एसएमई कर्जा सुरु

काठमाडौं/ गरिमा विकास बैंकले ५० लाखसम्मको गरिमा सरल एसएमई आवधिक र ओभरड्राफ्ट कर्जा सार्वजनिक गरेको छ । कर्जासम्बन्धी सम्पूर्ण कागजात पेस गरेको दुई कार्यदिनभित्र कर्जा स्वीकृत हुने बैंकले जनाएको छ । साथै, उक्त कर्जामा ०.७५ % तथा आवधिक कर्जामा १ प्रतिशत प्रिमियमका साथ नयाँ उद्यमीहरूलाई लक्षित गरी यो योजना सार्वजनिक गरिएको बैंकले जनाएको छ ।

योजनाअन्तर्गत व्यवसाय सुरुवात वा विस्तार गर्नका लागि यो कर्जा लिन इच्छुक ग्राहकले गरिमाका जुनसुकै शाखाबाट सेवा पाउने बताइएको छ । हाल बैंकले देशभर एक सय २३ शाखा कार्यालय, ५१ एटिएम र डिजिटल बैंकिङमार्फत सेवा प्रवाह गर्दै आइरहेको छ ।

सडक दुर्घटना...

पृष्ठ १ बाट क्रमशः

सञ्चालनका लागि न कानुन बनाइदिए, न बजेट नै विनियोजन गरे । यतिसम्म कि यातायात तथा यातायात मन्त्रालयमा राखिएको कार्यालयमा परिषद्को सचिवालय सञ्चालनका लागि समेत कर्मचारी छैनन् ।

यातायात मन्त्रालयका प्रवक्ता उमेशविन्दु श्रेष्ठले सडक दुर्घटना र मानवीय क्षति न्यूनीकरण गर्न सडक सुरक्षा परिषद् अत्यावश्यक रहेको, तर कानुन नहुँदा यसले काम गर्न नसकेको बताए । 'प्रत्येक वर्ष सरदर २४ हजार सवारी दुर्घटना हुन्छन् । जसमा दुई हजार पाँच सय जनाले ज्यान गुमाउँछन् । यो तथ्यांक त 'अन द स्पट' मर्नेको मात्रै हो । उपचारका क्रममा मर्नेको संख्या जोड्दा तथ्यांक अझ बढ्छ,' उनले भने, 'यसलाई न्यूनीकरण गर्ने भनेको सडक सुरक्षा परिषद्ले नै हो । यो गठन पनि भएको छ । सञ्चालनका लागि कानुन नै बनेको छैन । र, बजेट पनि छैन ।'

कानुन अभावले परिषद् सञ्चालन हुन नसकेपछि भौतिक मन्त्रालयले पटक-पटक पहल पनि गऱ्यो । यसैअनुसार कानुनको मस्यौदा तयार गऱ्यो । स्वीकृतिका लागि सरोकारवाला मन्त्रालयमा पनि पेस गऱ्यो । तत्कालीन संसद्को विकास समितिमा पनि यो विषय जोडतोडका साथ उठ्यो । कानुन बनाउन समितिले सरकारलाई निर्देशन पनि दियो । तर, कानुन निर्माणतर्फ सरकारको ध्यानै गएन, न आवश्यक बजेट नै विनियोजन गरिदियो ।

पछिल्लोपटक भौतिक मन्त्रालयले सडक सुरक्षा परिषद् का लागि आवश्यक कानुन समेटिएको विधेयक स्वीकृतिका लागि २३ असोज ०८० मा अर्थ मन्त्रालयमा पेस गरेको थियो । तर, मन्त्रालयले करिब चार महिना थन्क्याएर गत २० पुसमा उक्त विधेयक मन्त्रालयमा नै फर्काइदियो । विधेयक फिर्ता पठाउनुको मुख्य कारण आर्थिक दायित्व भनिएको छ ।

भौतिक मन्त्रालयका प्रवक्ता श्रेष्ठले सडक सुरक्षा परिषद्सम्बन्धी विधेयक अर्थबाट फिर्ता भएको बताए । उनले भने, 'सडक सुरक्षा परिषद् गठनसम्बन्धी विधेयक गत असोजमा नै स्वीकृतिका लागि अर्थमा पेस गरिएको हो, तर स्वीकृति दिएन । हामीकहाँ नै फिर्ता पठाइदिएको छ । फिर्ता पठाउनुका पछि अर्थले विविध कारण उल्लेख गरेको छ । जसमध्ये मुख्यचाहिँ आर्थिक भार नै हो ।'

अर्थले भौतिकलाई विधेयक फिर्ता पठाउनुको कारणमा भनिएको छ, 'सडक सुरक्षा परिषद्सम्बन्धी संरचनात्मक व्यवस्था दफा ३९ मा प्रस्ताव गरिएको कार्यकारी निर्देशक र दफा ४२ मा प्रस्ताव गरिएको कर्मचारीसम्बन्धी व्यवस्थालगायत संरचनात्मक प्रावधानले नेपाल सरकारलाई दीर्घकालीन दायित्व सिर्जना गर्ने देखिएकाले आव ०८०/८१ को बजेट वक्तव्यको बुँदा नं. ५० र हाल स्रोतमा परेको चापसमेतलाई मध्यनजर गरी नेपाल सरकारलाई दीर्घकालीन दायित्व सिर्जना गर्ने गरी नयाँ संरचना र थप दरबन्दी सिर्जना नगर्ने ।'

प्रस्तावित विधेयकमा सडक सुरक्षा परिषद्बारे के छ ?

भौतिक मन्त्रालयले सडक सुरक्षा परिषद् छुट्टै ऐनअन्तर्गत सञ्चालन हुनुपर्ने भन्दै आएको छ । सोहीअनुसार भौतिकले परिषद्का लागि छुट्टै ऐन बनाएको थियो । तर, पछि कानुन मन्त्रालयले सडक सुरक्षा परिषद् सार्वजनिक सडक ऐनअन्तर्गत नै समेटिइनुपर्ने राय दियो । सोहीअनुसार भौतिकले 'सार्वजनिक सडक ऐन, २०८० को विधेयक तयार गऱ्यो । र, परिषद्लाई सोही विधेयकअन्तर्गत समावेश गऱ्यो ।

प्रस्तावित विधेयकमा परिषद्को नेतृत्व भौतिक तथा यातायात मन्त्रालयका मन्त्रीले गर्ने भनिएको छ । जसमा सदस्य सोही मन्त्रालयका सचिवसहित अर्थ, स्वास्थ्य तथा जनसंख्या, गृह, सहरी विकास र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रहने भनिएको छ । त्यसबाहेक सडक सुरक्षाको क्षेत्रमा विज्ञता हासिल गरिएको एक विज्ञ पनि सदस्य रहने भनिएको छ ।

परिषद्ले गर्ने मुख्य काम सडक सुरक्षासम्बन्धी राष्ट्रिय लक्ष्य, उद्देश्य, नीति तथा रणनीति निर्धारण गर्ने, सडक सुरक्षासँग सम्बन्धित प्रचलित कानुनको प्रभावकारी कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहसँग समन्वय गर्ने, सडकको प्रकृति र प्रकारबमोजिम सडक दुर्घटना रोकथाम र न्यूनीकरणका उपाय सम्बन्धित तहलाई लागू गर्न सिफारिस गर्ने, सडक सुरक्षासँग सम्बन्धित प्रचलित कानुनमा गर्नुपर्ने सुधारबारे नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई सिफारिस गर्ने भनिएको छ ।

त्यसबाहेक परिषद्को वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, सडक सुरक्षासम्बन्धी नीति, कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कार्यकारी निर्देशकलाई निर्देशन दिने, सडक सुरक्षासम्बन्धी काम गर्ने विदेशी तथा अन्तर्राष्ट्रिय संघसंस्था तथा निकायसँग नेपाल सरकारको स्वीकृतिमा सम्बन्ध स्थापना गरी आपसी हितमा काम गर्ने पनि व्यवस्था गरिएको छ ।

त्यस्तै, सडक सुरक्षासम्बन्धी कार्यक्रम सञ्चालन गर्न सरकारी निकाय तथा गैरसरकारी संस्थाबीच आवश्यक समन्वय गर्ने, सडक सुरक्षासँग सम्बन्धित विषय सरोकारवाला निकायले पालना गरे-नगरेको सम्बन्धमा अनुगमन गर्ने-गराउने, परिषद्को कार्यसञ्चालनका लागि आवश्यक कर्मचारी प्रशासन तथा आर्थिक प्रशासनसम्बन्धी विनियम बनाई स्वीकृतिका लागि मन्त्रालयसमक्ष पेस गर्ने व्यवस्था पनि विधेयकमा उल्लेख छ ।

त्यसबाहेक संघ, प्रदेश तथा स्थानीय तहबाट आ-आफ्नो क्षेत्रभित्रको सडकको रेखांकन, डिजाइन, निर्माण तथा सञ्चालनको प्रत्येक चरणमा सडक सुरक्षा परीक्षण गराउने तथा गरे-नगरेको अनुगमन गर्ने, सबै तह तथा निकायबाट सडक निर्माण वा मर्मतसम्भार वा अन्य संरचनाको निर्माण वा विकास गर्दा कार्यस्थलको सुरक्षा (वर्क जोन सेफ्टी)को व्यवस्था गर्ने, सुरक्षित आवागमनको सुनिश्चितता गर्ने, अनुगमन गर्ने, राष्ट्रिय सडक सुरक्षा कार्ययोजनाअनुसारका कार्य कार्यान्वयनमा समन्वय तथा अनुगमन गर्ने र सडक सुरक्षासम्बन्धी मापदण्ड, कार्यविधि, निर्देशिका आदि सहित योजना, कार्ययोजना तयार गर्ने, कार्यान्वयनमा सहयोग गर्ने, अनुगमन गर्ने विधेयकमा व्यवस्था गरिएको छ ।

सडक दुर्घटना रोक्न सार्वजनिक सडक तथा सडकबरपर सवारीसाधन राख्ने, जनावर छोड्ने, अवरोध आउने संरचना जस्तै : ब्यानर, डिस्प्ले बोर्ड, होर्डिङ बोर्ड, टेन्ट, प्ल्याटफर्म, रोस्टम, सालिक बनाउने कार्यको रोकथाम गर्न, जनावर तथा सवारीसाधनको आवगमन रोक्न, सडकको छेउछाउमा भएको रूख, स्ट्रक्चर, घरहरूको निर्माण रोक्न, सार्वजनिक सडकको छेउबाट घरभित्र जाने र निस्कने व्यवस्था गर्न पनि विधेयकमा उल्लेख छ । सडक दुर्घटनाको उद्धार तथा उपचारका लागि संघ, प्रदेश तथा स्थानीय सडकमा उपयुक्त दूरीको अन्तरमा सडक एम्बुलेन्स सेवा र स्वास्थ्यसम्बन्धी व्यवस्था गर्न र प्रत्येक प्रदेशमा आवश्यकताअनुसार राष्ट्रिय लोकमार्गमा पर्ने सहरी क्षेत्रमा आधुनिक ट्रमा सेन्टरको स्थापना गर्ने व्यवस्था विधेयकमा उल्लेख छ ।

सवारी दुर्घटना हुँदा प्रत्येक वर्ष कुल जिडिपीको चार प्रतिशत घाटा

नेपाल इन्जरी अनुसन्धान केन्द्रको तथ्यांकअनुसार सवारी दुर्घटनाका कारण मुलुकले प्रत्येक वर्ष १२२.८८ मिलियन युएस डलर (१६ अर्ब नौ करोड ७२ लाख ८० हजार रुपैयाँ (हालको विनिमय दरअनुसार) गुमाउँदै आएको छ । यो भनेको कुल राष्ट्रिय उत्पादन (जिएनपी)को १.५२ प्रतिशत हो । नेपालमा प्रत्येक वर्ष सरदर दुई हजार पाँच सय ५५ जना (प्रतिदिन सातजना)ले सवारी दुर्घटनाका कारण ज्यान गुमाउने प्रहरीको तथ्यांकले देखाउँछ । क्षतिको यो तथ्यांक केन्द्रले प्रहरीमा दर्ता भएका घटनालाई मात्रै आधार मानेर निकालेको हो । केन्द्रका अनुसार प्रहरीमा कुल सवारी दुर्घटनाको १९.७ प्रतिशत मात्रै घटना दर्ता हुन्छन् ।

सवारी दुर्घटनाको क्षति विवरण निकाल्न केन्द्रले नेपाल प्रहरीमा सन् २०१७ मा भएको सवारीसाधन दुर्घटनाको तथ्यांकलाई आधार बनाएको थियो । यसका लागि केन्द्रले बेलायतस्थित युनिभर्सिटी अफ वेस्ट इंल्यान्डको सहयोग लिएको थियो । सवारी दुर्घटनाका कारण मुलुकले प्रत्येक वर्ष गुमाउने आर्थिक क्षति निकाल्न डाइरेक्ट मेडिकल कस्ट (प्रत्यक्ष) र इनडाइरेक्ट मेडिकल कस्ट (अप्रत्यक्ष)लाई आधार बनाएको थियो ।

केन्द्रका अनुसार डाइरेक्ट मेडिकल कस्टतर्फ मुलुकले प्रत्येक वर्ष ९१.५७ मिलियन युएस डलर (११ अर्ब १७ करोड १५ लाख ४० हजार रुपैयाँ) र इनडाइरेक्ट मेडिकल कस्टतर्फ ११.५० मिलियन युएस डलर (एक अर्ब ४० करोड ३० लाख रुपैयाँ) सवारी दुर्घटनाका कारण मात्रै मुलुकले गुमाउँदै आएको छ । केन्द्रका अनुसार सवारी दुर्घटनाका मृतक तथा घाइते हुँदा भएको खर्च, जीवनभर उसबाट हुन सक्ने आम्दानी, मृतक तथा घाइतेका परिवारले व्यहोर्ने आर्थिक क्षति, खर्च गरिएका समयजस्ता विषयमा अनुसन्धान गरिएको थियो ।

नेपाल इन्जरी अनुसन्धान केन्द्रका निर्देशक डा. सुनीलकुमार जोशीले नेपालमा प्रत्येक वर्ष भएका सवारी दुर्घटना र त्यसबाट भएको मानवीय क्षतिले मुलुकको कुल जिएनपीमा चार प्रतिशत क्षति पुग्ने बताए । 'प्रहरीमा दर्ता भएको तथ्यांकलाई मात्रै आधार मान्दा पनि दुर्घटनाबाट भएका क्षतिको कारण मुलुकले प्रत्येक वर्ष कुल जिएनपीको चार प्रतिशत क्षति व्यहोर्दै आएको छ,' उनले भने ।

राष्ट्रिय सभा निर्वाचनमा केन्द्रित सत्तागठबन्धन

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका



आसन्न राष्ट्रिय सभा निर्वाचनमा आफ्नो पक्षमा परिणाम ल्याउन सत्तागठबन्धन निर्वाचनकेन्द्रित बनेको छ । ११ माघमा राष्ट्रिय सभाका १९ सिट (एक मनोनीतसहित)का लागि निर्वाचन हुँदै छ ।

निर्वाचनका लागि गठबन्धन दलका संयुक्त र दलहरूका सबै संयन्त्र परिचालन भएका छन् । शनिबार काग्रेस प्रमुख सचेतक रमेश लेखक नेतृत्वको गठबन्धनको केन्द्रीय निर्वाचन समन्वय समिति बैठकले गठबन्धन दलहरूलाई छुट्टाछुट्टै र प्रदेश समन्वय समितिलाई परिपत्र गरेको छ ।

समितिका सदस्यसचिव केशव जोशीका अनुसार शनिबार बिहानको समन्वय समिति बैठकले उम्मेदवारका सुझावको विश्लेषणसहित यस्तो निर्णय लिएको हो । साथै, समितिका सदस्यसमेत समन्वय र सहजीकरणका लागि प्रदेशकेन्द्रित बन्ने भएका छन् । 'सातवटै प्रदेशका उम्मेदवारसँग जानकारी लिई सुझावबारे छलफल भयो,' सदस्यसचिव जोशीले भने, 'निर्वाचनका लागि समन्वय र सहजीकरण गर्न समितिका तर्फबाट प्रदेश जाने निर्णय भएको छ ।'

गठबन्धन दलको सातै प्रदेशमा काग्रेसको संयोजकत्वमा समन्वय समिति गठन गरेका छन् । समितिले निर्णयबारे सत्तागठबन्धन दलका सात शीर्ष नेतृत्वलाई जाकारी गराउँदै दलका संयन्त्रलाई निर्देशनका लागि अनुरोध गरेको छ । 'निर्णय कार्यान्वयन गर्न पार्टीको प्रदेश र जिल्लाका सम्बन्धित निकाय/पदाधिकारीलाई निर्देशन गरिदिन हुन अनुरोध छ,' संयोजक लेखकले पठाएको पत्रमा छ ।

गठबन्धनका काग्रेस दश, माओवादी ६, एकीकृत समाजवादी दुई र जसपा एक सिटसहित बाँडफाँट भएको छ । राष्ट्रपतिबाट मनोनीत एक सिटमा जसपा उपाध्यक्ष दुर्गा पौडेलको नाममा सहमति बनेको छ । सत्तागठबन्धनले लेखकको संयोजकत्वमा 'राष्ट्रिय सभा निर्वाचन केन्द्रीय समन्वय समिति' गठन गरेर गठबन्धनसँगको समन्वय गरिरहेको छ । समितिमा माओवादीबाट वर्षमान पुन, जसपाबाट मनीष सुमन, एकीकृत समाजवादीबाट डा. विजय पौडेल सदस्य छन् ।

शीर्ष नेताहरूले गठबन्धनका उम्मेदवारको पक्षमा मतदानका लागि संयुक्त वक्तव्य जारी गरेका छन् । साथै, गठबन्धनले निर्वाचनकेन्द्रित प्रदेश जिल्ला समन्वय समिति गठन गरी संयुक्त चुनाव प्रचारप्रसारदेखि मतगणनासम्मको तयारी थालेको छ । दलहरूले भ्रातृ संस्थालाई सशक्त रूपमा परिचालन हुन निर्देशनसमेत गरेको छ । सोहीअनुसार भ्रातृ संस्था परिचालित भइरहेका छन् । राष्ट्रिय सभामा अध्यक्षसहित एमालेका आठ, काग्रेस चार, माओवादीका तीन, एकीकृत समाजवादीका दुई, जसपाका एक र स्वतन्त्र दुईजना (एक मनोनीत)को कार्यकाल आगामी २० फागुनमा सकिँदै छ ।

चुनापछि बदलिन सक्छ राष्ट्रिय सभाको अंकगणित

निर्वाचन आयोगले सार्वजनिक गरेको मतभारका आधारमा गठबन्धनको मतभार बढी छ । सत्तारूढ गठबन्धन एकातिर र एमाले अर्कोतिर प्रतिस्पर्धामा उत्रिँदा मतदान हुन लागेका सबै सिटमा एमाले पछाडि छ । राष्ट्रिय सभामा ५९ सिट छन् । अहिले निर्वाचनमा आठवटै सिट गुमाएमा एमाले राष्ट्रिय सभामा पहिलो दलबाट तेस्रो दल बन्नेछ । हाल १७ सिटसहित राष्ट्रिय सभामा पहिलो दल रहेको एमाले आठ सिट गुमाउँदा नौ सिटमा खुम्चिन्छ । हाल १४ सिट रहेको माओवादी एमालेका तीन सिट थप गरेर पहिलो दल बन्नेछ । हाल १० सिटसहित दोस्रो स्थानमा रहेको काग्रेसले ६ सिट थप गर्दा राष्ट्रिय सभामा दोस्रो दलको हैसियत बनाउनेछ । तर, समग्रमा संघीय संसद् (राष्ट्रिय सभा र प्रतिनिधिसभा)मा भने एमालेको स्थान दोस्रो दलकै हैसियतमा रहनेछ ।

लापसे र मापसे गरेर सार्वजनिक सवारी चलाउने क्रम रोकिएन

काठमाडौं/ ट्राफिक प्रहरीले सवारी जाँच अभियान सञ्चालन गरेर चालकमाथि कारबाही गर्दा पनि लागुपदार्थ सेवन (लापसे) र मादक पदार्थ सेवन (मापसे) गरेर सार्वजनिक सवारीसाधन सञ्चालन गर्ने क्रम रोकिएको छैन । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले अझै पनि परीक्षणका क्रममा लापसे गरेर सवारी चलाउने चालक पक्राउ पर्ने क्रम जारी रहेको बताए । 'यसरी सवारीसाधान चालउँदा आफू त जोखिममा पर्छन् नै, उनीहरूका कारण यात्रु पनि जोखिममा पर्ने हुन्छ,' भट्टले भने, 'गाडी चलाउँदा मापसे, लापसे वा अन्य कुनै पनि नशालु पदार्थ लिनुहुन्न भन्ने सन्देश पुगेर पनि यो क्रम रोकिएको छैन ।'

लामो समयदेखि जाँच अभियान तीव्र पारिए पनि नशाको तालमा गाडी चलाउन नरोकिनु दुःखद विषय भएको प्रहरीको भनाइ छ । काठमाडौंको नागढुंगामा गरिएको जाँच अभियानका क्रममा लागुपदार्थ सेवन गरी सवारीसाधन चलाउँदै गरेका सातजना चालकलाई शुक्रबार ट्राफिक प्रहरीले नियन्त्रणमा लिएको छ । यसअघि पनि पटक-पटक चालकलाई नियन्त्रणमा लिएर कारबाही भएको थियो । तर, यो क्रम रोकिएको छैन ।

बा.२ख ४०१७ नम्बरको माइक्रोचालक कास्कीको पोखरा महानगरपालिका-१७ का २४ वर्षीय मिलन गिरी, ग.१ख २९७३ नम्बरको माइक्रोचालक पोखरा महानगरपालिका-१ का ३५ वर्षीय मीनबहादुर तामाङ, बा.३ख २१९५ नम्बरको माइक्रोचालक गोरखाका ३० वर्षीय हिमाल कोइराला लागुपदार्थ लिएर गाडी चलाइरहेका वेला पक्राउ परेका छन् ।

वीरका बिरामीका...

पृष्ठ १ बाट क्रमशः

अक्सिजन ग्यासका लागि कुनै पनि रकम विनियोजन गरिएको छैन ।

चार सय ६० बेड सञ्चालन गर्दा एक अर्ब ९७ करोडभन्दा बढी रकम विनियोजन गरिएको अवस्थामा बेड संख्या बढाएर नौ सय ६० पुऱ्याइएको छ । तर, बजेट घटाएर ७३ करोड बनाइएको छ । हाल अस्पतालको मासिक आम्दानी र खर्च बराबरी छ । मासिक तीन करोड आम्दानी हुन्छ भने खर्च पनि सोहीबराबर रहेको अस्पतालले जनाएको छ । अझ केन्द्रले दरबन्दी मिलान नगरेपछि आन्तरिक आम्दानीबाट तलब खुवाउने गरी स्वास्थ्यकर्मी तथा कर्मचारी थपिँदै आएका छन् ।

दुर्घटना नै...

पृष्ठ १ बाट क्रमशः

पाँच सदस्यीय समितिमा नेपाल प्रहरीका एआइजी, गृह र कानुन मन्त्रालयका सहसचिव सदस्य थिए । यातायात व्यवस्था विभागका महानिर्देशक सदस्यसचिव थिए । सो समितिले पहाडी तथा ग्रामीण सडकमा पुराना र थोत्रा सवारीसाधन नचलाउने सिफारिस गऱ्यो । सवारीसाधनको नियमित रूपमा ब्रेक, इन्जिन स्टेरिङ, पत्ता, टायरलगायत पटपुर्जा परीक्षण गर्नेलगायत सुझाव पनि प्रतिवेदनमा समेटिए, तर ती पनि कार्यान्वयनमा आएनन् ।

५ यातायात क्षेत्रमा देखिएका समग्र समस्या र विकृति पहिचान गर्न, सुझाव संकलन गर्न र समाधानका उपाय खोज्न १० कात्तिक ०७१ मा यातायात व्यवस्था विभागका तत्कालीन महानिर्देशक काशीराज दाहालको संयोजकमा अर्को समिति गठन भयो । सो समितिले सिन्डिकेट खारेज गर्ने र व्यवसायी तथा चालकलाई जिम्मेवार बनाउन हदैसम्मको कारबाही गर्ने निर्णय गऱ्यो । तर, प्रतिवेदन तयार नहुँदै दाहालको सरुवा भएपछि निर्णयमा मात्रै सीमित भयो ।

६ यति मात्र होइन, दुर्घटनाले निम्त्याएको चढ्दो मानवीय क्षतिको ग्राफ न्यूनीकरण गर्न ०७४ को संसद्ले सांसद गणेश पहाडीको संयोजकत्वमा अर्को ठूलो उपसमिति गठन गऱ्यो । संसद्को विकास तथा प्रविधि समितिमातहत गठन भएको समितिले दुर्घटना रोक्न विभागीय मन्त्रीको नेतृत्वमा शक्तिशाली सडक सुरक्षा परिषद् गठन गरिनुपर्ने सुझाव प्रस्तुत गऱ्यो । घाइतेको उपचारका लागि हरेक प्रदेशमा कम्तीमा एक ट्रमा सेन्टर राख्न सरकारलाई पटक-पटक निर्देशन दियो । २० वर्षभन्दा पुराना सवारीसाधनमा प्रतिबन्ध लगाउनुपर्ने भन्यो । प्रतिवेदनमा तराईका हरेक सय र पहाडका हरेक ५० किमि राजमार्गमा आकस्मिक उद्धार सेवा स्थापना गरिनुपर्ने, दुर्घटनापछि आकस्मिक उपचारका लागि हवाई एम्बुलेन्सको व्यवस्था हुनुपर्ने, लाइसेन्स वितरण प्रणाली समयसापेक्ष र विश्वसनीय बनाउनुपर्ने लगायत सुझाव प्रतिवेदनमा पेस भए । सोहीअनुसार सरकारले विभागीय मन्त्री र सचिवलाई कार्यकक्षमै बोलाएर पटक-पटक निर्देशन दियो । तर, दिइएकामध्ये कुनै पनि बुँदा कार्यान्वयनमा आउन सकेका छैनन् ।

सशस्त्र...

पृष्ठ १ बाट क्रमशः

सीमास्तम्भको भारतले मर्मत गर्दै आएको छ । नेपालले करिब दुई हजार दुई सय स्तम्भको मर्मत गर्दै छ ।

सीमा सुरक्षाका 'डेडिकेटेड फोर्स' रहेको सशस्त्र प्रहरीलाई ०७७ साउनमा सरकारले सीमास्तम्भको मर्मतसम्भार तथा पुनर्स्थापनाको जिम्मेवारी दिएको थियो । तर, यससम्बन्धी कार्यविधि नहुँदा काम सुरु हुन सकेको थिएन । यही वर्ष कार्यविधि स्वीकृत भएसँगै मर्मत सुरु भएको हो । सन् २०१४ मा दुई देशबीच २०२२ सम्म सुस्ता र कालापानीबाहेक क्षेत्रको सीमा समस्या समाधानको काम सकिने समझदारी भएको थियो । तर, कोरानालगायत कारणले लक्ष्यअनुसार काम हुन सकेन ।

साथै, सीमाका समस्या समाधानका लागि दुई देशबीच नापी विभागका महानिर्देशकको नेतृत्वमा रहेको सीमा कार्य समूहको बैठक पनि पाँच वर्षदेखि बस्न सकेको छैन । बैठक नबस्दा खोलाले बगाएका सीमास्तम्भ तथा विवादित ठाउँमा समस्या कायमै छन् । सीमा विवाद टुंग्याएर नक्सांकन गर्ने जिम्मेवारी सो संयन्त्रलाई दिइएको थियो । भारतकै अनिच्छाका कारण कार्य समूहको बैठक बस्न नसकेको गृह मन्त्रालयका अधिकारी बताउँछन् ।

सीमा सुरक्षालाई बलियो बनाउने उद्देश्यले सरकारले सीमामा सशस्त्रको परिचालन भने बढाएको छ । सीमामा सशस्त्र प्रहरीका बोर्डर आउटर पोस्ट (बिओपी) दुई सय ५३ पुगेका छन् । गत सातादेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमनमा पनि सशस्त्र प्रहरीको बेस सरकारको निर्णयअनुसार खटिएको छ ।

भारतबाट प्रवेश गर्नेलाई नेपालप्रति सकारात्मक छाप पार्न सीमा क्षेत्रमा सशस्त्र प्रहरीले सौन्दर्यीकरण र सरसफाइ अभियान सुरु गरेको छ । सशस्त्र प्रहरीका प्रवक्ता एसएसपी खड्का अनुसार बाँकेको जमुनाहा नाकाबाट सौन्दर्यीकरणको काम सुरु गरिएको छ । अन्य नाकामा पनि यसलाई निरन्तरतता दिइने उनले बताए । सौन्दर्यीकरणका साथ सीमामा सशस्त्र प्रहरीले नेपाल प्रवेश गर्नेलाई पिउने पानीलगायतको सुविधा दिन थालेको छ ।

त्यस्तै, २३औं सशस्त्र प्रहरी दिवसका अवसरमा सशस्त्र प्रहरीले क्विक इम्प्याक्ट प्रोजेक्ट (क्विआइपी) थालेको छ । सशस्त्र प्रहरी र नागरिकबीचको सम्बन्ध थप मजबुत गराउने उद्देश्यले यो कार्यक्रम देशैभरि सञ्चालन गरिएको प्रवक्ता खड्काले बताए । यसअन्तर्गत नागरिकलाई सुविधा हुने गरी सशस्त्र प्रहरीले विभिन्न सहयोग तथा निर्माणको काम गरेको छ । जसअन्तर्गत काठमाडौंमा पशुपतिनाथ मन्दिरमा ह्विलचेयर सहयोग गरेको छ भने गोलढुंगास्थित किरियापुत्री धाममा स्नानगृह निर्माण गरेको छ । ९ माघमा सशस्त्र प्रहरीले २३औं स्थापना दिवस मनाउँदै छ ।

Prequalification Notice

(Hydromechanical works of Nyadi Phidi Hydropower Project)

North Summit Hydro Ltd. (NSHL) intends to invite application for prequalification from competent national contractors for the Hydromechanical works of Nyadi Phidi Hydropower Project (21.4 MW), Lamjung, Nepal.

The prequalification documents can be collected from NSHL office or by sending request through email at n.s.hydro2016@gmail.com within 7 days of publication.

Documents dully filled and attached with relevant certificates as per prequalification documents must reach NSHL office on or before 5:00pm 5th February, 2024. Only prequalified contractors will be invited to bid.

North Summit Hydro Ltd.
Babarmahal, Kathmandu
Contact: 01-5319143/9851121726

हार्दिक समवेदना



जन्म: वि. स. २००८-०२-२९

स्वर्गारोहण: वि. स. २०८०-०९-२४

स्व. लक्ष्मी सुन्दर कर्माचार्य

हाम्रा श्रद्धेय प्रथीष्ठित उद्योगि तथा व्यवसायी आदरणीय **श्री माइकल कर्माचार्य** ज्यु को ममतामयी माता **श्रीमती लक्ष्मी सुन्दरी कर्माचार्य** को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पूण्यतिथीमा मृत आत्माको चिर शान्तिको कामना गर्दै परिवार जनमा भगवानले धैर्य धारण गर्ने शक्ति प्रदान गरोस भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

Turbo MEDIA PRIVATE LIMITED

कुमारी बैंक लिमिटेड शाखा कार्यालय शहिदचोक, नारायणगढको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/१०/०७ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी.बैंक लि.) शाखा कार्यालय शहिदचोक, नारायणगढबाट तपसिलमा उल्लेखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० माघ २२ गते सोमबार**का दिन शाखा कार्यालय शहिदचोक, नारायणगढमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीहरुको विवरण:

१. सुर्य नारायण श्रेष्ठको नाति, इन्द्र लाल श्रेष्ठको छोरा, चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०१ (साबिक चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. ०१) बस्ने **सुमन श्रेष्ठ** (ना.प्र.नं. १४२२३/०६०, जारी मिति २०६०/०१/१७, जिल्ला प्रशासन कार्यालय, चितवन) ।
२. इन्द्र लाल श्रेष्ठको नातिनी, सुमन श्रेष्ठको छोरी, चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०१ बस्ने **स्मारिका श्रेष्ठ** (ना.प्र.नं. ३५-०१-७७-०४०६७, जारी मिति २०७७/०८/२९, जिल्ला प्रशासन कार्यालय, चितवन) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. कृष्ण मान श्रेष्ठको नाति, सुर्य नारायण श्रेष्ठको छोरा, चितवन जिल्ला, भरतपुर उ.म.न.पा./गा.वि.स वडा नं. ६, स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०१ बस्ने **इन्द्र लाल श्रेष्ठ** (ना.प्र.नं. ३७२३, जारी मिति २०३७/०३/०१, जिल्ला प्रशासन कार्यालय, चितवन) ।
२. सुर्य नारायण श्रेष्ठको बुहारी, इन्द्र लाल श्रेष्ठको पत्नी, नवलपरासी जिल्ला गैडाकोट नगर/गाउँ पञ्चायत वडा नं. ८, स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०१ बस्ने **निर्मला श्रेष्ठ** (ना.प्र.नं. २३०९/३७२३, जारी मिति २०४५/०२/०५, जिल्ला प्रशासन कार्यालय, नवलपरासी) ।
३. इन्द्र लाल श्रेष्ठको बुहारी, एक नारायण श्रेष्ठको छोरी, सुमन श्रेष्ठको पत्नी, चितवन जिल्ला भरतपुर उ.म.न.पा/गा.वि.स वडा नं. १, स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०१ बस्ने **रत्ना देवी श्रेष्ठ** (ना.प्र.नं. १५०१९/०६१, जारी मिति २०६१/०१/१३, जिल्ला प्रशासन कार्यालय, चितवन) ।
४. सुर्य नारायण श्रेष्ठको नाति, इन्द्र लाल श्रेष्ठको छोरा, चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०१ (साबिक चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. ०१) बस्ने **सुमन श्रेष्ठ** (ना.प्र.नं. १४२२३/०६०, जारी मिति २०६०/०१/१७, जिल्ला प्रशासन कार्यालय, चितवन) ।

संस्थागत जमानीकर्ताहरुको विवरण :

१. स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १३८ बमोजिम, भरतपुर उ.म.न.पा. कार्यालय, भरतपुर चितवन अन्तर्गत मिति २०७२/०१/०३ मा प्रमाण पत्र नं. ३/६०४ कायम भई दर्ता रहेको चितवन जिल्ला, भरतपुर उ.म.न.पा. वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रहेको **स्मारिका कर्ता कलेक्सन** ।
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम, गैंडा

आइतबार ७ माघ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.इ.नि.इ.न. १७/०६९/७७०

टाइगर कप उपाधि हेल्प नेपाल र एपिएफलाई

महिलातर्फ विभागीय टोली एपिएफ क्लबले ह्याट्रिक उपाधि जित्दा हेल्प नेपाल पहिलोपटक च्याम्पियन

कास्कीमा **रोहितराज पराजुली**

हेल्प नेपाल स्पोर्टस् क्लब र विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबले टाइगर कप भलिबल प्रतियोगिताको उपाधि जितेका छन् । शनिबार पोखरा रंगशाला परिसरमा भएको पुरुषतर्फको फाइनल खेलमा हेल्प नेपालले आयोजक गण्डकी प्रदेशलाई ३-१ को सेटमा हरायो । तीन पाकिस्तानी खेलाडीको साथ पाएको हेल्प नेपालले खेलमा दबाब बनाएको थियो । टोलीले पहिलो सेट २५-१३ र दोस्रो सेट २५-१८ ले जितेको थियो । प्रतिस्पर्धात्मक बनेको तेस्रो सेट घरेलु टोलीले २६-२४ ले जितेको हो । चौथो सेटमा हेल्प नेपालले २५-१७ को सहज जित निकाल्दै प्रतियोगिताको ट्रफी पहिलो पटक उचालेको छ ।

जित सगै हेल्प नेपालले समूह चरणमा गण्डकीसँग भोगेको हारको बदला समेत लिएको छ । यसअघि हेल्प नेपाल र गण्डकी एउटै समूहमा रहेका थिए । समूह चरणको खेलमा गण्डकीले हेल्प नेपाललाई ३-२ को सेटले पराजित गरेको थियो । समूह चरणको खेलमा हेल्प नेपाल समूह विजेता र गण्डकी उपविजेता हुनै अन्तिम चरमा आफनो स्थान सुरक्षित गरेका थिए । सेमिफाइनलमा हेल्प नेपालले श्रीलंकाको आर्मी टीमलाई ३-१ र गण्डकीले एपिएफलाई सोझो सेटमा पराजित गरेका थिए । विजेता दुवै टोलीले समान पाँच लाख ५५ हजार तथा उपविजेताले दुई लाख ५५ हजार प्राप्त गरेका छन् ।



निरुता र फकर सर्वोत्कृष्ट

प्रतियोगिताको महिलातर्फ एपिएफकी निरुता ठगुन्ना र हेल्प नेपालका पाकिस्तानी खेलाडी फकर उद्दिन सर्वोत्कृष्ट खेलाडी घोषित भएका छन् । दुवै खेलाडीले जनही २५ हजार प्राप्त गरेका छन् । विधागततर्फको स्पाइकरमा एपिएफकी सरस्वती चौधरी र हेल्प नेपालका पाकिस्तानी मजहर अली, सेटरमा एपिएफकी जस्मिता महतो र हेल्प नेपालका पाकिस्तानी मोहमद कासिफ, ब्लकरमा आर्मीकी सुनिता खड्का र गण्डकीका रामास्वामी आङ् गामुथु घोषित भए । सर्भरमा न्यु डायमन्डकी बालमिका आचार्य र गण्डकीका हिमाल सुनारी, लिबेरोमा न्यु डायमन्डकी सलिना श्रेष्ठ र हेल्प नेपालका दीपक थापा तथा प्रशिक्षकमा एपिएफका महेश चौधरी र हेल्प नेपालका उत्सव खड्का घोषित भएका छन् । राउन्ड रोबिन पद्धतिमा १ माघदेखि सुरु प्रतियोगितामा महिला र पुरुष दुवै विधामा समान ६ टोली सहभागी भएका थिए ।



उपाधिमा एपिएफको ह्याट्रिक

महिलातर्फको उपाधि एपिएफले जितेको छ । चौथो संस्करणसँगै महिलातर्फ एपिएफले उपाधिमा ह्याट्रिक गरेको हो । एपिएफले यसअघि दोस्रो र तेस्रो संस्करणको उपाधि जितेको थियो । फाइनल खेलमा एपिएफले चन्द्रागिरि नगरपालिकाको न्यु डायमन्ड स्पोर्टस् क्लबलाई ३-० को सोझो सेटमा पराजित गरेको हो । दुवै टोली राष्ट्रिय खेलाडीले भरिएका थिए । एपिएफले खेल २५-२०, २५-१८ र २५-२१ ले जितेको हो । सरस्वती चौधरी, निरुता थगुन्ना चम्किएपछि एपिएफले सहज जित पाएको थियो । प्रतिभा माली, सलिना श्रेष्ठजस्ता खेलाडी टोलीमा रहेपछि न्यु डायमन्डले कमजोर प्रदर्शन गरेको थियो ।

यसअघि एपिएफ समूह 'ए' र डायमन्ड समूह 'बी'को विजेता बन्दै अन्तिम चारमा आफ्नो स्थान बनाएका थिए । सेमिफाइनलमा एपिएफले अर्को विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई ३-२ को सेट र न्यु डायमन्डले नेपाल पुलिस क्लबलाई ३-० को सोझो सेटमा पराजित गरेका थिए ।

एपिएफ र आर्मी तेस्रो

पुरुषतर्फ एपिएफ र महिलातर्फ आर्मीले तेस्रो स्थान हासिल गरेका छन् । तेस्रो स्थानका लागि शनिबार भएको खेलमा एपिएफले श्रीलंका टिमलाई सोझो सेटमा पराजित गऱ्यो । एपिएफ २५-२३, २५-२१ र २७-२५ ले विजयी भएको हो । महिलातर्फ तेस्रो स्थानका भिडन्तमा आर्मी ३-१ ले विजयी भयो । आर्मी २५-१७, १८-२५, २५-२० र २५- १९ ले विजयी भएको हो । तेस्रो हुने दुवै टोलीले समान एक लाख २५ हजार पाँच सय ५५ रुपैयाँ प्राप्त गरेका छन् ।

खेल संक्षेप

आरसिटीले ग्रासरुट फुटबल ट्रेनिङ गर्दै

काठमाडौं/ काठमाडौं महानगरको सहयोगमा अन्नपूर्ण आरसिटीले ग्रासरुट फुटबल ट्रेनिङको आयोजना गर्ने भएको छ । अर्को सातादेखि सुरु हुने यस प्रशिक्षण कार्यक्रम कम्तीमा ६ महिना चल्नेछ । प्रशिक्षण प्रत्येक शनिबार र बिदाका दिन सञ्चालन हुनेछन् । यसमा आठ देखि १४ वर्षसम्मका बालबालिकाले भाग लिन सक्नेछन् । सयजनाको सहभागिता रहने ट्रेनिङ एनसेल फुटबल मैदान लैनचोर र बाँसबारी खेल मैदानमा हुनेछन् । प्रशिक्षण कार्यक्रमको नेतृत्व वरिष्ठ प्रशिक्षक विराटकृष्ण श्रेष्ठले गर्नेछन् । उनको प्रशिक्षण समूहमा हरिओम श्रेष्ठ, चेतनारायण श्रेष्ठ, अर्जुन लामा, प्रकाश वैद्य, सुरेश शाही र दामोदर शिल्पकार पनि रहनेछन् । प्रशिक्षणमा सहभागी हुनेको बिमा पनि गरिनेछ ।

मैत्रीपूर्ण फुटबलमा सञ्चारकर्मी विजयी

काठमाडौं/ २३औँ सशस्त्र प्रहरी दिवस २०८० को उपलक्ष्यमा सशस्त्र प्रहरी बल नेपाल र सञ्चारकर्मीबीच मैत्रीपूर्ण फुटबल आयोजना सम्पन्न भएको छ । सशस्त्र प्रहरी बलको हलचोकस्थित एपिएफ रंगशालामा सम्पन्न खेलमा सञ्चारकर्मीको टोली २-१ ले विजयी भएको हो । पहिलो हाफमा १-१ गोलमा सकिँदा दोस्रो हाफमा सञ्चारकर्मी टोलीले थप एक गोल गरेको हो । पत्रकारको जितमा आशिष पुडासैनी र विवेश जेठाराले गोल गरे । एपिएफका लागि इन्सपेक्टर दिनेश खड्काले एक गोल फर्काए । पहिलो हाफमा आशिषको गोलमार्फत सञ्चारकर्मीले अग्रता बनाएका थिए । पहिलो हाफको अन्तिममा दिनेशको गोलमार्फत एपिएफ खेलमा फर्कियो । दोस्रो हाफमा मैदान प्रवेश गरेका विवेशले गोल गर्दै सञ्चारकर्मीलाई जित दिलाएका हुन् ।

सेब र हिमरश्मिलाई बास्केटबल उपाधि

काठमाडौं/ सेब र हिमरश्मिले सातौँ ओप्स खेलकुद महोत्सवअन्तर्गत बास्केटबल प्रतियोगिताको उपाधि शनिबार जितेका छन् । सेब पुरुष तथा हिमरश्मि महिलातर्फ च्याम्पियन बनेको थियो । डाँडागाउँस्थित हिमरश्मिको कोर्टमा भएको पुरुष फाइनलमा सेबले एन्जल्स हार्टलाई ४७-२३ ले पराजित गऱ्यो । सेबको जितमा विप्लव गुरुङले १८ अंक योगदान गरे । महिलाको रोमाञ्चक उपाधि भिडन्तमा खुसी अधिकारीको ६ अंक सहयोगमा हिमरश्मिले फेरिल्याण्डलाई १४-१० ले हरायो । हिमरश्मिले ८-० ले पछि परेको स्थितिलाई उल्ट्याउँदै उपाधि जित्न सफल भएको हो ।

यू-१९ विश्वकपमा नेपाल र न्युजिल्यान्ड भिड्दै

काठमाडौं/ आइसिसी यू-१९ एकदिवसीय विश्वकपको पहिलो खेलमा आज नेपालले टेस्ट मान्यताप्राप्त राष्ट्र न्युजिल्यान्डविरुद्ध प्रतिस्पर्धा गर्दै छ । शनिबारबाट दक्षिण अफ्रिकामा सुरु भएको १५औँ संस्करणमा आइपुग्दा नेपालको ठूलो उपलब्धि छैन । नेपालसहित विश्वका १६ देश उपाधि जित्ने लक्ष्यमा छन् । इस्ट लन्डनमा नेपाल र न्युजिल्यान्ड दुवैको लक्ष्य विजयी सुरुवात गर्ने रहेको छ । नेपालका कप्तान देव खनालले युवा टोलीबाट उत्कृष्ट प्रदर्शनको आशा गरेको बताएका छन् । उनले न्युजिल्यान्डको चुनौती सामना गर्न तयार भएको प्रतिक्रिया दिएका छन् ।

नेपाली टोलीमा देवसहित सिनियर टोलीबाट खेलेका गुल्सन झा छन् । दुई खेलाडीसँगै दीपक बोहरा, दिपेश कँडेल, अर्जुन कुमाल, आकाश त्रिपाठी, सुवास भण्डारीले सानदार प्रदर्शन गर्न सक्छन् । प्रशिक्षक जगत टमाटाको योजना पनि अनुभवी खेलाडीलाई लामो साझेदारी गराउनेमा रहेन । उनले खेलाडीलाई मानसिक रूपमा बलियो बनाएको बताउँदै आएका छन् । दक्षिण अफ्रिकाको पिच बलिङमैत्री भएकाले नेपाली ब्याटरलाई समस्या हुन सक्छ ।

तर, प्रशिक्षक टमाटाले त्यसलाई मध्यनजर गर्दै टोली तयार पारेका छन् ।

ओस्कार ज्याक्सनको कप्तानीमा न्युजिल्यान्ड पनि नेपाललाई कठिन मान्नेछैन । न्युजिल्यान्ड प्रतियोगिताको उपाधि दाबेदारमध्ये एक हो । समूह 'डी'मा नेपाल र न्युजिल्यान्डसहित पाकिस्तान र अफगानिस्तान छन् । तीन टेस्टविरुद्ध खेल्न नेपाललाई पक्कै सहज हुनेछैन । जसमा पाकिस्तान दुईपटकको च्याम्पियन हो । समूहका न्युजिल्यान्ड र अफगानिस्तान पनि उपाधिविहीन छन् । यसअघि पाकिस्तानले दुईपटक जित्दा भारतले सर्वाधिक पाँचपटक उपाधि जितेको छ । अस्ट्रेलियाले तीन तथा बंगलादेश दक्षिण अफ्रिका, वेस्ट इन्डिज र इंग्ल्यान्डले समान एकपटक जितेका छन् ।

यू-१९ विश्वकपमा नेपालले सातपटक सहभागिता जनाइसकेको छ । तर, यसपटक नेपाल आठ वर्षपछि प्रतियोगितामा सहभागी भएको हो । नेपालले गत वर्षको फागुनमा भएको यू-१९ एसिया छनोटको फाइनलमा संयुक्त अरब इमिरेट्स (युएई)लाई हराउँदै विश्वकपमा स्थान बनाएको थियो ।

प्रधानमन्त्री कपमा मधेशको तेस्रो जित

नयाँ पत्रिका

मधेश प्रदेशले प्रधानमन्त्री कप पुरुष राष्ट्रिय एकदिवसीय प्रतियोगितामा तेस्रो जित निकालेको छ । शनिबार कीर्तिपुरस्थित त्रिवि मैदानमा भएको खेलमा मधेशले कर्णाली प्रदेशलाई ६१ रनले पराजित गरेको हो । सुरुवाती ब्याटिङ गरेको मदेशले निर्धारित ५० ओभरमा ९ विकेट गुमाउँदा दुई सय ३१ रन बनायो । प्रत्युत्तरमा कर्णाली ४१.१ ओभरमा सबै विकेट गुमाउँदा मात्र एक सय ७० रन बनाउन सफल भयो ।

जितपछि मधेश पाँच खेलमा तीन जितसहित ६ अंक जोडेर तेस्रो स्थानमा उक्लिएको छ । पहिलो खेलमा कोशीविरुद्ध सात विकेटले जित निकालेको मधेशले त्यसपछि आर्मीसँग एक सय २६ रन र बागमतीविरुद्ध ८६ रनले पराजित भएको थियो । चौथो खेलमा एपिएफविरुद्ध पाँच विकेटले विजयी भएको हो । मधेशका कप्तान हरिशंकर शाहले शीर्ष चारमा रहन बाँकी खेलमा जित्नै पर्ने दबाब रहेको बताए । उनले शीर्ष चारको लक्ष्य राखेको प्रतिक्रिया दिएका छन् । 'हामीले दुई खेल हारिसकेका छौं । अब शीर्ष चारमा स्थान बनाउन बाँकी खेल राम्रो गर्नुपर्छ । त्यही योजनामा हुनेछौं,' उनले भने, 'मिहिनेत गरे जित्न सकिन्छ भन्ने आत्मविश्वास थियो । टोलीमा ट्यालेन्ट खेलाडी छन् । उनीहरूले अवसर पाए भविष्यमा राम्रो गर्नेछन् । साझेदारी राम्रो भएपछि राम्रो स्कोर बन्यो । साझेदारी राम्रो गर्न सकेन हरेक खेल राम्रो हुनेछ ।'



प्रतियोगितामा कर्णालीको यो दोस्रो हार हो । दुई खेलमा जित निकालेको कर्णाली चार अंकसहित सातौँ स्थानमा छ । पहिलो खेलमा गण्डकीविरुद्ध सात रनले विजयी भएको कर्णाली दोस्रो खेलमा सुदूरपश्चिमविरुद्ध एक सय ३४ रनले पराजित भएको थियो ।

तेस्रो खेलमा लुम्बिनीलाई ६० रनले हराएको हो । कर्णालीका कप्तान रवीन्द्रजंग शाही एकदिवसीय भन्दा टी-२० कै खेल प्रभाव देखिएको बताए । जसका कारण पूरा खेलमा टिक्न नसकेको उनको प्रतिक्रिया थियो ।

BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त वित्तीय संस्था
BFC

Head office :
Kamaladi, Kathmandu
Ph : 01- 4542461/62/63
E-mail : info@bestfinance.com.np

Unaudited Financial Results (Quarterly)

As at 2nd Quarter (2080/09/29) of the Fiscal Year 2080/81 (Poush)

Condensed Statement of Financial Position

As on Quarter Ended 29 Poush 2080 (14 January 2024) — *Amount in NPR*

Particulars	Second Quarter Ending 29th Poush 2080	Immediate Previous Year Ending 31st Ashadh 2080
Assets		
Cash and cash equivalent	480,829,292	207,761,998
Due from Nepal Rastra Bank	228,691,955	177,085,140
Placement with Bank and Financial Institutions	-	-
Derivative financial instruments	-	-
Other trading assets	-	-
Loan and advances to B/FIs	-	25,000,000
Loans and advances to customers	3,616,272,879	3,559,854,174
Investment securities	1,129,746,235	1,155,164,178
Current tax assets	56,586,012	47,394,722
Investment in susidiaries	-	-
Investment in associates	-	-
Investment property	301,368,236	213,306,661
Property and equipment	237,936,151	243,647,078
Goodwill and Intangible assets	4,082,143	4,056,471
Deferred tax assets	1,727,670	-
Other assets	160,252,971	143,365,922
Total Assets	**6,217,493,544**	**5,776,636,345**
Particulars	**Second Quarter Ending 29th Poush 2080**	**Immediate Previous Year Ending 31st Ashadh 2080**
Liabilities		
Due to Bank and Financial Instituions	40,068,409	218,940,868
Due to Nepal Rastra Bank	-	-
Derivative financial instruments	-	-
Deposits from customers	4,789,295,602	4,171,562,805
Borrowing	-	-
Current Tax Liabilities	4,648,959	13,665,943
Provisions	-	-
Deferred tax liabilities	-	4,185,478
Other liabilities	222,421,474	204,339,132
Debt securities issued	-	-
Subordinated Liabilities	-	-
Total liabilities	**5,056,434,444**	**4,612,694,226**
Equity		
Share capital	854,816,779	854,816,779
Share premium	14,947,992	14,947,992
Retained earnings	(306,837,897)	(238,729,133)
Reserves	598,132,224	532,906,480
Total equity attributable to equity holders	**1,161,059,099**	**1,163,942,118**
Non-controlling interest	-	-
Total equity	**1,161,059,099**	**1,163,942,118**
Total liabilities and equity	**6,217,493,544**	**5,776,636,345**
Contingent Liabilities and Commitment	**134,491,038**	**141,201,000**
Net assets value per share	**135.83**	**136.16**

Condensed Statement of Profit or Loss

For the Quarte Ended 29 Poush 2080 (14 January 2024) — *Amount in NPR*

Particulars	Current Year		Previous Year	
	This Quarter	Up to this quarter	This Quarter	Up to this quarter
Interest income	145,106,347	296,235,860	140,930,028	279,147,244
Interest expense	116,643,483	236,438,139	110,310,139	210,518,798
Net interest income	**28,462,864**	**59,797,721**	**30,619,889**	**68,628,446**
Fee and commission income	5,004,999	9,792,683	3,865,764	8,012,143
Fee and commission expense	-	-	-	-
Net fee and commission income	**5,004,999**	**9,792,683**	**3,865,764**	**8,012,143**
Net interest, fee and commission income	**33,467,863**	**69,590,404**	**34,485,653**	**76,640,589**
Net trading income	-	-	-	-
Other operating income	5,175,562	20,296,288	15,014,140	62,217,248
Total operating income	**38,643,425**	**89,886,692**	**49,499,793**	**138,857,837**
Impairment charge/(reversal) for loans and other losses	(50,311,811)	(9,096,986)	5,538,505	36,992,957
Net operating income	**88,955,236**	**98,983,678**	**43,961,288**	**101,864,880**
Operating expense				
Personnel expenses	20,650,123	40,854,558	18,282,252	42,477,917
Other operating expenses	15,005,090	29,499,333	15,882,517	28,697,017
Depreciation & Amortisation	3,911,585	7,769,209	3,377,090	6,297,333
Operating Profit	**49,388,438**	**20,860,578**	**6,419,429**	**24,392,613**
Non operating income	-	8,705,000	20,000	20,000
Non operating expense	14,069,048	14,069,048	-	-
Profit before income tax	**35,319,390**	**15,496,530**	**6,439,429**	**24,412,613**
Income tax expense	4,648,959	4,648,959	2,670,686	14,710,337
Current Tax	4,648,959	4,648,959	2,670,686	14,710,337
Deferred Tax	-	-		
Profit/(loss) for the period	**30,670,431**	**10,847,571**	**3,768,743**	**9,702,276**
Condensed Consolidated Statement of Comprehensive Income				
Profit/(Loss) for the period	30,670,431	10,847,571	3,768,743	9,702,276
Other Comprehensive Income	10,951,939	(13,797,345)	7,735,436	(83,361,021)
Total Comprehensive Income	**41,622,370**	**(2,949,774)**	**11,504,179**	**(73,658,745)**
Earnings per share				
Basic earnings per share	2.54	2.54	2.34	2.34
Diluted earnings per share	2.54	2.54	2.34	2.34
Profit attributable to:				
Equity holders of the Bank	41,622,370	(2,949,774)	11,504,179	(73,658,745)
Non-controlling interest	-	-	-	-
Total	**41,622,370**	**(2,949,774)**	**11,504,179**	**(73,658,745)**

Ratios as per NRB Directives

Particulars	Current Year		Previous Year	
	This Quarter	Up to this quarter	This Quarter	Up to this quarter
Capital Fund to RWA		17.43%		21.84%
Non-performing loan (NPL) to total loan		3.32%		4.05%
Total Loan Loss Provision to Total NPL		115.55%		84.84%
Cost of Funds		10.22%		11.20%
Credit to Deposit Ratio		74.91%		82.13%
Base Rate		14.02%		14.95%
Interest Rate Spread		4.51%		4.53%

Details about the distributable profit

Amount in NPR

Opening Reatined Earnings	**(238,595,035)**
Add :	
Net Profit or (Loss) As per Statement of Profit or Loss	**10,847,571**
1. Appropriations	**79,090,433**
1.1 Profit required to be appropriated to:	2,277,990
a. General Reserve	2,169,514
b. Capital Redemption Reserve	-
c. Exchange Fluctuation Fund	-
d. CSR Fund	108,476
e. Employees Training Fund	-
f. Other	-
1.2 Profit required to be transferred to Regulatory Reserve:	76,812,443
a. Transferred to Regulatorly Reserve	76,812,443
b. Transferred from Regulatory Reserve	
Net Profit for the period ended 2nd quarter available for distribution	**(306,837,897)**

Notes to Financial statements

1. Above Financial statements are prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs as issued by ICAN.
2. These figures may vary with the audited figures at the instance of external auditor and/or regulator.
3. Figures have been regrouped and rearranged wherever necessary.
4. Loans and Advances consists of accrued interest receivable net of interest suspense and have been presented in net of any impairment.
5. Loans and Advances to customers include loan to customers and loan to Employees which have been measured at amortised cost.
6. Personnel expenses include employee bonus provision.
7. NFRS adjustment which are subject to regulatory adjustments as per NRB directives have been shown as regulatory adjustments.
8. Other Comprehensive income includes the fair value changes of items precribed by NFRS net of tax.
9. The detailed interim report has been published in finance websites www.bestfinance.com.np.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को (नियम ३६ को उपनियम (१) संग सम्बन्धित)

आ.व. २०८०/०८१ को दोस्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण:**

क. त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण:

आ.व. २०८०/०८१ को दोस्रो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ र सो विवरण यस वित्तीय संस्थाको वेवसाईट www.bestfinance.com.np मा राखिएको छ ।

ख. प्रमुख वित्तीय अनुपातहरु:

प्रति शेयर आम्दानी	: २.५४
पि.ई अनुपात	: १३२.५९
प्रति शेयर नेटवर्थ	: १३५.८३
प्रति शेयर कुल सम्पत्तिको मुल्य	: ७२७
तरलता अनुपात	: ३२.९१

२. **व्यवस्थापकीय विश्लेषण:**

क. यस त्रयमासमा संस्थाको निक्षेप र कर्जामा वृद्धि भएको छ । आगामी दिनहरुमा कर्जा असुलीको प्रक्यालाई थप प्रभावकारी बनाइनेछ ।

ख. संस्थाको कर्जा तथा निक्षेप र प्राथमिक पुंजीको अनुपातको साथै पर्याप्त तरलतालाई मध्य नजर गरी संस्थाको मुनाफामा वृद्धि गर्न उत्पादनशील क्षेत्रमा कर्जा वृद्धि गर्ने लक्ष्य लिएको छ ।

ग. यस संस्थाको नगद मौज्दात, नाफा नोक्सान वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने कुनै खास घटना वा अवस्था हाल रहेको छैन ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण:**

क. यस अवधिमा संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन ।

ख. यस अवधिमा संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी वा आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

क. यस वित्तीय संस्थाको शेयर मुल्य धितोपत्र बजारको नीति नियम अनुसार खुल्ला बजारले निर्धारण गर्ने गरेको र सोही अनुसार नै कारोबार हुने गरेको छ ।

ख. यस अवधिको शेयर कारोबार देहाय बमोजिम रहेको छ ।

शेयरको अधिकतम मुल्य	: रु. ३५१.१०
शेयरको न्युनतम मुल्य	: रु. २८४.००
अन्तिम मुल्य	: रु. ३३६.५०
कारोबार भएको कुल दिन	: ४९
कारोबार संख्या	: ४,४४,५९०

५. **समस्या तथा चुनौती:**

यस संस्थालाई नेपालको वित्तीय बजारमा एक सबल वित्तीय संस्थामा परिणत गर्न विद्यमान मानव संसाधन तथा अन्य साधनहरुको यथोचित व्यवस्थापन गरी कुशलतापुर्वक अघि बढ्न पर्ने स्थिति रहेको छ । यसका लागि आई पर्ने समस्या तथा चुनौति समाधानका उपायहरुबारे संस्थाले समय समयमा समीक्षा गरी रणनीती समेत बनाई सोको सहजिकरणको उपाय अवलम्बन गर्ने गरेको छ । देशको अर्थतन्त्रका बाह्य क्षेत्रमा देखिएको चाप र बजारमा देखिएको तरलताको प्रभावलाई समेत विश्लेषण गरि आवश्यक रणनीती अवलम्बन गरिने छ ।

६. **संस्थागत सुशासन:**

संस्थाले नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायहरुद्वारा जारी गरिएका संस्थागत सुशासन सम्बन्धी व्यवस्थाको पालना गरिएको छ । संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा समय समयमा संस्थाको कर्मचारीहरुलाई आन्तरिक र बाह्य प्रशिक्षण तथा तालिम गर्ने गराउने गरिएको छ । संस्थागत सुशासन पालना सम्बन्धी क्यांकलापको अनुगमन गर्न लेखापरिक्षण समिति लगायतका अन्य उप समितिहरु गठन गरिएको छ । संस्थाको आन्तरिक लेखापरिक्षण नियमित रुपमा गर्ने गरिएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणा:**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तर दायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पुर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com